# पहिलो परिच्छेद

## शोध परिचय

### १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक *कवि सगुन सुसराको जीवनी, व्यक्तित्व* र *कृतित्वको अध्ययन मूल्याङ्कन* रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय श्री महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीया वर्ष दशौं पत्रको प्रयोजनार्थ तयार पारिएको हो ।

### १.३ समस्या कथन

सगुन सुसाराले चारवटा कृतिहरूको प्रकासन गरेका[१] तथा साहित्यिका साथै समाजका विविध क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् ।[२]

सगुन सुसाराले चारवटा कृतिहरूको प्रकाश गरी कथा कविता गजल ताङ्काका साथै समाजका विविध क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । यसमा उनको जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धी निम्नलेखित समस्याहरूमा केन्द्रित रहेर सोध कार्य गरीनेछ ।

क. सगुन सुसाराको जीवनी र व्यक्तित्व कस्तो छ ?

ख. सगुन सुसाराको कृतिहरू के कस्ता छन् ?

ग. सगुन सुसारालाई नवोदित कवि मान्ने आधारहरू के के हुन् ?

घ. सगुन सुसाराले आख्यान र कविता विधामा पुऱ्याएका योगदान के-के हुन् ?

---

[१]. सगुन सुसारा 'मिथक, विम्व र प्रतीक' (२०६८) अन्तिम पृष्ठ ।

[२]. शोध नायकद्वारा प्राप्त जानकारी (२०६९।०९।११) पाँचथर (फिदिम) ।

## १.४ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्यहरूलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

क. सगुन सुसाराका जीवनी र व्यक्तित्वको व्याख्या विश्लेषण गर्न ।

ख. सगुन सुसाराका कृतिहरूको व्याख्या विश्लेषण गर्न ।

ग. सगुन सुसारालाई नवोदित कवि मान्नु पर्ने आधारहरूको निरूपण गर्न ।

घ. सगुन सुसाराले आख्यान तथा कविता विद्यामा पूऱ्याएको योगदानको निरूपण गर्न ।

## १.५ पूर्वकार्यको समीक्षा

सगुन सुसाराको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विभिन्न विद्वान तथा समालोचकहरूद्वारा लेखित कृतिहरूको भूमिकाका साथै विभिन्न पत्रपत्रिकाहरूमा चर्चा परिचर्चा गरीएतापनि सगुन सुसाराको जीवनी, व्यक्तित्व र कृतित्वको सघन र गहन व्याख्या र विश्लेषण गरीएको पाईन्दैन । उनका विषयमा भएका केही पूर्व चर्चाहरूलाई प्रस्तुत शोधकार्यमा सहयोगी ठानी क्रमिक रूपमा निम्नानुसार उल्लेख गरिएको छ ।

क) देवेन्द्र वस्नेतको श्रद्धाको फूल (२०५६) कथा संग्रह माथि शुभकामना मन्तव्य दिने क्रममा साहित्यिक संसारमा यात्रा गर्न पहिलो कदमको रूपमा आउन लागेका नेपाली कथा सङ्ग्रहका कथाकार सगुन सुसारा[३] भनी सफलताको शुभकामना दिएका छन् ।

ख) राम अविकासले श्रद्धाको फूल (२०५६) को कृति समीक्षा गर्ने क्रममा यस सङ्ग्रह भित्र सङ्ग्रहीत कथाका सबल र दुर्वल पक्षहरूको विश्लेषण गरी कथा तत्वका आधारमा यी कथाहरू कम्जोर रहेका छन्[४] भनेका छन् ।

ग) थाम्सुहाङ पुष्प सुब्बाले माङ्फूलको कायाकल्प (२०६४) को भूमिका लेखनका क्रममा स्वायत्वता बोधताको उत्तरवर्ती आन्दोलनका एक प्रखर र शसक्त साहित्यिक चिन्तक अग्रगामी कवि सगुन सुसाराले ल्याएको बोध मलाई भयो[४] भनी भनेका छन् ।

---

३. देवेन्द्र वस्नेत 'श्रद्धाको फूल' (२०५६) भूमिकाको अग्रपृष्ठबाट ।

४. थाम्सुहाङ पुष्प सुब्बा 'माङफुनको कायाकल्प' (२०६४) अन्तिम पृष्ठको टिपणीबाट ।

घ) डा. गोविन्दराज भट्टराईले माङ्फूलको कायाकल्प (२०६६) कविता सङ्ग्रहको उत्तरआधुनिक चिन्तन कविता प्रयोगमा उत्रिएका कवि भनी[५] सामीक्षात्मक निष्कर्ष दिएका छन् ।

ङ) अमर लिम्बुले माङफूलको कायाकल्प (२०६४) कविता सङ्ग्रह एक प्रखर कविको उत्तरवर्ती सोचका मान्यता अनुरूपको शसक्त कविता सङ्ग्रह हो[६] भनी समीक्षात्मक टिप्पणी गरेका छन् ।

च) सङ्गम सुहाङले मलाई माया गर्ने मान्छे (२०६६) गजल सङ्ग्रहको भूमिका लेखनका क्रममा नानु परम्परावादी नियम लेखनको विरुद्धमा आएको नितान्त नयाँ प्रयोग हो ।[७] 'नानु' यो काव्य कै केन्द्रीय पात्र र नायीका दुवै हो[८] भनी भनेका छन् ।

प्रस्तुत माथिका विद्वान तथा समालोचकहरूले सगुन सुसाराको जीवनी, व्यक्तित्व र कृतित्वको विषयलाई लिएर छिट्फूटरुपमा मात्र अध्ययन विश्लेषण भएकाले यिनको जीवनी व्याक्तित्व र कृतित्वको विस्तृत अध्ययन विश्लेषण यस शोध पत्रमा गरिएको छ ।

## १.६ शोधको औचित्य,महत्त्व र उपयोगिता

सगुन सुसाराको जीवनी व्याक्तित्व र कृतित्वको विषयलाई लिएर फाट्फुटरुपमा अध्ययन भए पनि व्यापक व्याख्या र विश्लेषण हालसम्म भएको नपाइएकाले[९] 'सगुन सुसाराको जीवनी, व्यक्तित्व, कृतित्यको अध्ययन र विश्लेषण' शीर्षक राखी सोधकार्य गर्न औचित्य पूर्ण छ । यसका साथै उनका बारेमा विस्तृत अध्ययन गर्न चाहानेहरूका लागी र यीनलाई कविव्यक्तित्वको रुपमा स्थापित गर्न उपायोगी रहने छ ।

## १.७ प्राक्कल्पना

प्रस्तुत शोधपत्रको प्राक्कल्पनाको रुपमा सगुन सुसारा एक नवोदित कवि व्यक्तित्वको रुपमा स्थापित हुने छन् ।

---

[५]. गोविन्दराज भट्टराई 'सुम्हालुङ्ग' वर्ष १२ अंक -६ पृष्ठ : ३५ ।

[६]. मंअर लिम्बु, पाँचथर टाईम्स (२०६६) वर्ष - ८, अंक - २, पृष्ठ ..... ।

[७]. संगम सुहाङ 'मलाई माया गर्ने मान्छे' (२०६६) अन्तिम पृष्ठ टिप्पणीबाट ।

[८]. ऐजन ।

[९]. शोधनायकद्वारा प्राप्त जानकारी (२०६९।०९।१२), पाँचथर (फिदिम) ।

## १.८ सीमाङ्कन

प्रस्तुत शोधकार्य सगुन सुसाराको जीवनी, व्यक्तित्व, कृतित्वको परिचय, मूल्याङ्कन र विश्लेषणमा केन्द्रित रहने छ भने उनका अन्य फुट्कर तथा अप्रकाशित पुस्तकाकार रचनाहरू यस सोध प्रतिवेदनमा विश्लेषण गरीएको छैन ।

## ९. सामग्री सङ्कलन विधि

प्रस्तुत शोध पत्र तयार पार्नका लागि सामग्री सङ्कलन गर्दा आवश्यकता अनुसार प्रथामिक तथा द्धितीया दुबै स्रतहरुको प्रयोग गरिएको  छ ।

## १०. सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधपत्रमा संकलित सामग्रीको विश्लेषण तथा व्यवस्थापनका लागि तुलनात्मक र व्याख्यात्म विधिको उपयोग गरिएको छ ।

## ११. शोधपत्रको रूपरेखा

यस सोध पत्रलाई सुगठित र व्यवस्थित रूपमा तयार पार्नका लागि निम्न लेखित परिच्छेदमा वर्गीकरण गरी अध्ययन तथा विश्लेषण गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : सगुन सुसाराको जीवनी

तेस्रो परिच्छेद : सगुन सुसाराको व्यक्तित्वको निरूपण

चौथो परिच्छेद : साहित्य सिद्धान्त तथा सगुन सुसाराको साहित्य यात्रा, चरण विभाजन, प्रवृत्ति र योगदान

पाँचौ परिच्छेद : सगुन सुसाराको कृतिहरूको विश्लेषण र मूल्याङ्कन

छैटौं परिच्छेद : उपसंहार

✡✡✡

# दोस्रो परिच्छेद

# सगुन सुसराको जीवनी

## २.१.पृष्ठभूमी

मानिस जन्मन्छ र मर्छ । यो प्रकृतिको अनिवार्य नियम हो ।[१०] यही जन्म र मृत्युको बीचको मानवीय अस्तित्वको समय अवधिलाई मानव जीवन भन्ने गरिन्छ ।[११] यी मानव जीवनका विभिन्न अवस्था छन् । बाल्य अवस्था, युवा अवस्था र बृद्धा अवस्था यी मानवीय पूर्ण जीवनको मुख्य अवस्था हुन् । यस अवस्था भित्र अन्य अरु अवस्था पनि रहेका हुन्छन् । तर पनि मूलभूत रुपमा बाल्य अवस्था देखी बृद्ध अवस्था सम्मको समय नै पूर्ण जीवनको पूर्ण अवस्था हो ।

पूर्ण मानव जीवन कालमा वा बाल्य अवस्थादेखि मृत्यू पर्यान्त बृद्ध अवस्थासम्म पनि मानिसले आफ्ना वा अरूका लागि समेत केहीन केही कार्य गरेकै हुन्छ । यसरी जीवन पर्यान्त मानव जीवनका विविध आवश्यकता, समय, परिस्थिति तथा क्षेत्रका आधारमा मानवीय कृयाकलापको विषय वस्तुलाई मानवीय सुविधाको लागि वर्गीकरण गर्न सकिन्छ । यसरी मानव जीवनका विविध समस्याहरूको निराकरण गर्दै अगाडि बढ्ने क्रममा मानवले गरेको विविध कामको आधारमा कोही कृषक, कोही कवि, कोही इन्जिनियर, दार्शनिक आदि-आदि भनी वर्गीकरण गर्ने परम्परा रहेको छ ।

मानवीय जीवन अवधिको कुनै सुनिश्चितता छैन । तर पनि ऊ जन्मेपछि मृत्युसम्मको समय उसको जीवन हुने र जीवनका विविध पाटाहरूलाई समेटेर विभिन्न जीवन अवधिमा गरीने कार्य सम्पादन वा कृयाकलापलाई समेटेर वा कुनै व्यक्तिको जीवन अवधिमा उसले गरेको कृयाकलापको मुख्य घट्नावलीहरूलाई समेटेर तयार पारिएको खाकालाई त्यस व्यक्तिको जीवनी भनीन्छ, जुन सत्य , तथ्य र निश्चित कालक्रमका आधारमा क्रियाकलाप वा घटनावली समेटिएको हुन्छ । व्यक्तिको यही जीवनका कार्य तथा

---

[१०]. दिलिप राई 'के. पि. राई' सृजन सिरिषको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण (२०६०) ।

[११]. ऐजन ।

तथ्य निरुपणका क्रममा उसको लगाव, योगदान कार्यक्षेत्रको आधारमा विविध व्यक्तित्वहरू छुटिन्छन् र स्तर निर्धारण समेत हुने गर्दछ ।

## २.२.सगुन सुसाराको वंश परम्परा

कुनै पनि वस्तु वा प्राणी वर्तमान अवस्थासम्म आईपुग्नका लागि आफ्नै किसिमको लामो पुस्तागत सृङ्खला पार गर्नु पर्ने भए झैं मानवीय प्राणी पनि यसबाट अछुतो छैन । यही मानवीय विकासक्रममा देखापरेको पुस्तागत सृङ्खलालाई नै वंश परम्परा भनिन्छ । यसै प्रसंगमा यहाँ पूर्वी नेपालको पाँचथर जिल्ला, रवी -८ (थामथुम) मा जन्मिएका सगुन सुसाराको आफ्नै किसिमको वंश परम्परा रहेको छ । जस अनुसार यीनी लासा गोत्रद्वारा आएका हुन् ।[१२] लासा गोत्रबाट छुटिएर खिखाम रावाखोला आसपासमा बसोबास गर्ने खिखाम साम्पाङ र यिनका सन्तान राना साम्पाङ र भालू साम्पाङ नै यिनका आदि पूर्खा हुन् ।[१३] यीनै आदि पूर्खा खिखाम साम्पाङका राना साम्पाङ तर्फका फौदसिं र यिनका दुई सन्तान बालकुमार र सुरमणी भए ।[१४] यी मध्ये बालकुमारका सन्तानहरू फलामसिं र लाहासिं भए ।[१५] लाहासिं अन्तरर्गतका ५ छोरा र ४ छोरी मध्ये कै जेष्ठ सन्तानका रूपमा सगुन सुसाराको जन्म भएको थियो । यिनका ४ भाईहरू सूर्य, कुमार, श्रीजङ्ग र रत्न (पदम) तथा ४ बहिनी सुमिता, प्रस्मीता, प्रियाङ्का र स्नेहा सम्पाङ राई रहेका छन् ।[१६] यसका साथै हाल सगुन सुसारा र सुजताको कोखबाट जन्मिएकी नायूया (छोरी) एक सन्तानका रूमा रहेकी छन् ।[१७]यीनको यो वंश परम्पराको आरेखलाई निम्नानुसार देखाइएको छ ।

---

१२. शोधनायकबाट प्राप्त जानकारी (२०६९।०९।११) पाँचथर फिदिम ।


१३. ऐजन ।

१४. ऐजन ।

१५. ऐजन ।

१६. ऐजन ।

१७. ऐजन ।


खिखाम
राना साङ्पाङ
भालु साङपाङ
फौद सिं
बलकुमार
सुरमणि
फलाम सिं
लाहा सिं
छोरा
छोरी
सगुन
सुर्य
कुमार
श्रीजङ
रत्न (पदम)
नायूमा (छोरी)
सुमिता
प्रस्मीता
प्रियङका
स्नेहा

## २.३.जन्मस्थल

नेपालको सुदुर पूर्वमा पर्ने मेची अञ्चलको पाँचथर जिल्ला र यसै जिल्लाको सुदुर दक्षिणी क्षेत्र माहाभारत पर्वत सृङ्खलाको कोख रबी गा.वि.स. वडा नं.-८ मा (थामथुममा) वि.सं. २०३६ मा यिनको जन्म भएको थियो ।[१८] रबी गा.वि.स. मा पर्ने रबी बजार पाँचथर जिल्लाकै नमुना बजार तथा झापा, पाँचथर जोड्ने एक व्यापारिक केन्द्रका रूपमा समेत चर्चित रहेको छ ।[१९] यसै बजारको पश्चिमी भाग करिब तीन/चार माईलको दुरीमा थामथुम गाउँ पर्दछ । यो क्षेत्रको वरिपरि पर्याप्त वनजङ्गल हुनाले गाउँ नै हरियाली देखिन्छ । यसका साथै यस क्षेत्रको जनजीवन, रहनसहन तथा बसोबासलाई हेर्दा निकै दुर्गम ग्रामीण क्षेत्रको अनुभव हुन्छ । यस क्षेत्रको उत्तरमा तेह्रथुम हुँदै मकालु, कुम्भकर्ण र कञ्चनजङ्घा हिमश्रृङ्खलाको सुन्दर दृश्यावलोकन गर्न सकिन्छ । दक्षिणी क्षेत्रमा हिमाल तथा माहाभारत पर्वत हुँदै ओर्लिएका ठूला साना नदी खोलाहरूले बनाएको समतल मैदानको विशाल फाट देख्न सकिन्छ । पूर्व तर्फ इलाम र दक्षिण तर्फ मोरङ्ग र धनकुटा पर्ने रबी बजारको पश्चिम तर्फ जादा थामथुम पुगिन्छ ।[२०] झापाको उत्तर पाँचथरको दक्षिणी व्यापारिक केन्द्र रबी बजार भएर पनि भौगोलिक विकटता, यातायातको अभाव र भौगोलिक दुरीका कारण तथा त्यहाँको सामान्य जनजीवन कृषि पेशा ढुङ्गा माटाले बनेका र फूसले छाएका घरहरू भएकाले निकै दुर्गम क्षेत्र तथा आम्दानीको कुनै साधन र स्रोत नभएको यिनको परिवार निम्न वर्गीय गरीब किसान परिवार हो । यसै क्षेत्रमा केही हुनेखानेले सोशण र दमण गरेको[२१] तथा शोसित अनुभूतिहरूको प्रकटीकरण, तथाकथित समाजप्रतीको आक्रोसको र विरोधको एक माध्यम स्वरूप नै साहित्यलाई अङ्गालेका सगुनको जन्म यही रबी थामथुममा भएको थियो ।

---

[१८]. शोधनायकबाट प्राप्त जानकारी २०६९।०९।१२ पाँचथर फिदिम

[१९]. ऐजन ।

[२०]. ऐजन ।

[२१]. ऐजन ।

## २.४ जन्म

सगुन सुसारा पाँचथर जिल्लाको सुदुर दक्षिणमा पर्ने रबी बजार र रबी बजारकै नामबाट राखिएको रबी गा.वि.स.को पश्चिमी दिशातर्फको थामथुम भन्ने सानो एक ग्रामीण क्षेत्रमा पिता लाहासिं र माता जसमायाको पहिलो सन्तानका रूपमा वि.सं. २०३६ मंसिर ५ गतेको शनिबारका दिन यिनको जन्म भएको थियो ।[२२] राई कुलमा जन्मिएकाले राई संस्कृति, संस्कारमा आधारित रहेर यिनको नवराणको नाम शनिबारमा जन्मिएकाले सञ्चकुमार राखिएको तथा मातृभाषिक प्रभावले यिनको सन्तकुमार राई नाम रहन गएको हो भने यीनी आफैले रोजेको नाम सुसन र त्यही सुसन क्रमस साहित्यप्रतीको झुकाबसँगै आफ्नो प्रतीगात्मक नाम सगुन सुसारा बानाएका हुन् ।[२३] यही नाम नै आधुनिक साहित्य प्रवाहमा एक नवीन चिन्तन प्रवाह र सिल्पशैलीका साथ उत्तरवर्ति सोच लिएर देखा परेका हुन् सगुन सुसारा ।[२४]

## २.५ बाल्यकाल

सगुन सुसारा निम्न वर्गीय किसान परिवारमा सञ्चकुमारका रूपमा जन्मिएका थिए । यिनको बाल्यकाल रबी थामथुमको ग्रामीण क्षेत्रमा नै घाँस दाउँरा, गोठालो तथा कृषि कार्यमा घरपरिवारलाई सहयोग गरेर बितेको थियो । यसका साथै घरको आय-आर्जनमा परिवारलाई सहयोग गर्न अरु छिमेकी कहाँ खेतालोका रूपमा बोनि-भूतो समेत जाने गर्दथे । यसरी यीनले आफ्नो बाल्य जीवन काल व्यतिथ गर्ने क्रममा अध्ययन क्रमलाई स्थानीय ग्रामीण विद्या परीश्रम प्रा.वि. बाट जोडेर प्रा.वि. तहसम्मको अध्यायन पुरा गरे । त्यसपछि भने यिनको अध्ययनक्रम नियमित रूपमा अगाडि बड्न सकेन तर पनि कहिले विद्यालयको अध्ययन  दुर्गा मा.वि.रवी र कहिले आरूबोटेमा तथा पुन दुर्गा मा.वि.रवी हुँदै पुरा गरेका थिए । विद्यार्थी जीवनकालमा निकै हँस्याउलो ठट्याउलो र सबैसँग घुलमिल रहने यीनी पढाईप्रति पनि निकै तेजिला थिए । यसैका परिमाण स्वरुप दुर्गा मा.वि. रवीबाट वि.सं.

---

२२. शोधनायकबाट प्राप्त जानकारी  पुर्ववत पृष्ठ ८ ।

२३. ऐजन ।

२४. गोविन्दराज भट्टराई, सुम्हालुङ (वर्ष १२, अङ्क ६, वि.सं. २०६६) ।

२०५४ मा प्रथम श्रेणीमा उत्तीर्ण गर्न सकेका थिए ।[२५] नि.मा.वि. तथा मा.वि. को अध्ययनका क्रममा नै तथा-कथित सामाजिक मूल्य मान्यता प्रतीको व्याङ्ग्य गर्ने विभिन्न साहित्यिक रचनाहरू गरेर यसतर्फ यात्राको आस्था गर्दै अगाडि बढेका यीनले उच्च शिक्षाको अध्ययनसँगसँगै साहित्यिक गतिविधिलाई सशक्त आन्दोलनको रूपमा अगाडि बढाए ।

## २.६ शिक्षा

ग्रामीण क्षेत्रको एक निम्न आर्थिक अवस्था रहेको राई परिवारमा जन्मिएका सगुन सुसाराका माता-पिता गरीब भएर पनि शिक्षा प्रेमी थिए ।[२६] यसैका प्रमाण स्वरुप यीनलाई मातापिताले आफ्नो नजिकै रहेको विद्या परीश्रम प्रा.वि.मा भर्ना गराए । यसै प्रा.वि. मा यीनले प्रा.वि. सम्मको अध्ययनलाई पूर्णता दिएका थिए । ठूलो परिवार भएकाले यिनका मातापिताले उचित रुपमा परिवार तथा आफ्नो छोराछोरीको व्यवस्थापन गर्न सकेको थिएन भने जेष्ठ सन्तानका रुपमा जन्मिएको यीनले परिवारिक व्यवस्थापनमा माता पितालाई सहयोग गर्नुपर्ने भएको थियो । यसै समयमा यीनले आफ्नो अध्यानक्रमलाई नियमित रूपमा अगाडि बडाउनका अलावा अल्लरिएर हिडे । हुँदाहुदै एक दिन यीनी भौतारिन्दै जाँदा काठमाण्डौको गलैचा कम्पनीमा तान बुन्न फसेका थिए ।[२७] यसै समयमा यीनले भाषिक पिढा गरीब र निमूखाहरूमाथि भएको अन्याय , पिढा तथा शिक्षित वर्गप्रतीको सम्मान र अशिक्षितप्रतीको हेय दृष्टिकोणको अनुभावले बालक सगुनलाई भित्रिबाटै पढ्नु पर्ने रहेछ भन्ने शिक्षाप्रतीको आसक्तिले काठमाडौं छाडि पुन नि.मा.वि. र मा.वि. को अध्ययनलाई निरन्तरता दिन आफ्नै गाउँ फर्किएका थिए ।[२८]

अध्ययनकमलाई निरन्तरता दिनभन्दै लागि परेका सगुनले आरुबोटे नि.मा.वि.र दुर्गा मा.वि. रवीबाट माध्यमिक तहको शिक्षा पूरा गरेका थिए । निक्कै तृक्ष्ण मस्तिसका यीनले एस.एल.सी. मा समेत प्रथम श्रेणीमा उर्तीण गरी रबी भरी चर्चा कमाएका थिए ।

---

२५. शोधनायक, पूर्ववत पृष्ठ ९ ।

२६. ऐजन ।

२७. ऐजन ।

२८. ऐजन ।

विद्यार्थीकालमा साथीसंगीसँग निकै घुल्मिल रहने यीनले विभिन्न सामाजिक विकृति, विसंगति , शोषण दमन प्रतीको विरोध गर्ने खालका कविता, नाटक, कथा लेखेर साहित्यप्रतीको झुकाब बढाएका थिए । यही प्रभावनै यिनको पछिल्लो क्रमको उच्च शिक्षा लिनेक्रम सँग-सँगै खारिएर एक प्रखर साहित्यिका नयाँ चिन्तन तथा शिल्पशैलीको अभियान्ताका रूपमा देखा परेका हुन् ।

उच्च शिक्षाका लागि भन्दै यीनी पाँचथर फिदिम आए । फिदिममा डेरा गरेर यीनले पाँचथर क्याम्पसबाट आइकमको अध्ययन पूरा गरे । यसै क्याम्पस मार्फत बि.एड. पनि गरे । फिदिम नै बसेर म.र.ब. क्याम्पस इलामबाट एम.ए. समाजशास्त्र तथा मानवशास्त्रमा पूरा गरे भने अहिले औपचारिक रूपमा नै एम.एड. ई. पि. एम. अध्ययनलाई पूर्णता दिदै छन् भने अनौपचारिक रूपबाट साहित्यप्रतीको अध्ययन र साधनाको क्रमलाई समेत तिब्रता दिइ नै रहेका छन् ।

## २.७ पारिवारिक अवस्था

पारिवारिक अवस्थाका निर्धारक तत्वहरूले पारिवारिक अवस्थाको निर्धारण गरेको हुन्छ । पारिवारिक अवस्थाका निर्धारक तत्व भन्नाले विवाह, सन्तान, आर्थिक अवस्था, शिक्षा दीक्षा पेशा व्यवसाय आदिलाई जनाउछ । यसमा सगुनको पारिवारिक अवस्थाको निम्नानुसार रहेको छ ।

### २.७.१. विवाह

मानव समाजमा मानिस जन्मेपछि उसको मृत्यु पर्यान्त विभिन्न अवस्थामा विभिन्न संस्कारहरू गर्नुपर्ने हुन्छ । त्यस्ता विविध र अनिवार्य संस्कारहरूमध्ये युवा अवस्थामा गरीने विवाह सबै मानव संस्कारहरूमा अनिवार्य नै रहेको छ । विवाह, सन्तान उत्पादन, मानवीय अस्तित्व रक्षा, परिवारको निर्माणका लागि अनिवार्य हो । राई जातीय संस्कृतिमा जन्मिएर हुर्किएका सगुनले वि.सं. २०५६ मा रबी कै स्थानीय एक युवती सुजता राईसँग प्रेम विवाह गरेका छन् ।[२९]

---

[२९]. शोधनायक पूर्ववत पृष्ट ११

२.७.२.सन्तान

सगुनका पिता लाहासिं राई र माता जस्मती राईका ५ छोरा र ४ छोरी मध्येकै जेष्ठ पुत्रका रूपमा वि.सं. २०३६ मा जन्मिएर वि.सं. २०५६ मा सुजता राईसँग दाम्पद्य जीवन गासेर यीनीहरूको सन्तानका रूपमा हाल एक मात्र सन्तानका रूपमा नायुमा खम्बु राई रहेकी छिन् ।[३०]

२.७.३.आर्थिक अवस्था

आर्थिक अवस्था भन्नाले खान, लाउन, बस्न तथा पारिवारिक व्यवस्थापनका लागि आवश्यक पर्ने सामाग्रीहरूको उपलब्धताको अवस्थालाई जनाउँछ । यी आवश्यक सामाग्रीहरूको उपलब्धता सहज छ भने राम्रो आर्थिक अवस्था रहेको र असहज भए निम्न आर्थिक अवस्थाको कोटीमा राख्ने गरिन्छ । सगुनको आर्थिक अवस्थालाई हेर्दौ एक ग्रामीण इलाकामा बस्ने पिटा लाहासिं र माता जस्मतीले चाहाँदा चाहान्दै पनि उचित शिक्षा र परिवारिक व्यवस्थापन गर्न नसक्नु । पारिवारिक व्यवस्थापनका लागि बालक छोराछोरीलाई सहभागी गर्नु । छोराहरू अल्लारिएर हिड्नु । चेत आएपछि पढ्न पुन सुरु गर्नु र उच्च शिक्षाका लागि निस्कदा आ-आफ्नै कला र बहुबलका भरमा बाँचेका, घरको आसा मारी हिडेका[३१] र उच्च शिक्षा पछि सगुनका भाइहरू शिक्षा तथा विभिन्न सेवाहरूमा लागेकाले परिवारका सबै जसोले उच्च शिक्षाका लागि हरहमेसा लागिरहेकाले निम्न वर्गीय गरीब परिवारबाट हुर्किएर निम्न मध्यम वर्गको कोटीमा राख्न सकिने भएर पनि सगुनको बसोबासको हालको फिदिमको अवस्था भने निकै नाजुक रहेको छ ।[३२]भने अर्को तर्फ सगुनले स्पष्ट कुनै सेवा-क्षेत्र, तथा व्यापा-व्यवसायतर्फ पनि लागेका छैनन् भने अर्को आय स्रोतको क्षेत्र पनि देखिन्न ।

[३०]. शोधनायक पूर्ववत पृष्ठ ११

[३१]. शोधनायकका भाई सूर्यविक्रम राईद्वारा प्राप्त जानकारी (२०७०।०१।२५) पाँचथर (हातपैले)

[३२]. संगम सुहाङ्ग, 'मलाई माया गर्ने मान्छे' (२०६६) टिप्पणी पृष्ठ ५६ ।

२.७.४.पेशा व्यावसाय

मानिस आफू र आफ्नो पारिवारिक व्यावस्थापनका लागि कुनै न कुनै पेशा व्यवसायमा संलग्न रहनु राम्रो कुरा हो । जसले आफू र आफ्नो पारिवारिक अवस्था सञ्चालन तथा व्यवस्थापनमा सहजता ल्याइन्छ तर सगुनको पेशा व्यावसायको अवस्था हेर्दा यीनले केही नीजि स्कुलहरूमा थोरै समयका लागि पढाएका र पछिल्लो समयमा सामान्य हिसाबले गैर-सरकारी संस्थामा काम गरेका बाहेक सामाजिक संघसंस्थामा हिडेका साहित्यका गोष्ठीहरूमा भाग लिन गएका, विभिन्न व्यक्तिहरुसँग फिदिम बजार घुमिहिड्नु । साथीभाईसंग गफिनु बाहेक खास अरु केही देखिन्न ।

✡✡✡

# तेस्रो परिच्छेद

## सगुन सुसराको व्यक्तित्वका विविध पक्ष

### ३.१. विषय प्रवेश

कुनै पनि व्यक्ति कुनै पनि समाजमा उसलाई चिनिन उसको व्यक्तित्वको ठूलो भूमिका रहने गर्छ । सामान्यतय व्यक्तित्व भन्नाले व्यक्तिको शारीरिक व्यक्तित्व, लवाई ख्याई, रुचि, बानी, व्यहोरा, स्वाभाव पेशा व्यावसाय सामाजिक लगाावा आदि भन्ने बुझिन्छ । शारीरिक व्यक्तित्वका तुलनामा गुणात्मक व्यक्तित्वमा महत्व दिने र समाज परिवर्तन र रूपान्तरणका लागि महान योगदान गर्ने महान व्यक्तित्वहरू सम्मानित र अनुकरणयी समेत बन्न जान्छन् । हरेक व्यक्तिका आफ्ना आफ्नै इच्छा चाहना हुन्छन् मानवीय इच्छा आकांक्षा, आवश्यकता र परिस्थिति अनुसार विभिन्न कृयाकलापरूमा सहभागी हुँदै जाँदा उसको त्यस क्षेत्रमा गरेको लगाबको आधारमा उसको व्यक्तित्वको निरुपण हुन पुग्छ । यसक्रममा सबै व्यक्तिको व्यक्तित्व महान् बन्नै पर्छ भन्ने छैन वा बन्न सकिन्न । यसका लागि कठोर संघर्षको ठूलो भूमिका रहन्छ । कठोर संघर्षको माध्यमबाट मानव समाजका लागि ठूलो योगदान गर्ने व्यक्तित्व निर्माणार्थ कुनै पनि व्यक्तिलाई त्यस समाजको परिवेश, संस्कृति, राजनीतिक अवस्था तथा व्यक्तिको आर्थिक, वौद्धिक र शैक्षिक पक्षले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ठूलो प्रभाव राख्दछ । यसैक्रममा यहाँ सगुन सुसाराको व्यक्तित्वका विविध पक्षहरूको चर्चा तल गरीएको छ ।

### ३.२ शारीरिक व्यक्तित्व

शारीरिक व्यक्तित्व भन्नाले शरीर पक्षको विवरणलाई बुझाउछ । सगुन सुसाराको शारीरिक व्यक्तित्वको विवरणलाई हेर्दा यिनको उचाई ५ फिट २ इन्छ अग्ला, सामान्यत होचा, मोटा, खिरिल्लासे जिउ परेका हाँसिला र गहुँ गोरो वर्णका यीनी धेरै जसो साधा पहिरनमा नै भेटिन्छन् ।[३३]

---

[३३]. मचेन्द्र देवान, शोधनायकका मित्रद्वारा प्राप्त जानकारी (२०७०।०१।१०) इलाम जिल्ला इलाम ।

### ३.३ स्वभाव

सगुन सुसारा सानैबाट निकै तृक्ष्ण दिमागका र मेहनति । साना साना घटनाले पनि निकै सताउने अन्याय र दमन सहनै नसक्ने, सबै जसो साथीभाईसंग चाडो घुल्मील बन्न सक्ने केही ढट्याउलो र समय सन्दर्भ अनुसार निकै गम्भिर पनि हुन सक्ने निकै तार्किक तथा आफ्नो पृथक पहिचान दिलाउन खोज्ने स्वभाव पाइन्छ । यिनको यही सानैबाट आएको स्वाभाव पछिल्लो साहित्य लेखनको क्रममा प्रसस्त प्रभाव भेट्न सकिन्छ ।

### ३.४ रूचि

हरेक मानिसहरूको आफ्ना आफ्नै इच्छा, आकांक्षा हुन्छ । यसैलाई अर्को शब्दमा रूचि भनीएको हो । सगुन सुसारका पनि आफ्नै रूचि, इच्छा, आकांक्षा र चाहना रहनु स्वाभाविक हो । विशेष गरेर यीनी खेलमा फुटबल, चेस, भलिबल, टेबल, टेनिस खेल्न र हेर्न रूचाउछन् । अध्ययनका क्रममा औपचारिक र अनौपचारिक दुवै रूपमा सोखिन छन् । औपचारिक अध्ययनका क्रममा व्यवस्थापन शिक्षा र मानविकी तीनै संकाय फेरिफेरी अध्ययन गर्ने यिनको विद्या-वारिधि गर्ने ठूलो अभिलासा बोकी बसेका छन् ।[३४] भने अनौपचारिक रूपमा नै साहित्य, संस्कृति, इतिहास र दर्शनको अध्ययन गर्न विशेष रूचि राख्दछन् । सृजनातर्फ भने विशेष कविता विधामा यसका साथै आख्यान, समालोचना तथा विभिन्न फूटकर लेख रचना तर्फ कलम चलाउन । यी रूचिहरूका साथसाथै मूल रूपमा नेपाली साहित्यमा नयाँ चिन्तन, शिल्प, शैलीको प्रयोग सहित उत्तरवर्तित सोचको आन्दोलनलाई उत्कर्षमा पुर्याउनु यिनको ठूलो शोकको विषय बनेर आएको छ । सामाजिक, संस्कृतिक तथा जातइी स्वअस्तित्व रक्षार्थका निम्ति लागिपर्नु पनि यिनको मूल रूचि क्षेत्रकै विषय रहेको छ ।[३५]

### ३.५ साहित्यिक व्यक्तित्व

साहित्यका विविध विधाहरू कविता, आख्यान, नाटक, निबन्ध आदि विविध विधा भित्र छिरेर साहित्यिक रचना गर्ने र त्यससँग सम्बन्धित खोज, अनुसन्धान, अध्ययन

---

[३४]. शोधनायकद्वारा प्राप्त जानकारी (२०६९।१२।०७) इलाम बजार, इलाम ।

[३५]. ऐजन ।

विश्लेषण गर्ने, सृजना गर्ने सर्जकहरूलाई साहित्यिक व्यक्तित्व भनिन्छन् । यस हिसाबले साहित्यका विविध विधामा कलम चलाएर सृजना कार्यमा समर्पित रहेका सगुन सुसारालाई एक साहित्यिक व्यक्तित्वका रूपमा राख्न उपयुक्त देखिन्छ । यिनले माध्यमिक तहमा अध्ययनकै क्रमबाट साहित्यिक रचना तथा साधनातर्फ विशेष रुचि देखाएका थिए । विशेषत साहित्यिक प्रेरणा आफ्नै सामाजिक वातावरणबाट ग्रहण गरेको बताउने सगुनले रबी मा.वि. अध्ययनका क्रममा विद्यार्थी साथीभाईसंग नाटक लेख्ने, अभिनय गर्ने, कविता, कथा, चुड्किला लेख्ने सुन्ने सुनाउने क्रमबाट नै साहित्य सृजनामा निर्लिप्त भई लागेका यीनले श्रद्धाको फूल २०५६ कथा संग्रहको माध्यमबाट यस क्षेत्रको औपचारिक यात्राको सुभारम्भ गरेका हुन् । यसपछि क्रमशः माङफुनको कार्याकल्प २०६४ कविता कृति, मलाई माया गर्ने मान्छे २०६६ गजल संग्रह, मिथक, विम्ब र प्रतीक२०६८ गरी जम्मा ४ पुस्तकाकार कृतिहरू सार्वजनिक भएका छन् भने अन्य फूटकर लेख रचना विभिन्न पत्रपत्रिका मार्फत सार्वजानिक छन् भने कतिपय अप्रकाशित रूपमा नै रहेका छन् । यसका साथै यस समयमा यीनी विभिन्न साहित्यिक गतिविधि निरन्तर रूपमा लागि परिरहेका छन् । यिनका साहित्यिक व्यक्तित्वका मूल विद्याहरूको तल चर्चा गरिन्छ ।

### ३.५.१ आख्यानकार व्यक्तित्व

साहित्यकार व्यक्तित्व सगुन सुसारा आख्यानकार व्यक्तित्व पनि हुन् । यीनले विभिन्न फुटकर आख्यानात्मक लेखरचनाहरू विभिन्न पत्रपत्रिका मार्फत सार्वजनिक गर्नुका साथै श्रद्धाको फूल २०५६ कथा संग्रहको माध्यमबाट आफूलाई एक आख्यान सर्जकका रूपमा औपचारिक रूपमा सार्वजनिक भएर अगाडि बढे । त्यसपछिको यिनका आख्यानात्मक भन्दा आख्यानेर पुस्तकाकार कृतिहरू प्रकाशित भई सार्वजानिक भएपनि फूटकर रुपमा पत्रपत्रिका मार्फत आख्यानात्मक लेख रचना प्रकाशनमा आईरहेका छन् । यसका साथै अप्रकाशित औपन्यासिक आख्यानात्मक कृतिहरू यिनका साथमा सुरक्षित रहेका छन् ।[३६] यी कृति निकट भविष्यमा प्रकाशनमा आउने छन् । यी विविध आख्यानात्मक सृजनाहरूले यीनलाई आख्यानकार व्यक्तित्वका रूपमा स्थापित गरीदिएको छ ।

[३६]. शोधनायक पूर्वावत पृष्ठ १५ ।

### ३.५.२ कवि व्यक्तित्व

साहित्यका विविध विधाहरू मध्ये कविता विधा एक प्रमुख विधा हो । कविता विधा अन्तर्गत रहेर यीनले 'माङफूनको कायाकल्प' २०६४ फूटकर कविता संग्रह, मलाई माया गर्ने मान्छे २०६६ गजल संग्रह र मिथक, विम्व र प्रतीक ताङक संग्रह जस्ता पुस्तकाकार रचनात्मक कृतिहरूको प्रकाशन र यी तीनै कृति कविता विद्याका फूटकर उपविधामा पर्ने भएकाले यीनलाई कवि व्यक्तित्वका रूपमा स्थापित गर्न सघाऊ पुयाऱ्उछ । यी कवित्मक सृजनासँगसँगै यिनको विभिन्न फूटकर लेख रचनाहरू पनि विभिन्न गोष्ठी, कार्यक्रम तथा पत्रपत्रिका मार्फत सार्वजानिक भईरहेकै छन् । यसका साथै यिनको सबैभन्दा उर्वर साहित्यक सृजनाको क्षेत्रको पनि यही कविता क्षेत्र नै हो । यही क्षेत्र मार्फत अगाडि बढ्ने र सृजनात्मक क्रियाकलापलाई सशक्त गर्दै जाने यिनको योजना रहेको छ ।

#### ३.५.२.१.गजलकार व्यक्तित्व

नेपाली कविताका क्षेत्रमा अति लोकप्रिय विधाका रूपमा गजल कविता रहेको छ । यो गजल कविता मूलत प्रेम विषयक तथा पछिल्लो क्रममा समसामयीक विषयलाई पनि अंगिकार गरेको छ ।[३७] उर्दू, फारसी हुँदै नेपाली काव्य साहित्यमा प्रवेश भएको गजल एक कविताको गेयात्मक तथा लघु आयमिक प्रकृतिको विधा हो । यो विधालाई मोतीराम भट्टले नेपाली काव्य, साहित्यमा प्रवेश गराएसँगै वि.सं. १९४१ हालसम्म करिब १२९ वर्ष पार गर्दा पनि युवा पुस्ता तथा कविस्रष्ठाहरूले यस विधालाई मल पानी दिईनै रहे, यसै क्रमका एक अर्को युवा पुस्ता भित्रकै कवि स्रष्ठा सगुन सुसाराले यस गजल क्षेत्रमा रहेर फूटकर रूपमा आफ्ना गजल कविताहरू मान्य गजलई परम्परामा रहेर सृजनातर्फ लाग्ने र विभिन्न पत्रपत्रिका तथा कवितात्मक गोष्ठी, कार्यक्रमहरूमा ल्याउने कवि सगुन सुसाराले, यसै क्षेत्रमा आफ्नो निक्कै समय खर्चे र 'मलाई माया गर्ने मान्छे' (वि.सं. २०६६) गजल संग्रह प्रकाशनमा ल्याई सार्वजनिक गरे । यस संग्रहमा ४८ गजलहरू संग्रहित रहेका छन् । यसका गजल संग्रह भित्र संग्रहित रहेका गजलहरूमा मान्य गजलका परमपरालाई अनुसरण गरेको पाईन्छ तर यसो गर्दा गर्दै पनि तखलुस प्रयोग, मतलाको प्रयोग तथा आयाम गत स्वरुप

---

[३७]. कृष्णहरि बराल, गजल सिद्धान्त र परम्परा (दो.सं.) (काठमाडौः साझा प्रकाशन, २०६८) ।

आदिमा भने नवीन प्रयोगतर्फ यीनी लालायीत देखिन्छन् ।[३८] यसरी गजलका क्षेत्रमा लगेर छिट्फुट तथा पुस्तककार । गजल संग्रहनै प्रकाशनमा ल्याउनु, नवीन प्रयोग गर्न तर्फ अनुग्रह देखाउनु गजल क्षेत्र प्रतीको सर्मपण हो योगदान हो । यी समस्त तथ्यलाई आधार पृष्ठमा राखेर सगुन सुसारालाई एक गजलकार व्यक्तित्वको रूपमा उभ्याउनु पूर्णत न्याय संगत नै हुन्छ ।

### ३.५.२.२.ताङ्काकार व्यक्तित्व

साहित्यका विविध विधाहरू मध्ये कविता विधा एक प्रमुख विधा हो । यही नेपाली कविता विधा अन्तर्गत लघुआयामिक संरचना भएको जापानमा अतिलोकप्रिय रहेको ताङ्का कविताले २०५१/०५२ मा प्रवेश पायो ।[३९] जापानमा अति प्रचलित ताङ्का नेपाली कवितामा प्रवेश हुने वितिक्कै यस क्षेत्रमा नेपाली स्रष्ठाहरूको ध्यान नयाँ ताङ्का कविता तर्फ तानियो । यसै माहोलमा विभिन्न पत्रपत्रिका मार्फत आफ्नो निक्कै समय खचेर "मिथक, विम्व र प्रतीक (२०६८) ताङ्का संग्रह प्रकाशनमा ल्याई सार्वजनिक गरे । जसमा १९८ ताङ्काहरू रहेका छन् । यिनका यी ताङ्काहरूमा जापानी छन्दगत संरचनामा नेपाली पनको नेपाली ताङ्का क्षेत्रमा पुस्ताकाकार तथा संग्रहित कृतिकै रुपमा ताङ्का ल्याउनु यिनको यस क्षेत्रमा ठूलो योगदान हो । यी यावत पक्षहरूको आलोकबाट सगुन सुसरा एक ताङ्काकार व्यक्तित्वको बलियो आधार समात्न सकिन्छ र निर्धक्क भन्न सकिन्छ सगुन सुसारा एक ताङ्काकार व्यक्तित्व हुन् ।

## ३.६ अन्य व्यक्तित्व

सगुन सुसाराको जीवनको मुल पाटोका रुपमा साहित्य सृजना भएर पनि यसका अतिरिक्त शिक्षा, राजनीति, समाजसेवा खेलकुद तथा विभिन्न संग संस्थामा समेत सकृय भूमिकामा रहेका छन् । यसैले यीनलाई साहित्यिक व्यक्तित्वका रुपमा मात्र नसमेटिएर अन्य विविध व्यक्तित्वको रुपमा समेत परिचित रहेका छन् । यी यिनका विविध व्यक्तित्वका सम्बन्धमा तल उल्लेख गरिन्छ ।

---

[३८]. संगम सुहाङ्ग, 'मलाई माया गर्ने मान्छे' पूर्ववत पृष्ठ १३ ।

[३९]. बमबहादुर थापा, जिताली, जापानी छन्दमा नेपाली कविता (काडमाडौः मार्स्याङ्दी वाङ्मय प्रतिष्ठान, २०६४) ।

### ३.६.१ शैक्षिक व्यक्तित्व

शिक्षा अँध्यारोबाट उज्यालो तर्फको यात्रा हो । सुरुमा श्री विद्या परिश्रम प्रा.वि. मा प्राथमिक तहको अध्ययन गरी सकेका सगुनले शिक्षाको रहस्य बुझ्न नसकेर अल्लारिएर त्यसै समय विताउदै जाँदा केही समय पछि शिक्षाको रहस्य पत्तो पाएपछि पुन अध्ययनको सिलशीला जारी राखे भने पछिल्लो क्रममा माध्यमिक तहका औपचारिक अध्ययन पुरा गरेर उच्च शिक्षाकालागि पाँचथर फिदिम आई बसेका उनी शिक्षाका अमली जस्तै भएर अहिले एम.ए. समाजशास्त्र, मानवशास्त्र र एम.एड.इ. पि. एम. का अध्ययन पूर्ण गर्ने क्रममा छन् भने उचित अवसर आएमा विद्यावारिधि गर्ने संकल्पमा पनि रहेका छन् ।[४०]यी सबै पक्षलाई हेर्दा यीनी एक शैक्षिक व्यक्तित्वका रुपमा समेत परिचित गर्न न्याय संगत देखिन्छन् ।

### ३.६.२ राजनीतिक व्यक्तित्व

नेपाली राजनीतिक वृत्तमा २०४६ को जनआन्दोलन मार्फत पञ्चायति व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको सुरुसँगै वर्गीय उथानको चर्को नाराको तत्कालिन ने.का.पा. एमालेले गरीबहरूको साँचो अर्थमा समस्याको उथान गर्छ । भन्ने विश्वासले विपन्न सगुन र सगुनको परिवारले यस पार्टीमा सदस्यता लिई सकृयता देखाए ।[४१]यसका साथै यस पार्टीको भात्रि संगठन अ.ने.रा.स. वि. यू.मा समेत संलग्नता रहेर सकृिय भूमिका खेलेका थिए भने पछिल्लो समय २०५४/०५५ पछि भने यिनको राजनीतिक आस्था र बीचारमा बीचलन देखा पर्यो । यसपछि यीनी तत्कालीन राष्ट्रिय प्रजातन्त्र पार्टीको सदस्यता लिई कृियाशील रहे । यसै पार्टीको विद्यार्थी को संगठन मार्फत विद्यार्थी यूनियन पाँचथर क्याम्पसको निर्वाचनमा स्वावियूको सभापतिमा उमेरद्वारी दर्ता गरी चुनाबबाट लडेका यीनी चुनाबमा हराए पछि र नेपाली राजनीतिको अस्थ-व्यस्त पन, देश र जनताको सुनिश्चित भविष्य नदेखेको सगुन अहिले आएर राजनीतिमा निस्कृय रहेका छन् भने नेपालमा संघात्मक शासन व्यवस्थाका पक्षधरका रुपमा यीनी रहेका छन् ।[४२]

---

[४०]. शोधनायकबाट प्राप्त जानकारी पूवर्वत पृष्ठ १६ ।

[४१]. ऐजन ।

[४२]. ऐजन ।

### ३.६.३ पुस्तकाकार कृतिहरू

नेपाली साहित्यका क्षेत्रमा एक नयाँ बीचार शिल्प र शैलीका साथ आख्यान विधाद्वारा साहित्यमा प्रवेश गरेका सगुनले अहिलेसम्ममा विशेषत कविताका क्षेत्रमा विशेष सफलता पाएका छन् । यीनले हालसम्म सृजना गरेका प्रकाशित र अप्रकाशित रुपमा रहेका थुप्रै कृतिहरू रहेका छन् । यसमा यिनका प्रकाशित ४ कृतिहरूको नाम र प्रकाशन वर्ष सहितको विवरण निम्नानुसार उल्लेख गरिन्छ ।

| क.सं. | पुस्तकाकार कृतिहरूको नाम | प्रकाशन | विधा/उपविधा |
|---|---|---|---|
| ०१ | श्रद्धाको फूल | २०५६ | कथा |
| ०२ | मंगफूनको कायाकल्प | २०६४ | कविता |
| ०३ | मलाई माया गर्ने मान्छे | २०६६ | गजल |
| ०४ | मिथक, विम्ब र प्रतीक | २०६८ | ताङ्का |

यी कृतिमार्फत कथा आख्यान मार्फत औपचारिक रूपमा साहित्य यात्रामा प्रवेश गरेका यीनले सुरुमा सामाजि विषयवस्तुलाई समेट्दै सामाजिक आदर्शतर्फ फर्किएका थिए भने त्यसपछि यिनका कृतिहरूमा उत्तर्वती सोचको प्रभाव रहन गएको पाइन्छ ।

### ३.६.४ सम्पादन/लेखन

सगुन सुसारा यी विविध पाटाहरूको सम्लग्नताका साथसाथै लेखनका क्षेत्रमा पनि साकृय रहेका छन् । यीनले गरेका लेखन र सम्पादनको विवरण निम्नानुसार प्रस्तुत गरीएको छ ।

(क) विद्यार्थी सन्देश भित्ते पत्रिका - २०५६ वैशाख - प्र.सम्पा.

(ख) तुम्बेवा साहित्यिक पत्रिका - २०५६ मंसिर - प्र. सम्पा.

(ग) आँखीभ्याल द्वो .मा. स. प. - २०५८ फाल्गुन, चैत्र - अतिथि सम्पा.

(घ) रबीकिरण पाक्षिक पत्रिका - २०५९ सह- सम्पा.

(ङ) चक्रव्युह साहित्यिक पत्रिका - २०६० पुष - केन्द्रविन्दु

च) साहित्यिक ताङ्का पत्रिका - २०६२ वैशाख -अतिथि सम्पा.[४३]

[४३]. ऐजन ।

३.६.५ सम्लग्नता

सिमित क्षेत्रमा जाम परेर बस्न नसक्ने सगुन सुसारा विभिन्न सामाजिक संघ संस्था तथा साहित्यिक संघसंस्थामा समेत सकृियताका साथै सम्लग्न रहेको भेटिन्छ । यीनी संलग्न रहेका संघसंस्था तथा यिनको सम्लग्नताको विवरण निम्नानुसार तल उल्लेख गरीएको छ ।

(क) किंरात राई विद्यार्थी संघ, पाँचथर  ब. क्याम्पस इकाई कमिटि - अध्यक्ष, २०५९

(ख) किंरात राई विद्यार्थी संघ, केन्द्रीय सदस्य - २०५७

(ग) किंरात राई यायोखा, प्रा.गाउँ कार्य समिति रबी - २०६१, सह-सचिव

(घ) नेपाल रेडक्रस सोसाइटी, उपसाखा रबी - २०६३, सदस्य

(ङ) पाँचथर सामुदायीक पुस्तकालय सञ्चालन उप-समिति, २०६४, सदस्य

(च) पाँचथर सामुदायीक पुस्तकालय सञ्चालन उप-समिति, २०६५, सचिव

(छ) नौलो साहित्यिक विहान प्रतिष्ठान, पाँचथर - २०६६ संस्थापक सदस्य

(ज) किंरात राई यायोखा, जिल्ला कार्य समिति, पाँचथर २०६८, सचिव

(झ) नेपाल आदिबासी जनजाती महासंघ जिल्ला समन्वय परिषद, पाँचथर, २०६८, सचिव

(ञ) नौलो साहित्यिक विहान प्रतिष्ठान, पाँचथर, २०६८, सदस्य ।[४४]

यि माथि मूल रुपमा उल्लेख गरीएका विभिन्न संघसंस्थामा सम्लगनता साथसाथै अन्य विविध संघ स्थांमा समेत संम्लग्नता रहेका सगुन सुसरा विविधका यूक्त एक बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् ।

३.६.६ साहित्यक बीचार

साहित्य फिक्का गफले भरिएको ठ्यास्पु होइन, यस भित्र त जीवन जगतको अनुकरणनै जीवन दर्शनको दृष्य, अदृष्य जालो फिजीँएको हुन्छ । यसै साहित्य भित्र रहने जीवन दर्शनलाईनै साहित्यिक बीचार भनीन्छ । यही बीचार शक्तिको साहित्यमा प्रयोग र प्रदर्शन गर्ने क्रममा विभिन्न बीचार र वादहरूको जन्म भएको हो । यही बीचार र

[४४]. शोध नायक, पूर्ववत, पृष्ठ २० ।

वादहरूबाट अछुतो नरहेको आजको विश्व साहित्यको परिपेक्षयमा नेपाली साहित्यको नयाँ शक्ति सोचका साथ[४५] हम्मेसी लागीपरेका सगुन सुसारा यहीँ चक्रव्यूह भित्र कैद छन् ।

नेपाली साहित्यका क्षेत्रमा औपचारिक रुपबाट प्रवेश हुँदा श्रद्धाको फूल २०५६ कथा संग्रह यीनी सामाजिक यदार्थतालाई उठाउदै केही आदर्शको जलप लाउन खोज्ने साहित्यिक बीचारधारामा देखा परे भने उत्तरवर्तीता सोच घोषणा पत्र २०६० पछि साहित्य सृजना क्षेत्रमा नयाँ बीच शक्तिको प्रयोग र प्रदर्शन गर्न हरहमेसा[४६] यीनी लागि परेका छन् । उत्तरवर्ती सोचको एक नजिरका रुपमा माङफूनको कायाकल्प २०६४ कविता संग्रह प्रकाश पछि पनि अन्य कृतिहरू धमाधम प्रकाशनमा ल्याई रहेका छन् । यी सबै कृतिहरूमा यीनले उत्तरवर्त्ति सोचको प्रयोग गरेका छन् । उत्तर वर्तिहरूको मुल बीचार मन्त्रका रुपमा रहेको यिनीहरको मान्यता उत्तरवर्तित सोच दोस्रोा घोषणापत्रबाट गरीएको घोषणाका मूल मान्यता निम्न छन् ।

१, तथाकथित भूमण्डलीकरणको अस्वीकार

२, समग्रतावादी सार्वभौमिक सत्यको अस्वीकार

३, स्व-स्वयत्तता र आत्मनिर्णयको अधिकारको दाबी

४, बहुलवादी नेपाली साहित्यमा नयाँ अस्तित्वको दाबी

५, नेपाली साहित्यमा समग्र राष्ट्रिय साहित्यको समान मान्यताको दावी

६, उत्तर आधुनिक साहित्य निर्माणमा पूर्वीय चिन्तनको सैद्धान्तिक खोज ।[४७]

यी माथिका उत्तरवर्तीसोचको मूल मन्त्रलाई सहित्य सृजनाको बीचार अश्त्र शक्तिको रुपमा प्रयोग गरी निरन्तर साहित्य सृजनाका क्रममा यीनी लागि रहेका छन् ।

### ३.६.७. जीवनसम्बन्धी दृष्टिकोण

जीवन के हो ? जीवन कस्तो हुन्छ र हुनु पर्छ ? भन्ने सम्बन्धमा विभिन्न व्यक्तित्वहरू आ-आफ्नै आस्था, बीचार, मान्यता र कार्य अनुभावका आधारमा जीवन सम्बन्धी दृष्टिकोण राख्ने परिभाषा दिने गर्दछन् । यसैक्रममा सगुन सुसाराको आफ्नो

---

४५. डा. गोविन्दराज भट्टराई सुम्हालुङ्ग, पूर्ववत, पृष्ठ २ ।

४६. ऐजन ।

४७. हाङपुग अज्ञात सुम्हालुङ (२०६६) वर्ष १२ अंक ६ पृष्ठ ४५ ।

बीचार, मान्यता र आस्थाका आधारमा जीवन सम्बन्धी दृष्टिकोण राख्ने क्रममा जीवन अचानक फुलेको फुल हो[४८] अचानक फुल्नु सौभाग्य हो । यसलाई उचित रुपमा फूल्न दिनु पर्छ । आफ्नो स्वरुप ग्रहण गर्न दिनु पर्दछ वच्नु र बचाउनु पर्छ । भन्दै यीनले जीवनलाई आफ्नो स्वअस्तित्व सहितको नव अस्तित्ववादी जीवनवादी दृष्टिकोण राखेका छन् । मूल रुपमा आफ्नै स्वयत्त राज्यबाट गुम्न पुगेको राज्य शत्ता सँग-सँगै आफ्नो भाषा, संस्कृति, इतिहास र महान गाथाहरूको अपहरण भई रहेकाले त्यसलाई रोक्ने तथा उचित रुपबाट संरक्षण र समर्बद्धन गर्नु पर्छ । यसरी आफू जन्मेकामा सौभाग्य ठान्दै आफू र आफ्नो पनको रक्षा गर्दै अघिबडनु नै  जीवन हो  भन्ने दृष्टिकोण राख्ने सुसाराले यही जीवन प्रतीको यिनको दृष्ट्रिकोणको आधार तथा प्रयोग भूमिका रुपमा साहित्य सृजनालाई लिएर अगाडि बडेका छन् ।

✡✡✡

[४८]. सोध नायकद्वारा प्राप्त जानकारीबाट  २०६९।१२।१५ , इलाम जिल्ला ।

# चौथो परिच्छेद

## साहित्य सिद्धान्त तथा सगुन सुसराको साहित्य यात्रा, चरण विभाजन र प्रवृतिका साथै साहित्यका केही विधागत स्वरुपमको परिचय

### ४.१. विषय प्रवेश

मानव जीवन एउटा यात्रा हो । यो गर्भबाट सुरु भएर चिहान पुगी टुङगिन्छ ।[४९] यही जीवन यात्राकाक्रममा मानिसहरूले विभिन्न कर्महरू गरेर मानव समाज सामु आफ्नो व्यवहार अनुसारको परिचय दिन्छ भने मानव समुदायबाट उस्को समाजप्रतीको लगाबका आधारमा उचित सम्मान स्तर निधारण र त्यस अनुसारको व्यवहार मानव समुदायबाट हुन्छ । यसरी मानब जीवनको विविध भोगाई र गराइ सँगै अघि बढ्ने क्रममा मानिसहरूले जीवनका विविध वाटा र पाटाहरू पक्रेर जाने गर्दछन. । यी विविध जीवन पथका बाटा र पाटाहरू मध्ये साहित्य सृजना पनि एक प्रमुख मानवीय अभिव्यक्तिको माध्यमका रुपमा रहने मानवीय जीवनको एक बाटो र पाटाको रुपमा रहने गर्दछ । अझ साहित्यका सन्दर्भमा युग-देखी युग सम्म मानवीय अभिव्यक्ति वा स्रष्ठाको सृजना जीवन्त रहने भएकाले मानव जीवनमा यस क्षेत्रको विशेष महत्व रहने गर्छ । प्राचीनदेखी अर्वाचीन सम्मनै विशेष सम्मानका साथ हेर्न गरीएको साहित्यिक सृजना स्रष्ठाहरूको यस क्षेत्रमा गरेको कर्मका वा लगाबका आधारमा उनीहरूको उचित स्थर निद्यारण हुने गर्दछ । साहित्य सृजना भन्ने बितिक्कै त्यति सरल र सजिलो पाटो भने होइन् । यसकालागि दीर्घ साधना, असिम लगाब, उचित समय सन्दर्भ तथा महान प्रतिभाको खाँचो छ । यसरी साहित्य सृजना र साधनका क्रममा लाग्दा त्यस क्षेत्रमा मानव समुदायलाई दिन सकेको योगदानका आधारमा सर्जकको उचित स्थान निर्धारण हुन्छ । त्यही निर्धारित सिर्जकको सिर्जनाको स्थानका आधारमा उप्रतीको व्यवहार समेत मानब समुदायले गर्ने गर्दछन् ।

---

[४९]. के.पि. राई शिर्जन शिरिषको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेष्ण २०६० पृष्ठ ।

## ४.२. सुसराको साहित्यिक प्रभाव ग्रहण

कुनै पनि कार्यमा लाग्न वा गर्न कुनैन कुनै किसिमको उत्प्रेरक तत्वको भूमिका रहेकै हुन्छ । यही उत्प्रेरणाको माध्यमबाट त्यस कार्यमा समाहि भन्ने बनाउन्दछ । यसरी त्यस किसिमको कुनै पनि कार्यमा लाग्न उत्प्रेरणा जोगाउने त्तत्वलाईनै प्रभावक वा अभिप्रेरक भनीन्छ । साहित्य क्षेत्रमा लाग्नका लागि पनि यस किसिमको कुनै न कुनै प्रभावपार्ने प्रभावकका रुपमा समय सन्दर्भ, व्यक्ति, समाज आदि विभिन्न हुन सक्छन । सगुन सुसाराको साहित्यप्रतीको प्रभाव ग्रहणका सम्दर्भमा भने यीनलाई साहित्य प्रति लाग्नकालागि कुनै विशेष अभिप्रेरक व्यक्तिभन्दा पनि आफ्नै सामाजिक परिवेशको प्रभावलाई शक्तिशाली प्रभावपार्ने तत्व ठानेका छन् भने विद्यार्थीकालीन विद्यार्थी साथीहरू पनि यसका सहायक तत्वका रुपमा ठानेका छन् ।[५०]

पहाडि इलाकाको ग्रामीण क्षेत्रमा जन्मेका र गरीब किसान परिवारमा हुर्केका सगुन सुसारा तथाकथित गाँउका केही उच्च वर्गको शोषण र दमनको पीढा साथै अरुको दासत्व स्वीकार गर्न  नसक्ने गुण आफूमा रहेको विद्रोहको भावना र उच्च वर्गप्रतीको घृणाको बाहिर अभिव्यक्तिको माध्यमका रुपमा साहित्यिक अभिव्यक्तिलाई समात्नका लागि रबी मा.वि. अध्यनका क्रममा विद्यार्थी साथीहरूसँग कविता गजल कथा लेख्ने सुन्ने सुनाउने नाटक लेख्ने अभिनय गर्ने गराउने क्रममा साथीहरूबाट पाएको हौसलाको उर्जाले तथा विद्यालय स्तरमा हुनेगरेका प्रतियोगीतात्मक कार्यक्रमको परिणातिबाट हौसिएरु साहित्यकै उचित सृजना र संम्वर्द्धनमा समर्पित हुने अठोटका साथ साहित्यप्रतीको अनन्य झुकाबको प्रतीकात्मक अर्थदिन सगुन सुसारा आफ्नो साहित्यिक नवराण आफैले गरेर यीनी सहित्यप्रति लिप्त भएका हुन् ।[५१] साहित्य सृजनाको कार्यलाई निरन्तरता दिने क्रममा उच्च शिक्षा अध्ययन गर्न आएका यिनको साहित्य श्रष्ठा तथा सामालोचक थाम्सुहाङ्ग, पुष्प सुष्वा सगको भेट तथा लगातारको पूर्वीय तथा पश्चिमेली साहित्यिक र परम्परा र मान्यताको ओभारले

---

[५०]. सोधनायकद्वारा प्राप्त जानकारीका आधारमा २०७०।०१।०२ पाँचथर फिदिम ।

[५१]. ऐजन ।

सैद्धान्तिक बैचारिक रुपमा खारिदै जाने क्रममा नै साहित्यिमा उत्तर वर्ति सोचका नवीन साहित्यिक मान्यताको प्रयोग सहित अगाडि बाडिरहेका छन् ।[५२]

## ४.३. सुसारको साहित्ययात्रा र चरण विभाजन

कुनै पनि प्रतिभाहरू एकै पटक उच्च ओहोदामा आइपुगेको हुँदैनन् । उच्च ओहोदामा पुग्न, प्रतिष्ठित व्यक्तित्वका रुपमा स्थापित हुन धेरै परिश्रम, लगानी, साधना र समयको खर्च गर्नु पर्ने हुन्छ । यसै सन्दर्भमा साहित्यकार सगुन सुसारा पनि यस अवस्था सम्म पुग्नकालागि धेरै मिहेनत, साधना र समयको लामो कालखण्डमा आएको साहित्य सृजनाका क्रममा देखापरेको विशिष्ट उत्तर चडाव  वा वैशिष्ठ्यताका आधारलाई पक्रेर यिनको यात्रागत चरण विभाजन गरेर हेर्न न्याय सँगत ठर्हदछ ।

सगुन सुसाराको हाल सम्मको साहित्य यात्रालाई हेर्दा श्रद्धाको फूल २०५६ देखि पछिल्लो प्रकाशित कृति विम्ब, पतीक र मिथक २०६८ ताङ्का संग्रह तथा विभिन्न फूटकर रुपमा आइरहेका सृजना तथा साहित्यिक कार्यक्रमको सकृयताका हिसाबले आज सम्मको समयलाई नियाल्दा करिब १४ वर्ष पुगेको छ । यो १४ वर्षे काल खण्ड भनेको श्रद्धाको फूल २०५६ कथा संग्रह प्रकाशन को औपचारिक साहित्यतर्फको प्रवेशबाट मात्र लिइएको छ भने यि कथा संग्रह भित्रका कथाहरूको लेखनको समय सर्न्दभलाई हेर्दा यस अगाडिकै  समयमा यिकथाहरू सृजना भएका तथा दुर्गा मा.वि. रबीको विद्यार्थीकालमा साहित्य तर्फ लाग्ने अठोट गरेका तथा साहित्यिक साद्यना तथा क्रियाकलापमा रमाउने गरेका भन्ने आधारबाट २०५२/०५३ बाटै साहित्य तर्फको यात्रामा लागेको देखिन आउँछ । यसरी हेर्दा र यस चरणलाई समेत समावेश गर्दा यिनको साहित्य तर्फको यात्रा करिब १७/१८ वर्ष पुगेको देखिन आउँछ ।

समग्र सुसराको साहित्य यात्राका क्रममा देखा परेको वैसिठ्यताका आधारहरू खुट्याएर हेर्दा श्रष्टाको फूल २०५६ प्रकाश र त्यस पूर्व विद्यागत वैसिष्ठ्यताका हिसाबले ०५६ पूर्व आख्यान क्षेत्रका लेखनतर्फ थिए भने त्यस पछिको प्रकाशित सबैजसो कृति कविता विद्याबाट आए अर्कातर्फ श्रद्धाको फूल प्रकाश हुँदा सम्म प्ररिष्कृर परिमार्जनमा कमि

[५२].सोधनायकद्वारा प्राप्त जानकारी पूर्ववत पृष्ठ २५   ।

देखीनु तथा शिल्प शैलीनै कम्जोर देखिनुबाट यो चरणलाई आभ्यासिकर चरणमा राखेर त्यस पछिका यिनको साहित्यको यात्रामा शिल्प शैलीगत बीचार प्रयोगका यावत दृष्टिले परिपकता देखीनुले यस चरणलाई विकास चरणका रुपमा राख्न सकिन्छ। यसका साथै त्यस पछिको चरणहरूमा खास ठूलै वैशिष्टयता नभेटिनुले यस चरणलाई एकै काल खण्डमा समेट्न सकिने देखिन्छ। यस हिसाबले प्रथम चरणका रुपमा श्रद्धाको फूल २०५६ प्रकाशन सम्मको समय र २०५६ साल यताको समयलाई दोस्रो चरणका रुपमा विभाजन गरेर यिनको साहित्य यात्राको विश्लेषण गर्न सकिन्छ । यहाँ यिनको साहित्य यात्रको काल विभाजनलाई निम्ननुसार विश्लेषण गर्न सकिन्छ :-

१) प्रथम चरण वा आभ्यासिक चरण (२०५२/०५३-०५६श्र.फू.पू.)

२) दोस्रो चरण वा विकाश चरण (०५६श्र.फू.प्र.देखि-हालसम्म)

### ४.३.१. प्रथम चरण

सुसाराको यो साहित्य सृजनाको चरण भनेको दुर्गा मा.वि. मा अध्यनरत रहेको समय, विशेषत साहित्य क्षेत्रमा पर्याप्त हौसला र झुकाब राखेको समय वि.स. २०५२/५३ बाट सुरु भएर यीनै आभ्यासिक चरणमा तयार गरेका विभिन्न फूट्कर लेख रचना तथा श्रद्धाको फूलमा संग्रहित भएर आएका जम्मा १० वटा कथाहरू नै यस चरणका मूल उपलब्धिका रुपमा स्वीकार्नु पर्ने[५३] तथा साहित्यको औपचारिक ढोको खोल्ने अवसरका रुपमा मात्र लिन सकिने भएकाले तथा श्रष्ठाको यस चरणमा अपरिपक्वताको हिसाबले पनि यस चरणलाई प्रथम तथा आभ्यासिक चरणमा राखिएको हो।

### ४.३.२. दोस्रो चरण

सगुनको साहित्य पात्राको दोस्रो चरणलाई हेर्दा यो  चरण श्रद्धाको फूल २०५६ कथासंग्रह प्रकाशन पछि हाल सम्मको समयलाई यो चरणमा राखेर हेर्न वा अध्ययन गर्न सकिने देखिन्छ। यस चरणलाई दोस्रो वा विकास चरणको रुपमा राख्न सकि आधार देखिन्छ। विशेषत प्रथम चरणमा यिनको लेखन र सृजनामा निरन्तरता नपाइएको तथा त्यसपछि क्रमश फूटकर लेख रचना तथा पुस्ताककार रचनाहरू माङफूतको कायाकल्प २०६४फूट्कर

[५३]. सोधनायकद्वारा प्राप्त जानकारी पूर्ववत, पृष्ठ २६ ।

कविता संग्रह, मलाई माया गर्ने मान्छे २०६६ जगल संग्रह मिथक बिम्ब र प्रतीक २०६८ ताङका संग्रह आदि कृतिहरूमा कलात्मक निरर्वाता लेखन शिल्पशैली ताथ वैचारिक प्रयोगका दृष्टिले समेत परिपक्कता तथा व्यापक रुपमा भएको आञ्चलिकता, सामाजिक साँस्कृतिक मिथकको प्रयोग दृढता तथा किलस्ठता आदि वैषिस्ठ्यता पक्रिएर आईरहेको यिनको हालसम्मा अन्त कुनै तात्वीक भिन्नता राख्न सक्ने वैषिस्ठ्यता पनि नपाइएकाले यो २०५६ देखी २०७० सम्म आइपुग्दाको साहित्य यात्रलाई यसै दोस्रो चरणमा राख्न सकिने देखिन्छ भने यसै चरणमा यिनको कलात्मकता र साहित्य सृजनामा देखिएको परिपक्वताले यस चरणलाई विकाश चरणमा समेत राख्दा न्याय सँगत देखिन आउँछ ।

## ४.४ सगुन साहित्यमा देखापरेको प्रवृत्तिहरू

सगुन सुसराले साहित्यका विभिन्न सयममा विभिन्न विधाहरूमा कलम चलाएता पनि मुख्य गरेर हालसम्म मूलरुपमा कविता विधा र दोस्रो विधा आख्यान अन्तर्गतको कथा विधा नै रहेको पाइन्छ । यसैले यस खण्डमा सगुन सुसराको साहित्य यात्रामा देखापरेको मूल प्रवृत्तिहरूलाई निम्नानुसार विभक्त गरेर अध्यन, विश्लेषण गर्नु उपयुक्त देखिन्छ ।

१. कथागत प्रवृत्ति

२. कवितागत प्रवृत्ति

### ४.४.१.सगुनका कथागत प्रवृत्ति

सगुनका हाल सम्मप्रकाशित भई सार्वजानिक भएका कथाहरूमा 'श्रद्धाको फूल' (२०५६) कथा संग्रह मार्फत प्रकाशनमा आएका १० कथाहरू अहिले सम्म देखापरेका छन् । यीनै कथाहरूमा देखापरेका कथागत प्रवृत्तिहरूकै आलोकबाट यिनको कथागत प्रवृत्तिहरूको उल्लेख निम्न वुदाँहरूमा गरिन्छ :-

१. ग्रामीण समाजका विषयवस्तु चयन गर्ने प्रवृत्ति,

२. कथामा ग्रामीण समाजका जीवन्त चरित्रहरूको प्रयोग गर्ने प्रवृत्ति,

३. पश्चिमेली पन तथा संस्कृतिको विरोध र नेपाली पन, नेपाली संस्कृतिको बढुवा दिने प्रवृत्ति,

४. उच्च वर्गीय अहङकारको विरोध, निम्न वर्गीय पात्रहरूप्रतीको सहानुभूति राख्ने प्रवृत्ति,

५. निम्न वर्गीय ग्रामीण चरित्रलाई सदपात्रको भूमिका दिने, उच्च वर्ग तथा पश्चिमी प्रभाव ग्रहण गर्ने चरित्रलाई असत तथा खल चरित्रको भूमिका दिने प्रवृत्ति ,

६. स्थानीय परिवेशको चित्रण गर्ने प्रवृत्ति,

७. स्वच्छन्दतावादी भावप्रवाहमा कथालेख्ने प्रवृत्ति,

८. भाग्य तथा नियतिलाई कर्मसँग जोड्ने प्रवृत्ति,

९. असल चिरत्रको पतन र सत पात्रको उत्थान देखाउने प्रवृत्ति,

१०. आदर्शवादी सन्देश दिने प्रवृत्ति,

११. पाठकलाई सम्वेगको विरेचन भन्दा सिर्जित समस्याको समाधानतर्फ आग्रह गराउने प्रवृत्ति,

१२. सरल, सहज तथा आञ्चालिक भाषाशैलीको प्रयोग गर्ने प्रवृत्ति आदि श्रद्धाको फूल कथा संग्रहमा संग्रहीत रहेका कथाहरूमा पाइएका कथाका प्रवृत्ति छन् । यसर्थ कथाकार व्यक्तित्व सगुन सुसाराको हात सम्म प्रकाशनमा आएर सार्वजनिक भएका कथाहरू पनि यीनै कथाहरू मात्र भएकाले अहिले सम्म देखापरेका यिनका कथाका मूल प्रवृत्ति पनि यिनै हुन् ।

## ४.४.२.सगुनका कवितागत प्रवृत्ति ताङ्का

कवि सगुन सुसाराका अहिले सम्म 'माङफूनकोकाया कल्प' कविता संग्रहमा संग्रहित २३ कविता, मलाई माया गर्ने मान्छे । गजल कविता संग्रहमा ४८ गजल कविताहरू त्यस्तै 'मिथक, बिम्ब र प्रतीक' ताङ्का कविता संग्रहमा १९८ ताङ्का कविताहरू पुस्तकाकार कृतिका रुपमा देखा परेका छन् । यी कृतिहरूका अतिरिक्त फुट्कर रुपमा यिनका अन्य कविता रचना प्रकाशनमा आइरहेका छन् । यहाँ यिनको कवितागत प्रवृत्तिलाई यीनै तीन कृतिहरू मार्फत देखापरेका मूलभूत प्रवृत्तिहरूलाई निम्नानुसार बुदाँगत रुपमा उल्लेख गरिन्छ :-

१. जीवन जगतका व्यापक क्षेत्रहर जातइी तथा संस्कृतिक मिथकहरू, फुट्करकथा, पुराण, महाभारत, इतिहास तथा समासामयीक स्रोतहरूबाट भवि वा विषयवस्तु समायोजन गर्ने प्रवृत्ति

२. साहित्यिक नयाँ आन्दोलनका रुपमा उद्‌यमान उत्तरवर्ती सोचको कविता तथा ताङका रचनाहरूमा प्रयोग गर्ने प्रवृत्ति

३. कवितामा किराँत जातइी तथा संस्कृतिक पुराकथा मिथकहरूको व्यापक प्रयोग

४. लघु आयामिक कविता लेखनको प्रवृत्ति, यस अर्न्तगत फुटकर, गजल र ताङका रहेका छन् ।

५. फुटकर कवितामा दुर्वोध्य र क्लिष्ट भाषाशैलीको प्रयोग

६. फुटकरमा अमूर्त भाषाशैलीको प्रयोग गर्नु

७. ज्याक डेरीडाको विनिमय वादी सिद्वान्तको अनुसरण

८. परम्परागत मूल्य मान्यताको विरोध तथा नयाँ मूल्य मान्यताको खोज

९. गजलको मान्य परम्पराको अनुसरण गर्दागर्दै प्रयोगतर्फको चाँसो गर्ने

१०. ताङकाको मान्य सिद्धान्तमा रहेर ताङकाको रचना गर्ने प्रवृत्ति

११. ताङकामा व्यापकरुपमा जातइी सांस्कृतिक र ऐतिहासिक मिथक तथा प्राकृतिक विम्ब र प्रतीकको सशक्त प्रयोग

१२. ताङकाको लघु संरचना भित्र जीवन जगतका व्यापक पक्षलाई समेट्न सक्नु आदि सगुनका कृतिहरू भित्रका कविता, गजल तथा ताङकाका मूलभूत विशेषता हुन र कवितागत सगुनका विशेषता पनि यीनै हुन् ।

## ४.५. साहित्यका केही विधाहरूको सैद्वान्तिक स्वरुप/विकाशक्रम

साहित्य एक प्रकारको कला हो, जुन भाषाको माध्यमबाट अभिव्यक्त गरिन्छ । यसले भावनात्मक वा रागात्मक आनन्द प्रदान गर्दछ ।[५४] यसै गरी भाषिक अभिव्यक्तिको कलाका रुपमा रहेको साहित्यलाई वरण वा अपनाउने क्रममा कथ्यमा सिमित रहने साहित्यलाई कथ्य वा लोक साहित्य र लेख्य अन्तर्गत लेख्य साहित्य तथा पाठय साहित्य अन्तर्गत पर्दछ । लेख्य, पठप साहित्यलाई अभिव्यक्ति दिने विभिन्न ताउल तरिका छन्, तीने ताउल तरिकाका आधारमा साहित्यका विविध विधाहरूको विकास भएका छन् । यी विधाहरूका पनि विभिन्न

---

[५४]. माहादेव अवस्थी आधुनिक नेपाली खण्डकाव्य र महाकाव्यको विमर्श । (२०६४) इन्टेलक्युजलसुक प्यालिस किर्तिपुर , काठमाण्डौ ।

उपविधाहरूको पर्याप्त विकास भई सकेको छ। यहाँ साहित्य कविता विधा अन्तर्गत कविता, गजल र ताङ्का तथा आख्यान अन्तर्गतको कथा उपविधाको सैद्धान्तिक स्वरुपको परिचय निम्नानुसार दिईन्छ।

## ४.५.१ कविता विधाका फुट्कर कविता, गजल र ताङ्काको सैद्धान्तिक स्वरुप

साहित्यका विभिन्न भेदहरू मध्ये लयात्मक वा सांगीतिक भेदका रुपमा रहेको कविता विधा सबै साहित्यिक विधा भन्दा जेठो र सशक्त विधा हो।[५५] यस विधा अन्तर्गत पनि आयमगत, शैलीगत, बीचारगत जस्ता विभिन्न आधारमा कविता विधाका भेदहरू देखापरेका छन्। यस अन्तर्गत बृहत, बृहत्तर, मझौला र लघु स्वरुपका आयमगत कविताका भेद प्रचलित छ। पद्य, गद्य र चुम्पु जस्ता भेदहरू पनि रहेका छन् तर पद्य र चम्पु शैलीका कविता लेखन अहिले कम र गद्य लेखनको सकृयता अगाडि आएको छ। यस अन्तर्गत भने लघु कविता, कविताको उपविधा अन्तर्गत पर्ने साखाहरू फूटकर कविता, गजल र ताङकाका सैद्धान्तिक निरुपण निम्नानुसार गरिन्छ।

### ४.५.१.१ लघु कविताको सैद्धान्तिक स्वरुप

साहित्य इतिहासले सबैभन्दा लामो र लोक प्रियता प्राप्त गर्न सक्ने कविता विधाका सम्बन्धमा यो के हो र यसको स्वरुप कस्तो हुन्छ त भन्ने सवालमा विभिन्न कवि-चिन्तक तथा स्रष्ठाहरूले दिएको परिभाषाहरूको माध्यमबाट प्रष्ट हुने हुनाले यहाँ पाश्चात्य, पूर्विय तथा नेपाली विद्वान्हरूको परिभाषा यहाँ प्रस्तुत गरिन्छ।

#### ४.५.१.१.१ पाश्चात्य दृष्टिकोणमा कविताको परिभाषा

कविता भाषाका माध्यमबाट अभिव्यक्ति हुने अनुकरणात्मक कला हो। -अरस्तु[५६]

सर्वोत्तम क्रममा आएको सर्वोतम शब्द नै कविता हो। -कलरिज[५७]

कविता प्रबल अनुभूतिहरूको सहज उच्छलन हो, जुन शान्त समयमा संस्मरणात्मक रुपमा मनोवेगबाट प्राप्त हुन्छ। -वर्डस्वर्थ[५८]

---

[५५]. महादेव अवस्थी, पूर्ववत, पृष्ठ ३० ।

[५६]. रामचन्द्र भट्टराई, बालकृष्ण श्रेष्ठ, गुरुप्रसाद पोखरेल, आधुनिक नेपाली नाटक र फुटकर कविता (सिद्धान्त र विवेचना) दो.सं. कीर्तिपुर, काठमाडौं, दीक्षान्त प्रकाशन, २०६६) ।

[५७]. ऐजन ।

### ४.५.१.१.२. पूर्वीय साहित्यमा कविताको परिभाषा

शब्द र अर्थयुक्त रचनाकाव्य ।[५९] -भामह

संक्षेपमा भाव अभिव्यक्त गरीने अल्ङ्कार र गुणले युक्त एवम् दोषमुक्त पदावली नै काव्य हो ।[६०] -अग्निपुराण

गुण र अल्ङ्कारले परिष्कृत शब्दर्थ काव्य हो ।[६१] -वामन

रसात्मक वाक्य काम हो ।[६२] -विश्वनाथ

### ४.५.१.१.३ नेपाली दृष्टिकोणमा कविताको परिभाषा

शब्द, सङ्गीत, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो ।[६३] -माधवप्रसाद घिमिरे

मीठो कविता बोली चराको बोली झैं लाग्दछ । कविता निष्प्रयत्न निस्कन्छ । कविताको लयद्वारा मीठास र मोहनीले हृदयलाई इन्द्रणिले पक्रेर लगेझैं लाग्दछ ।[६४]

-लक्ष्मीप्रसाद देवकोटा

कविता जीवन जगत्का मूल्यवान अनुभवको काल्पनिक कलात्मक बहु वा मुक्त लयात्मक भाषिक सङ्कथन हो ।[६५] -बासुदेव त्रिपाठी

काव्य भनेको कुनै विषयमा वा कथा लिएर मनोहर शैलीको सूत्रमा गुथिएको शब्द र अर्थको समुचित योगात्मक गुटफन हो । -सोमनाथ सिग्देल

---

५८. रामचन्द्र भट्टराईबालकृष्ण भट्टराई, गुरुप्रसाद पोखेल पूर्ववत पृष्ठ ३१ ।

५९. ऐजन ।

६०. ऐजन ।

६१. ऐजन ।

६२. ऐजन ।

६३. रामचन्द्र भट्टराई, बालकृष्ण भट्टराई पृष्ठ ३१ ।

६४. ऐजन ।

६५. ऐजन ।

कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावलाई छन्द वा लयमा उनेर प्रस्तुत गरीएको पद्ययात्मक वा गद्ययात्मक साहित्यिक कृति वा रचना, काव्य, कविताको भाव वा कवि कर्म ।[६६] -बृहत नेपाली शब्दकोष

यी माथिका पश्चिमी, संकृत तथा नेपाली द्रिष्ट्रिकोणमा कविताका परिभाषाहरूको माध्यमबाट कविता त्यस्तो कलात्मक रचना हो जो जीवन जगतको अनुकरणइी, अनुभूतिजन्य, भावत्मक एवम रसात्मक छन्दमय शैलीमा कविद्वारा रचना गरीएको गद्य वा पद्य कुनै पनि पद्धति अपनाएको कलात्मक रचना नै कविता हो भन्न सकिन्छ ।

## ४.५.१.२ कविताका तत्व

कविताका पूर्ण संरचना तयार हुन आवश्यक संरचनात्मक घटकहरूलाई कविताका तत्व भनीन्छ । यहाँ कवितालाई संरचना प्रदान गर्ने तिनै कविताका तत्वहरूको संक्षेपमा चिनारी निम्नानुसार दिईन्छ ।

### ४.५.१.२.१ विषयवस्तु

कथावस्तु कविताको प्रथम र अनिवार्य अङ्ग हो । कवितामा कथावस्तु वीच वा गुदिका रुपमा रहेको हुन्छ । यीनै कथावस्तुको पृष्ठभूमिमा टेकेर कविताले पूर्ण संरचना प्राप्त गर्दछ । कवितामा प्रयोग हुन आउने कथावस्तु कविता कृतिको प्रकृति अनुरुप फरक-फरक रुपमा प्रयोग गरीएको हुन्छ । विशेषत प्रगीतात्मक कविताहरूमा भाव वा बीचार तथा आख्यानात्मक तथा नाटकइी कविता सृजनाहरूमा कार्यकरण श्रृङ्खला तथा द्वन्दको उचित समायोजन गरीएको कथानकको आयोजना गरीएको हुन्छ ।

### ४.५.१.२.२ चरित्र/पात्र

कुनैपनि कविता कृतिमा संलग्न रहने व्यक्ति, वस्तु वा सहभागिलाई पात्र वा चरित्र भनीन्छ । कवितामा प्रयुक्त रहने चरित्र वा पात्रहरू मानवीय तथा मानव दुवै वा कुनै पनि रहन सक्छ । यीनै मानवीय तथा मानवेत्तर पात्र वा चरित्रको माध्यमबाट नै कविताको कथानकले उचित गति प्राप्त गर्दछ । यसको प्रयोग प्रतीकात्मक कवितामा ऐच्छिक तथा आख्यानात्मक सृजनाहरूमा आख्यानात्मक घटनाक्रम संगसंगै बढेको हुन्छ ।

[६६]. बृहत नेपाली शब्दकोष (२०७०) नेपाल प्रज्ञा प्रतिष्ठान काठमाण्डौ ।

#### ४.५.१.२.३ परिवेश

कविताकालागि आवश्यक तत्वहरू मध्ये परिवेश एक अनिवार्य हो । परिवेश भन्नाले कविता कृतिमा प्रयुक्त हुने देश, काल, परिस्थितिलाई जनाउँछ । यसले घटेको घटनाक्रमको स्थान समय अवधि तथा घटना कसरी किन घट्न गयो भन्ने कुराको जानकारी यसबाट प्राप्त हुन छ ।

#### ४.५.१.२.४ उद्देश्य

कुनैपनि कला, वस्तु वा कविता कृतिको सृजना गर्नुका पछि कुनै न कुनै प्रयोग, इच्छा, आकांक्षा राखेको हुन्छ । त्यसैलाई उद्देश्य भनीन्छ । कविता सृजनाको उद्देश्यका सम्बन्धमा पूर्वीय तथा पाश्चात्य जगतमा धैरै चर्चा परिचर्चा भएको पाइन्छ । यस हिसाबले कविता सृजनाका लागि उद्देश्य अनिवार्य कविताको तत्व हो, यसको अभावमा कविता सृजना, कला सृजना नभएर फिक्का बन्ने देखिन्छ । विशेष रुपमा कविता सृजनाका पछि रसको आस्पाटन गराउनु, आनन्द दिलाउनु, शिक्षा दिनु जस्ता व्यवहारिक तथा वैयकि ज्ञान दिलाउनु जस्ता उद्देश्य नै कविता सृजनाको मूल उद्देश्यका रुपमा रहने देखिन्छ ।

#### ४.५.१.२.५ दृष्टिविन्दु

दृष्टिविन्दु लेखकले भावक वा पाठकलाई आफ्नोभ ाव वा बीचार प्रस्तुत गर्ने पद्धति हो । यसैको माध्यमबाट सर्जकले आफ्नो सृजना आफ्नो उद्देश्यलाई पाठक समक्ष प्रस्तुत गर्दछ । दृष्टिविन्दु दुई किसिमका छन् प्रथम र तृतइी दृष्टिविन्दु । यी दृष्टिविन्दुहरूको प्रयोग कवि सर्जकले कविता सृजनाको प्रकृति तथा आवश्यकताका आधारमा प्रयोग गर्दछ ।

#### ४.५.१.२.६ भाषाशैली

साहित्यिक काव्यकला भनेकै भाषाशैलीगत कला हो । कविता सृजना लयात्मक तथा गेयत्मक स्वरुपबाट आएकाले यसका लागि वा कविता सृजनाको कलामूल्य प्राप्तिको लागि पनि यसको ठूलो महत्व छ । यसैले यसका लागि उचित भाषाशैलीगत भाषागत र विन्यासमा उचित चमत्कार उत्पन्न गर्नुपर्ने हुन्छ । यस अन्तर्गत विभिन्न, भाषा, शैली, लय, विम्व, प्रतीक, अलङ्कार आदिको समावेश रहन्छ ।

### ४.५.१.३ कविताको वर्गीकरण

कविताको विकासक्रमको यात्रालाई हेर्दा, यसको सुदीर्घ परमपरा रहेको छ । पूर्वीय तथा पाश्चात्य जगतमा यसलाई ज्यादै सम्मानित र वैभवसाली तथा सबैभन्दा जेष्ठ साहित्यिक विद्याको रुपमा स्वीकार गरेको छ । यसरी पूर्वीय तथा पश्चात्य जगतमा ज्यादै लोकप्रिय मानिएको कविता विधाको वर्गीकरणको विषयलाई लिएर विभिन्न समीक्षाशात्रीहले कविताको वर्गीकरण गर्न खोजेका छन् । ता पनि अहिले सम्म पूर्वीय तथा पाश्चात्य दुवै जगतमा कविता वर्गीकरणको सर्व स्वीकार्य मत अगाडि आउन सकेको छैन । यहा त्यही पूर्वीय तथा पाश्चात्य समीक्षाशास्त्रीहरूले कविताका वर्गीकरण सम्बन्धमा दिएका अभिमतलाई संक्षिप्तमा निम्नानुसार उल्लेख गरिन्छ ।

पूर्विय साहित्यमा कविताको परमपरालाई हेर्दा वैदिक संकृत कालमानै यसका गद्य र पद्य रुप भेटिन्छन् । भने लौकिक संस्कृत साहित्यमा वामनले विषयवस्तुका आधारमा गद्य, पद्य भेद गरेका छन् र गद्यलाई निबद्ध, अनिबद्ध र पद्यलाई समय, अर्धसम, षिय गरी बर्गीकरण गरेका छन् ।

पाश्चात्य साहित्यमा पनि कविता बर्गीकरणको परमपरालाई हेर्दा, प्रबन्ध काव्य, गीतिकाव्य, नाट्यकाव्य गरी रुपात्मक वर्गीकरण गर्दै तीन स्वरुपमा र शैलीगत रुपमा वर्णनात्मक र अनुभूतिप्रधान गरी दुई रुपमा वर्गीकरण गरीएको भेटिन्छ ।

नेपाली साहित्यमा कविताको वर्गीकरण गर्ने क्रममा एक विद्वत समीक्षाशास्त्री सोमनाथ सिग्देलले गद्य, पद्य र चम्पू गरी तीन रुपमा वर्गीकरण गर्न पुगेका छन् । हाल नेपाली साहित्यको कविता विद्याको वर्गीककरणका सम्बन्धमा निम्न आधारहरूमा गरीएको वर्गीकरणलाई प्रामाणिक र आधिकारिक मान्ने गरिन्छ ।

#### ४.५.१.३.१ विषय वस्तूको आधारमा

विषय वस्तुको आधारमा कविताको वर्गीकरण ऐतिहासिक पौराणिक, सामाजिक र मौलिक, उत्पाद्य भनी वर्गीकरण गरीएको छ ।

##### ४.५.१.३.१.१ ऐतिहासिक

यस किसिमको कविताले ऐतिहासिक घटनाक्रमबाट विषयवस्तू लिएको हुन्छ । ऐतिहासिक पेरिफेरिमानै आधारित रहेर कवितामा कला भने श्रष्ठा लालायीत रहन्छन् ।

४.५.१.३.१.२ पौराणिक

यस किसिमको कविताले वैदिक र पुराणमा आधारित विषयवस्तुहरू लिई अंगिकार गरेको हुन्छ

४.५.१.३.१.३ सामाजिक

सामाजिक विषयवस्तुलाई वा समाजमा घट्ने घटनावलिहरूलाई समेटेर तयार पारिएको कविता सामाजिक विषयवस्तुमा आधारित कविता हुन्छ ।

४.५.१.३.१.४ मौलिक/उत्पाद्य

कविले कविता सृजना गर्दा प्रयोग गर्ने काल्पनिक वा आफ्नै मनो रचनाद्वारा तयार गरेको विषयमा आधारित कविता सामाजिक विषयवस्तुमा आधारित हुन्छ । भने कुनै पनि घटनावली प्रसिद्ध, प्रख्यात, चालचलनका रुपमा रहेको कथावस्तुमा आधारित कविता छ भने त्यस्तो कवितालाई उत्पाद्य कथावस्तुमा आधारित कविता भनिन्छ ।

४.५.१.३.२ रुपका आधारमा

साहित्यकै एक विशेष विधाका रुपमा रहेको कविता विद्यालाई वर्गीकरण रुपका आधारमा निम्नानुसार गरीएको छ । जस्तो : मुक्तक, फुटकर कविता, खण्डकाव्य, माहाकाव्य, विकसनशीलमाहाकाव्य र विकसित महाकाव्य

४.५.१.३.२.१ मुक्तक कविता

यस किसिमको कविताको स्वरुप एकभावको एकझुल्को दिने एक सानू टुक्र जस्ता कविता यस अन्तर्गत पर्दछ ।

४.५.१.३.२.२ फुटकर कविता

यस किसिमको कविताको स्वरुप मुक्तक भन्दा केही ठूलो आयामको तर खण्डकाव्य भन्दा साना आयामका कुनै प्रसंग, भाव वोक्ने सक्ने खालका कविताहरू यस अन्तर्गत पर्दछन् ।

४.५.१.३.२.३ खण्डकाव्य

रुपगत आधारमा हेर्दा खण्डकाव्य फुटकर कविता भन्दा आयामगत हिसाबले ठूलो र माहाकाव्यभन्दा सानो कुनै एक घटनाको एक प्रसंग वा कुनै जीवनको एक अंस वा हिस्सा वोक्न सक्ने मझैला आयामिक स्व रुपको कवितानै खण्डकाव्य हो ।

४.५.१.३.२.४ महाकाव्य

रुप वा स्वरुपगत आयामका आधारमा हेर्दा माहाकाव्य खण्डकाव्य भन्दा ठूलो र विकसित तथा महाकाव्य भन्दा सानो आयामको हुन्छ । यस किसिमको काव्य, कविताले सिङ्गो मानव जीवनको समग्र पक्षलाई समेट्न सकेको हुन्छ ।

४.५.१.३.२.५ विकसनशील महाकाव्य

विकसनशील महाकाव्य, महाकाव्य भन्दा वृहत आयमको हुन्छ । यसमा जीवन जगतका व्यापक क्षेत्रहरूलाई समेट्दै लगभग विकसित माहाकाव्यको उचाईमा पूग्न खोजिको हुन्छ । यस अन्तर्गत लोकमाहाकाव्यहरू पर्दछन् ।

४.५.१.३.२.६ विकसित माहाकाव्य

कविताको वृहत आयामिक स्वरुप प्राप्त विकसनशील माहाकाव्य जीवनजगतको व्यापक पक्षहरूलाई समेट्दै माहानजातीको महानतम आत्मगौरवताको प्रतिनिधित्व गर्ने मूल घट्नामा अनेकौं आख्यान तथा उपाख्यानको समायोजन गरीएको विशालकाय संरचना प्राप्त काव्य नै विकसित माहाकाव्य हो । यसका उदाहरणका रुपमा पूर्वका रामायण र माहाभारत जस्ता माहाकाव्यलाई लिन सकिन्छ भने पशिचमका होमरका ‘इलियड’ र ‘ओडिसि’ लाई लिन सकिन्छ

४.५.१.३.३ शैलीगत आधारमा

कविताको वर्गीकरण गर्दै जाने क्रममा शैलीका आधारमा औपदेशिक, नीतिपरक, आदर्शवादी, यदार्थवादी व्ययाङ्ग्यात्मक, प्रहसनात्मक, वर्णनात्मक विवरणात्मक विचित्रमार्गी जस्ता विभिन्न शैलीमा वर्गीकरण गरीएको छ । यस्को संक्षेपमा निम्नानुसार चर्चा गरिन्छ ।

४.५.१.३.३.१ औपदेसिक शैली

समाजमा हुने गरेको अनेकौ विकृति र विसङ्गतिलाई हटाई आदर्श समाज स्थापनाकालागी विभिन्न नैतिक, उपदेश समाजसुधार जस्ता ढाँचा वा पद्धति अपनाएर लेखिएका कविता यस किसिमका कविता अन्तर्गत पर्दछन् ।

४.५.१.३.३.२ नीतिपरक शैली

शास्त्रिय नीति नियमको अक्षरस पालना गर्दै परिष्कार पूर्ण भाष शैली अपनाएर लेखिएको कविता यस किसिमको कविता अन्तर्गत पर्दछन् ।

. ४.५.१.३.३.३ आदर्शवादी

आदर्श समाज स्थापनाकालागी समाज जस्तो छ त्यस्तो होइन यस्तो हुनु पर्छ भन्दै असल चरित्र निर्माण गर्ने, असल शिक्षा दिने प्रतीकुल पात्रको पतन र अनुकुल पात्रको विजय वा उत्थान देखाउने शैलीमा तयार गरीएको कविताहरू यस श्रेणीमा पर्दछन् ।

४.५.१.३.३.४ यदार्थवादी शैली

समाज र समाज भित्रको घटनाक्रमहरू जस्तो छ  त्यस्तै फोटो ग्राफिक पद्धति वा ढाँचालाई अपनाउदै समाजका संस्कृतिक, भाषिक, जीवनशैलीलाई समेटेर सृजना गरीएको कविता काव्य यस दर्जा अन्तर्गत पर्दछन् ।

४.५.१.३.३.५ व्यङ्गयात्मक शैली

पाठक वर्गलाई विभिन्न किसिमका मनोरञ्जन दिदै समाजका विविध विकृति, विसंगति, भ्रष्ट चरित्र माथि तीखो वाण  प्रहार गर्ने शैलीमा वा पद्धतिलाई अपनाएर सृजना गरीएको कविता यस वर्गका कविता अन्तर्गत पर्दछन् ।

४.५.१.३.३.६ प्रहसनात्मक

प्रहसनात्मक वा नाटकीय पद्धतिलाई अपनाएर लेखिएको कविता प्रहसनात्मक शैलीको कविता अन्तर्गत पर्दछ । यो रंगमञ्चइी शैली वा पद्धति अपनाएको हुन्छ ।

४.५.१.३.३.७ विवरणात्मक शैली

कुनै पनि घट्नालाई जस्तो छ त्यही रुपमा विना दुराग्रह सुरु देखी अन्त सम्म क्रमिक रुपले पाठक वा स्रोतालाई सुनाउने वा बताउने या देखाउने शैली अपनाएमा यस प्रकृति विवरणात्मक शैली अपनाएको कविताको वर्गमा पर्दछ ।

४.५.१.३.३.८ वर्णनात्मक शैली

कुनै पनि घट्नाको बारेमा के छ । कस्तो छ किन र कसरिभयो भनेर त्यसको वारेमा वास्तविकता दर्शक वा पाठक वर्गलाई अवगत गराउदै लेखिएका कविताहरू यस किसिमको वर्णनात्मकशैली अन्तर्गत पर्दछन् ।

४.५.१.३.४ वादका आधारमा

कविता विधालाई विभिन्न आधारहरूबाट वर्गीकरण गर्दै जाने क्रममा यसलाई विभिन्न वादहरूका आधारबाट पनि वर्गीकरण गरीएको छन् । जस्तै, परिष्कारवाद, स्वच्छन्दतावाद, यदार्थवाद, आर्दशवादवाद, प्रकृतिवाद, प्रयोगवाद आदि विभिन्न वादहरूमा वर्गीकरण गरीएको छ । जस्तो संक्षिप्त चर्चा निम्नानुसार गरिन्छ ।

४.५.१.३.४.१ परिष्कारवाद

नीति, उपदेश र आर्दशको अनुसरण गर्दै शास्त्रईतावादी मूल्य मान्यताको आधारमा कलात्मक भाषा पक्षलाई भन्दा शिल्प पक्षलाई मूल आधार स्तम्भको रुपमा लिएर लेखिएका कविताहरू यस कविताको परिष्कारवादी धारा अन्तर्गत पर्दछन् । यस क्षेत्रका कवि श्रष्ठा, सर्जकहरूले भाषाको व्याकरणीक पक्ष, खारिएका, माझिएका, शास्त्रई छन्दहरूको कठोर नियममा आधारित रहेर कृति वा रचनालाई ज्यादै परिष्कार, परिमार्जन गर्न रुचाउँछन् भने परम्परागत महान सृजनाहरूको समय सापेक्ष पुन रुपान्तरण र परिमार्जन बाट स्वास्थ र आदर्श समाजको स्थापना गर्न सकिन्छ भन्ने कुराको विश्वास यसले राख्दछ ।

४.५.१.३.४.२ स्वाच्छन्दतावाद

पश्चिमा विद्वान श्रष्ठा, सर्जक तथा चिन्तकहरू जिनज्याकस रुसो, विलियम वर्कवोर्थ, कलरिज तथा वाइरन द्वारा प्रभावित रहेर लेखिएका कविता रचनाहरू यस वर्गमा पर्दछन् । यस क्षेत्रका कवि कवियत्रिहरूले परमपरागत नीति, आर्दश, परिष्कार र परिमार्जनको कठोर नीति नियमको, मुल्य मान्यताको व्यावस्था गर्दै स्वास्फूत भाव लहरिया

लहसिएर स्वच्छन्द अभिव्यक्तिलाई आत्मसाथ गर्दै भावुकता, अतिसय कल्पना, मानवतावादी दृष्टिकोण प्रकृतिप्रतीको विद्रोहि भावको अवधिवारे सृजना गराउने खालका कविताहरूको सृजनागर्नु यस स्वाच्छन्दतावादी बीचारधाराका कवि कवियात्रीहरूको मूल वैषिढ्यत पनि हो ।

४.५.१.३.४.३ यदार्थवाद

यदार्थवाद फोटो ग्राफिक पद्धति हो । यसमा कुनै पनि समाज वा घट्नाको वास्तविकता के छ को जस्ताको तस्तै कुनै अनुग्रह विनानै बाहिर ल्याउने कार्यमा विश्वास गर्दछ । यो बीचारधारा पनि पश्चिमी चिन्तक तथा श्रष्ठा सर्जकहरूकै देन हो । यसै चिन्तन धारा वा बीचारधारामा रहेर कविता सृजनामा लागेका कवि कवियत्रीहरूको सृजनवा कृतिहरूनै यदार्थवादी कविता अन्तर्गत पर्दछन् । यस किसिमको बीचारधारामा आधारित रहेको कवि/कवियत्रि (श्रष्ठा/सर्जक) हरूले सामाजिक, परम्परा, संकुचित संस्कार आर्दश आदिको पूर्ण व्यवस्था गर्दै मानवीय सास्वत विशेषताहरू र त्यसद्वारा उद्घाटित घटनाहरूको उजागर गर्ने कुरामा विश्वास गर्दछन् ।

४.५.१.३.४.४ आदर्शवादी कविता

आदर्श समाज स्थापनाका लागि कविताको माध्यमबाट पाठक र स्रोता वर्गलाई आदर्शको पाठ गराउने, नीति नियमका कुरा दिने अर्ति उपदेश दिने भ्रष्ट र दोस युक्त चरित्रको पतन तथा आदर्श चरित्रको उत्थान देखाउने र समाजलाई आदर्शमय वनाउने उद्देश्य अनुरुप कवि-कवि यत्रिद्वारा सृजनागरीएको कविता यस आदर्शवादी कविताको कोटीमा पर्ने गर्दछन् ।

४.५.१.३.४.५ प्रकृतवादी कविता

प्रकृतिद्वारा सिर्जित प्राणीहरूमा प्रकृतिको देन स्वरुप प्राप्त गरेका सास्वत गुणहरूबाट मानवीय प्राणी पनि अछुतो छैन यसर्थ मानवीय प्राणीलाई मानवीय सभ्यता, संस्कृति र नैतिक सामाजिक वन्दन्धद्वारा छुटाएर उसको सास्वत गुणहरूको आधारमा उसले गर्ने व्यावहारहरूको चित्रण कविताको माध्यबाट गर्नु पर्छ । भन्ने मान्यता प्रकृतवादी कविताको अन्तर्गत पर्दछ । यस किसिमको कविताले समाजमा मानवीय सास्वत गुणहरू जुन पशुवत छन् । जस्का कारणले समाजमा सिर्जित घटनाहरूको चित्रणमा जोड दिन्छ ।

भने अर्को तर्फ यसले अन्य विषय भन्दा अरु बढी यौनिक विषय प्रति विशेष प्राथमिकता दिन्छ । भने समाजका नैतिक, आदर्श र समाजिक संस्कारको पूर्ण व्यावस्था गर्दछ ।

.४.५.१.३.४.६ प्रयोगवादी कविता

परमपरागत मूल्य र मान्यताले सीङ्गो मानवीय जीवन जगतको उजागर गर्न सक्दैन् । जस्का लागी नवीन शिल्प, शैली चिन्तन तथा प्रयोगहरूको जरुरत छ । भन्दै वर्तमान युग व्यवस्थाहरू प्रति असहमति र नव-नव व्यवस्थाहरूको खोजि गर्ने अस्तित्ववादी विसंगतिवादी, निशारतावादी विसंरचनावादी जस्ता आधुनिक नवचिन्तनहरूको समष्ट्रि प्रयोग गरिएका कविताहरू यस कोटी अर्न्तगत पर्दछन् ।

४.५.१.३.५ बनोटका आधारमा

कविता विधाको वर्गीकरण गर्दै जानेक्रममा बनोटका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । जस्तै भावकाव्य, गीतिकाव्य, नाट्ककाव्य, औपन्यासिककाव्य जस्ता बनोटका आधारमा वर्गीकरण गर्न सकिन्छ । संक्षिप्तमा यी बनोटका आधारमा वर्गीकरण गरीएका कविताहरूको चर्चा निम्नानुसार गरीएको छ ।

४.५.१.३.५.१ भावकाव्य

भावयुक्त काव्य वा आख्यान रहति कविताकाव्य नै भावकाव्य हो । यस किसिमको कविता काव्यमा आख्यान हुदैन यदि भए पनि ज्यादै झिने मात्रामा रहेको हुन्छ । यसमा केवल भावप्रभावहको गुथीहरूद्वारा सुसज्जित रहेको हुन्छ ।

४.५.१.३.५.२ गीतिकाव्य

यस किसिमको कविता काव्य गीतिलयमा आधारित हुन्छ । गीत+काव्य मिलेर नै गीतिकाव्य भएकाले यसले गतिलयले भरिएको काव्य वा त्यसकाव्यलाई गीतकोलयमा गाउँन सकिन गेयात्मकता छ भन्ने जनाउछ । यसरी गीतको भाका, लय, शैलीमा वा गीति पद्धतिद्वारा वनाएको काव्यलाई गीति काव्य भनीन्छ ।

४.५.१.३.५.३ नाट्य काव्य

प्रहसनात्मक पद्धतिलाई अपनाएर लेखिएको कविताकाव्यलाई नाट्कीय काव्य भनीन्छ । कवितामय शैलीमा नाटकीय कार्यव्यापार हुनु, सम्वाद, घटनाको जानकारी, वर्णन

कवितामय शैलीमा हुनु जस्ता नाटकीय शैली अपनाएर लेखिएको कविता-काव्यलाई नाट्यकाव्य भिनिन्छ ।

यसरी कविता विधाको वर्गीकरण गर्नेक्रममा हालसम्म कविताका क्षेत्रमा देखापरेका र प्रचलनमा रहेका कविता वर्गीकरणका आधारहरुमा विषयवस्तु , रुप, शैली, वाद तथा बुनोट आदिलाई मूल आधार मानि कविताको वर्गीकरण गरिएको हो । यहि कविता बर्गीकरणको परमपरा नै हालसम्मको सबैभन्दा मान्यपरमपरा हो ।

## ४.५.२ गजलको सैद्धान्तिक स्वरुप

गजलको परिभाषा गजल नेपाली साहित्यको कविता विधा अन्तर्गत उर्दू, फारसी, हिन्दी हुँदै आएको प्रेम सम्बन्धी कविता भन्ने बुझिन्छ र यो गजल कविता नेपाली साहित्यको कविता विधा अन्तर्गत लघु आयामिक उपविधाको शाखाका रुपमा रहेको छ । गजलको वास्तविक र सैद्धान्तिक स्वरुपलाई साहित्यिक रुपमा ठम्याउनका लागि त्त सम्बन्धी दिएका महत्वपूर्ण परिभाषाहरू नै नियाल्नु पर्ने हुन्छ । यसका लागि यहाँ गजलका महत्वपूर्ण परिभाषालाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

गजल उर्दू र फारसी कविताको एक प्रकार हो । यो पाँच देखि एघार शेरमा संरचित हुन्छ ।[६७]

**-उर्दू-हिन्दी शब्दकोष**

उर्दू र फारसीमा लेखिने, तापिकाको सौन्दर्य र उस प्रतीको प्रेमको वर्णन हुने त्यस्तो कविता भेद जसमा पाँचदेखि एघार शेर हुन्छ ।[टड]

-नेपाली बृहत शब्दकोष

गजल फारसी उर्दूको एक प्रकारको पद्य हो ।[६९]

-प्रमाणिक हिन्दी कोष

६७. कृष्णप्रसाद आचार्य, लोक साहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध (क्षितज प्रकाशन, २०६८) ।

६८. बृहत नेपाली शब्दकोष, पूर्ववत् ३३ ।

६९. कृष्णप्रसाद आचार्य, पूर्ववत् पृष्ठ १७ ।

प्रेम तथा अन्य विषयसंग सम्बन्धित खास प्रकारको संरचना भएको लघु रुपको सङ्गीतप्रधान कविता+विशेष भन्ने हुन्छ ।[७०]

-कृष्ण हरि वराल

यी महत्वपूर्ण परिभाषाहरूको अन्वेषणबाट गजल उर्दू, फारसी हुँदै नेपालीमा प्रवेश भएको विशेषत प्रेम तथा अन्य विषय पनि वर्णन हुन सक्ने कलात्मक, गेयात्मक संक्षिप्त र पूर्ण संरचना भएको लघु कविताको रुप भन्न सकिन्छ ।

४.५.३ गजलको संरचनात्मक तत्वहरु

गजल कविताले पूर्ण संरचना प्राप्त गर्नका निम्ति आवश्यक अवयबहरूको उचित समायोजनको आवश्यकता पर्दछ । गजल कविताका लागि आवश्यक अवयब भन्नाले शेर, मिसरा, मतला, मकता, तखलुस, काफिया, रदीफ तथा वहरहरूलाई बुझाउछ । यी गजलमा प्रयोग हुने संरचनात्मक अवयबहरू गजलको आफ्नै परम्परा अनुसार प्रयोग हुँदै आएकाले यो अन्य विधाहरू भन्दा फरक विधाका रुपमा देखिन्छ । यहाँ संक्षिप्तमा यी अवयबहरूको चिनारी निम्नानुसार दिइन्छ :

४.५.३.१. शेर

शेर गजलको आधारभूत एकाइ हो । गजलमा प्रयुक्त हुने दुईपंक्ति वा मिसराको एक शेर हुन्छ । गजलमा रहेको परम्परा अनुसार गजलका लागि कम्तिमा ५ देखि ११ शेरसम्मको हुन राम्रो मानिन्छ । गजलमा प्रयुक्त हुने प्रत्येक शेरको आफ्नो छुट्टै स्वतन्त्र अर्थ दिने हुन्छ, यसमा प्रत्येक शेरको अर्थगत नयाँपन रहन सक्छ तरपनि शेर समुह बीचमा अर्थको पूर्वावत सम्बन्ध रहनु राम्रो मानिन्छ ।

४.५.३.२ मिसरा

गजलमा प्रयुक्त हुने एक पंक्तिको एक मिसरा हुन्छ । एक मिसरा आफैमा स्वतन्त्र र पूर्ण रहन सक्दैन, जस्का लागि दोस्रो मिसराको आकंक्षा अपेक्षा गर्दछ । यसरी दुई मिसराको संयुक्त रुप नै गजलको शेर रुपान्तरण हुन्छ ।

---

७०. ऐजन ।

४.५.३.३ मतला

जुन गजल कविताको शेर मा दुवै मिसरा समतुकान्त वा समान अनुप्रास युक्त हुन्छ । त्यसैलाई मतला भनिन्छ । सामान्यतमा गजलको पहिलो शेर नै मतलाको रुपमा आएको हुन्छ । गजल परमपरामा प्रयुक्त मतलाको शाव्दिक अर्थ पनि उदाउन भन्ने भएकाले पनि गजलको पहिलो शेर नै मतला हुन उचित नै ठर्हछ ।

४.५.३.५ मकता

कुनै पनि गजलकारले गजल लेख्ने क्रममा आफ्नो नाम वा उपनाम राखेर गजलको कुनै शेरको निर्माण गर्न सक्छ । यदि त्यसरी निर्माण गरीएको शेर छ भने त्यस्तो शेरलाई नै मकता भनीन्छ । सामान्यतया गजलको अन्तिम शेरमा मकता हुने गर्दछ  तर कति पय गजलहरूमा मकताको प्रयोग गरीदैन भने कतिपयमा एक भन्दा वढी पनि प्रयोग गरीएको पाइन्छ ।

४.५.३.५. तखलुस

गजल कविता लेख्ने क्रममा गजलकारले कुनै पनि शेरमा आफ्नो नाम वा उपनामको प्रोग गर्न सक्छ । यदि त्यसरी प्रयोग गरीएको छ भने त्यसलाई तखलुस भनीन्छ ।

४.५.३.६ काफिया

काफिया गजलमा प्रयोग हुने महत्वपूर्ण अंग हो । काफियाको अर्थ अनुपस वा तुक भन्ने हुन्छ । गजलको हरेक शेरमा आउने रदिफ पूर्वको एउटै समध्वनी शव्दहरू नै काफिया हुन् । गजल गेयात्मक विधाभएकाले काफियाले गजलको लय सृजनाको लागि ठूलो सहयोग गर्दछ ।

४.५.३.७ रदिफ

रदिफ हरेक शेरको काफिया पछि आउने अनुप्रासमय शव्द वा शव्द समूह हो । गजलको प्रत्येक शेरमा काफियाको प्रयोग अनिर्वाय रहेपनि रदिफको प्रयोग भने एच्छिक हो

ता पनि गजल कविताको गेयात्मक विधा भएकाले रदिफको प्रयोग हुन लय सृजनाको महत्वपूर्ण भूमिका खेल्छ ।

### ४.५.३.८ बहरहरू

गजल परमपरा अनुसार गजलमा प्रयुक्त हुने छन्दलाई गजलका बहर भनिन्छ । गजलको बहरहरूको निमार्ण अरकानबाट हुन्छ । यो संकुतमा प्रयोग हुने छन्दको गण व्यावस्था जस्तो हो यसलाई उर्दु फारसीहरू अरकान भन्दछन् ।

### ४.५.४ ताङकाको सैद्धान्तिक स्वरुप

ताङका जापानी प्राचीन ३१ अक्षरयूक्त लघु आयमिक काव्यकला हो ।[७१] यसको प्रयोग आढाँ शताव्दीको उतदार्धमा चिनिया अक्षरहरूमा देखिएका कविताहरूको विशाल संग्रह मानयेश जो जापनीहरूमा प्रसिद्ध रहेको छ[७२]मा रहेको छ । यसले हुर्कन्दै जाने क्रममा १२ औ सताब्दीमा मान्यता प्राप्त गरि दोस्रो विश्वयुद्ध पश्चात व्यापक प्रयोगमा आयो र यो परमपरा व्याप्क्त रहयो ।[७३]जापानीहरूको ढुकढुकीका रुपमा रहेको ताङका (क्षेत्रप्रताप अधिकारी। हिमजुलफूल) कविताहरू क्षेत्रप्रताप अधिकारीद्वारा नेपालीमा हिम जुन फूल नामक ताङ्कासंग्रह २०५१ बाट भएपछि तथा क्षेत्रप्रताव अधिकारी स्वयमले विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रुपमा नेपालीमा ताङ्का लेख्ने र प्रकाशनमा ल्याएर नै नेपाली काव्य कलाका क्षेत्रमा बाँधिक तथा हिम्मतवान स्रष्ठाहरू यस क्षेत्रमा सलबलायमान भएर ताङ्का सृजनाको पारो तातिएको छ ।[७४] (जीताली) यसरी नेपाली काव्यकलाका क्षेत्रमा देखापरेको नयाँ ताङ्का नेपाली मौलिक नभएर जापानीमा आधारित काव्यकलात्मक विधा हो ।[७५]

जापानी भूमिबाट नेपाली साहित्यको कविता विद्या अन्तगत लघु आपमिक उपविद्याको साखाको रुपमा प्रयोग ल्याएको ताङ्काको यथा सैद्धान्तिक स्वरुप ढम्याउनका

---

[७१]. बमबहादुर थापा, जिताली, जापानी छन्दमा नेपाली कविता (२०६८) ।

[७२]. ऐजन ।

[७३]. ऐजन ।

[७४]. बमबहादुर थापा, जिताली पूर्ववत पृष्ठ ४६ ।

[७५]. सगुन सुसारा, मिथन, थिम्ब र प्रतीक, (२०६८, स.पा.) ।

लागि यसक्षेत्रका विद्त समीक्षा शास्त्रि तथा स्रष्ठाहरूको परिभाषातथा मान्यतालाई अनुसार गर्नु पर्ने नै हुन्छ । यसक्रममा जापानी ताङ्कालाई नेपाली साहित्यमा भित्रयाउन क्षेत्र प्रताप अधिकारीले ताङ्का सम्वन्धमा यसरी उल्लेख गरेका छन् । ताङ्का जीवनी हो ताङ्का प्रणया हो । ताङ्का विम्व हो । जीवन, प्रणय र बिम्व एकाकार हुँदा बन्छ ताङ्का (हिम जुन फूल) । यसै गरी एक अर्का प्रसंगमा यीनले ताङ्का, पाँच-सात पाँच-सात -सात अक्षरको पाँच र हरफमा लेखिन अर्थत एकतीस यो सैली जापानीहरूको ढुकढुकी हो भनेका छन् ।[७६](हिम फुनफूल) यसै गरी जापानमा प्रचलित रहेका छन्दहरू नेपाली कविताका कसरी प्रयोग भई रहेका छन् त भन्ने सम्बन्धमा समीक्षा गर्ने एक समीक्षाशास्त्री प्रा. बमबहादुर थापा 'जिताली' ले ताङ्काका सम्बन्धमा पाँच, सात, पाँच, सात र सात गरी ३१ अक्षर समूहका पाँच वार्णिक छन्दशैलीमा संरचित छोटो मीठो ल्यात्मक अभिव्यक्तिलाई वाका वा ताङ्का भनीन्छ[७७] भनेका छन् ।

यी स्रष्टा तथा समीक्षाशास्त्रीहरूले राखेका महत्वपूर्ण मान्यतालाई अध्ययन विश्लेषण गरेर हेर्दा ताङ्का ५-७-५-७-७ गरी ३१ अक्षर समूहको ५ वार्णित छन्दमा यसको संरचना तयार हुने लघु आयामिक कविता हो । यो लयात्मक अभिव्यक्ति हुनुका साथै यसले जीवन जगतका व्यापक पक्षहरू प्रकृति, संस्कृति, ऋतु, प्रेम, प्रणय आदि-आदिलाई समेट्न विभिन्न मिथक-विम्व र प्रतीक प्रयोग भूमि तथा आफूमै पूर्ण र स्वतन्त्र लघु आयमिक कविता विधा ताङ्का हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

### ५.५.५ ताङ्काको विकास क्रम

ताङ्का नेपाली कला साहित्यका क्षेत्रमा देखा परेको नवआयातित विधा हो ।[७८]यस साहित्यिक विधा कविता विधाको लघु आयाम संरचना युक्त कविता हो । यसको पृष्ठभूमिगत विकासलाई हेदौ जापानको यो अति प्रचलित र अति प्राचीन विधा हो ।[७९]यो जापानमा वाका वा ताङ्काका नामले चिनिन्छ । विश्व-प्रसिद्ध ताङ्का लेखनको इतिहास

---

[७६]. ऐजन ।

[७७]. ऐजन ।

[७८]. सगुन सुसारा, पूर्ववत् पृष्ठ ३८

[७९]. राजकुमार पाँडे, जापानी छन्दमा नेपाली कविता (सं.२०६४, प्रकाशन, मर्स्याङदी वाङ्मय प्रतिष्ठान, काठमाडौः) स.पा. ।

१२,००० वर्ष भन्दा पुरानो छ । यसको प्राचिन शास्त्रइी मान्यता जो विशाल कार्य स्वरुपको कविता संकलनको ठ्यास्पु १०,००० पानाको संकलन रहेको छ ।[८०] यी दुई प्राचिन र विशाल ग्रन्थहरूमा ताङ्का कविताहरूको संकलित रचनाहरू रहेका छन् ।[८१] यसरी जापानमा प्रचलित ताङ्काले विकास हुँदै जाने क्रममा यसले सोह्रौं शताब्दीमा आएर शास्त्रइी मान्यता पायो भने यही ताङ्का वा वाकाको संरचनालाई टुक्राएर ५+७+५+७+७=३१ लाई ५,७,५=१७ अक्षरे हाइकाई बनेको जो जापानमा प्रसिद्ध छ । अन्तिमको ७,७ मा केही परिवर्तन गरी ५-७=१२ को दुई पङ्क्तिले शोककाव्य (इलेजी) को अवधारणा बनेको ।[८२] यसरी विकास हुँदै आएको ताङ्काले पुन दोस्रो विश्वयुद्ध पछि ठूलो हङ्गमा आयो ।

जापानीहरूमा अति प्राचीन र अति लोकप्रिय गीत कविताका रुपमा रहेको ताङ्काले क्षेत्रप्रताप अधिकारीद्वारा अनूदित हिम जून फूल नामक ताङ्कासङ्ग्रह (२०५१) को माध्यमबाट नेपाली कला साहित्यका क्षेत्रमा प्रवेश पायो ।[८३]क्षेत्र प्रताप अधिकारीको यो अनुदित ताङ्का संग्रह पछि विभिन्न पत्र पत्रिका मार्फत ताङ्का लेखन प्रकाश गर्नु तथा स्थापित स्रष्टाहरूले ताङ्का क्षेत्रमा कलम चलाउन थालेपछि नेपाली पन र नेपाली शैलीमा जापानी शैलीको ताङ्का पूर्ण रुपले भित्रिएको हो । यस हिसाबले नेपाली ताङ्का लेखनको इतिहास पुग नपुग दुई दशकको मात्र हुँदै छ ।

### ४.५.४ साहित्यमा सल्वलापमान आएको ताङ्का लेखन क्षेत्रमा लागेका ताङ्का स्रष्टाहरू निम्न छन्:-

क्षेत्रप्रताप अधिकारी, रामकुमार पाण्डे, पुष्कर लोहोनी, शशि भण्डारी, शान्तिनारायण क्षेष्ठ, विष्णुबहादुर सिंह, मोहनबहादुर कायस्थ, चन्द्रकला शाह, चेतनाथ धमला, धीरज गिरी 'कल्पित', वियोगीनि बुडाथोकी, सगुन सुसारा, राज माङ्लाक, बमबहादुर थापा जिताली आदि । यीनै स्रष्टाहरूले आधुनिक नेपालीमा ताङ्काको सृजना क्रम अगाडि बढाई रहेका छन् ।

---

८०. बमबहादुर थापा, जिताली पूर्ववत् ।

८१. ऐजन ।

८२. ऐजन ।

८३. ऐजन ।

### ४.५.५ नेपाली कविताको विकासक्रम

नेपाली कविताको विकासक्रमलाई हेर्दा नेपाल एकिकरण अभियानकोक्रममा सुवानन्द दासद्वारा लेखिएको शासक स्तुति पूर्ण कविता काव्य पृथ्वीनारायण शाह (वि.सं. १८००) बाट सुवारम्भ भई (मोहनराज शर्मा, खलु) अहिलेसम्मको समायावधि करिब २७० वर्ष पार गरेर आउदा नेपाली कविताले प्रसस्तै विशिष्ठटा हाँसिल गरीसकेको छ । तर पनि नेपाली कविताको विकासक्रम के कसरी भएको छ भनी र सर्वमान्य काल विभाजन भएको पाइन्दैन । यहाँ विशिष्ट सामाजिक अभिलक्षणका आधारमा तथा त्रि.वि. ले समेत स्वीकार गरेको यसका साथै धेरै जसो समीक्षा शास्त्रीहरूले समेत स्वीकार गरेको मत निम्न रहेको छ ।

१. प्राथमिक काल (१८०००-१९४०)

२. माध्यमिक काल (१९४१-१९७४)

३. आधुनिक काल (१९७५- हालसम्म)[८४]

नेपाली कविताको विकासक्रममा देखा परेको यी काल खण्डहरूको संक्षिप्त चिनारी निम्नानुसार दिइन्छ :-

#### ४.५.५.१. प्राथमिककाल (१८००-१९४०)

यो नेपाली कविताको प्रारम्भिक अवस्था हो । यसको सुरुवात सुवानन्द दासको पृथ्वीनारायण (१८००) कविता काव्यद्वारा सुरु भई मोतीराम भट्टको उदय १९४० सम्म कायम रहयो । यस चरणको सुरुमा बीरधाराका कविता सर्जक र सृजनाहरू सुवानन्द दासको पृथ्वीनारायण शाह, शक्तिबल्लभ अर्ज्याल तनहुँ भकुण्डे उदयनन्द अरियाल जसता सृजना र स्रष्टा देखा परे भने सुगौली सन्धी पछि यस चरणको उत्तरार्ध सुरु हुन्छ । यस अवधिमा भक्तिधारा अर्न्तगत कृष्ण भक्तिधारा, राम भक्तिधारा तथा निगुण भक्तिधारा अन्तर्गतका कवि र सृजानाहरू देखा परे यस अन्तर्गतका प्रतिनिधि रचना तथा स्रष्टा हुन् : इन्दिरसको गोपीका स्तुति (१८८०), वसन्त शर्मा । कृष्ण चरित्र (१८८४) रघुनाथ पोखरेलको सुन्दरकाण्ड, भानुभक्त आचार्यको भक्तमाला (१९१०), रामायण (१९१०)

---

[८४]. रामचन्द्र भट्टराई, बालकृष्ण श्रेष्ठ, गुरुप्रसाद पोखरेल, पूर्ववत् पृष्ठ ३३ ।

रामगीता (१९२५), शशीधरको वैराग्या स्वर, वाणोपनिषद, अखण्ड दिल्दासको उदय लहरी, भजन सङग्रह आदि यस चरण्को प्रतिनिधि स्रष्टा तथा सृजना हुन् ।

यस चरणमा देखापरेको कविताको प्रमुख प्रकृति र विशेषताहरूमा सुरुवातमा वीर रस युक्त काव्य सृजना गर्नु, शासकको माहनता र गौरवताको गान गाउनु तथा उत्तरार्ध चरणमा त्यस प्रवृत्तिलाई छाडेर कृष्ण तथा रामको भक्ति र स्तुतिमा आधारित रहेर कविता सृजना गर्नु यस चरणको मुख्य विशेषता हो ।

### ४.५.५.२ माध्यमिक काल (१९४१-१९७४)

नेपाली कविताको माध्यमिककाल मोतीराम भट्टको उदयसँगै १९४१ बाट सुरु भई सूक्तिसिन्धुको प्रकाशन तथा लेखनाथ पौड्यालको ऋतुबीचार प्रकाशन अगाडि १९७० सम्म रहयो । यस अवधिका कविता स्रष्टा तथा सृजनामा नायक मोतीराम भट्ट र उनका पिकदुत (१९४५), पञ्चक प्रपञ्च (१९४८) उषा चरित्र (१९५५) राजीवलोचन जोशीको केदार कल्पना (१९४८) सम्भू प्रसाद ढुङ्गेलको चन्द्रप्रताप वर्णन (१९७०) कृष्ण चरित्र (१९७८), पिनासको विनास (१९६३), लक्ष्मीदत्त पन्तका फुटकर कविता आदि यस चरणका प्रतिनिधि कवि स्रष्टा तथा कविता सृजना हुन् भने यस अवधिको मूल कवितागत प्रवृत्तिगत विश्लेषता भनेको सृङ्गारिकता हो । यसमा गौण विशेषताको रुपमा भक्ति नीतिशास्त्र औपदेशिक परम्परा रहेको छ । यसै समयावधिमा उर्दू, फारसी हुँदै नेपाली भाषामा लेखिने गजल कविताको प्रवेश तथा स्वर्ण युग प्राप्त गर्नु यस कालखण्डको विशेषता रहेको छ ।

### ४.५.५.३ आधुनिक काल (१९७५-हालसम्म)

नेपाली कविताको आधुनिक काल लेखनाथको समायवधि विशेष १९७५ बाट सुरु भई हालसम्म कायम रहेको छ । यो आधुनिकताको लामो समयावधिमा विभिन्न मुल्य र मान्यता तथा प्रयोगहरू देखापरेका छन् । यसका आधारमा यहाँ संक्षिप्तमा कविताका आधुनिककालको अध्ययन निम्न मोड तथा चरणमा विभक्त गरी हेर्न सकिन्छ ।

शास्त्रईीतावादी धारा (१९७५-१९९०) .२

२.स्वाच्छन्दतावादीधार(१९९१-२०१६)

३.प्रयोगवादी धारा (२०१७-२०३५)

४. समसामायीक धारा (२०३६-हालसम्म)

कविता अन्तर्गत आधुनिक काल खण्डमा देखापरेका यी धाराहरूको चर्चा तल गरिन्छ :

### ४.५.५.३.१. शास्त्रीयतावादी धारा

शास्त्रीय मूल्य मान्यतामा आधारित रहेर कविता लेखनको सुरुवात सूक्तिसिन्धु प्रतिबन्ध र लेखनाथ पौड्यालको उदय संगै वि.सं. १९७५ बाट सुरु भई यो शास्त्रईतावादी धारा १९९० लक्ष्मीप्रसाद देवकोटाको उदय अगाडिसम्म विशेष प्रभावहित रहयो । यस धारा अन्तर्गत परिस्कार र परिमार्जनलाई विशेष ध्यान दिईने भएकाले यस धारालाई परिष्कारवादी धारा समेत भन्न पनि गरिन्छ । यसधारामा प्रमुख प्रणेता कवि स्रष्ठा लेखनाथ पौड्याल र उनका सत्यकली सम्बाद (१९७६) तरुण तपसी (२०१०) लेखनाथका प्रमुख कविता (२०४०), केही पुरक कविता, धरणीधर कोइरालाको नैवेद्य (१९७०), स्पन्धन (२००४), सोमनाथ सिग्देलको आदर्श राघब (२००५) केही फुटकर र बालकृष्ण समको आगो र पानी (२०११) चिसो चुल्हो (२०१५) आदि यसचरणका प्रमुख तथा प्रतिनिधि कवि स्रष्टा तथा कविता सृजना हुन् ।

यस चरणका कविताहरूको मूल प्रवृतिगत विशेषताका रुपमा शास्त्रईी मूल्य मान्यताको अनुसरण गरेर कविता लेख्नु, परिष्कार परिमार्जनमा खुब ध्यान दिनु, नीति शास्त्रद्वारा प्रभावित रहनु मूल विशेषता हो भने गौण रुपमा श्रृङ्गारिक तथा अन्य विशेषता पनि कायम रहेको पाईन्छ ।

### ४.५.५.३.२. स्वाच्छन्दतावादी धारा र यसका प्रवृतिगत विशेषता

शास्त्रईतावादी धाराको कठोर अनुशासनलाई तोड्दै १९९१, लक्ष्मीप्रसाद देवकोटाको आगमन पछि स्वच्छन्दतावादी धाराको सुरु भएको र लक्ष्मीप्रसाद देवकोटाको मृत्यु तथा पञ्चायती व्यवस्थाको सुरुवात हुन पूर्व २०१६ सम्म यो धारा प्रवाहसील रहयो । यस धारा अन्तर्गत यसै धाराका प्रणेता लक्ष्मीप्रसाद देवकोटा र उनका मुनामदन (१९९२) बुञ्जीनी (२००२) भिकारी (२०१०) शाकुन्तल (२००२), लक्ष्मी कविता सग्रह (२०३५), सिद्धिचरण श्रेष्ठ र उनको उर्वशी (२०१०) कोपीला (२०२१) कुहिरो र घाम (२०४५), स्रष्टाका

प्रतिनिधि कविता (२०४५), माधवप्रसाद घिमिरे र उनका घामपानी (२०१०) नया नेपाल (२०१३), गौरी (२०१५), राजेश्वरी (२०१७) आदि प्रमुख प्रतिनिधि स्रष्टा तथा कविता सृजना हुन् ।

यस चरणको प्रमुख प्रकृति र विशेषता भनेको स्वस्फुर्त भावलहरिमा कविता सृजना गर्नु, पश्चिमी स्वच्छन्दतावादी शैली अपनाउनु हो विशेषत, भावनामा रमाउनु मानवताप्रति आस्था, प्रकृतिसंग एकाकार रहन खोज्नु निरईश्वरवादी, अध्यत्मवादी, यस चरणका प्रमुख प्रवृतिगत विशेषता हुन भने अन्य शास्त्रईतावादी, श्रृङ्गारिक तथा अन्य प्रगतिवादी, तथा नवीन प्रयोगका छट्टाहरू पनि गौण रुपमा देखा परेका छन् ।

### ४.५.५.३.३. प्रयोगवादी धारा र यस चरणका प्रवृतिगत विशेषता

नेपाली कविताका क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटाबाटसँगै स्वच्छन्दतावादी कविता सुस्ताएपछि तथा राजनीतिक क्षेत्रमा भएको घटनाक्रम २०१७ सालबाट नेपाली कला साहित्यमा परेका प्रभाव स्वरुप नेपाली कविताका क्षेत्रमा देखापरेको नवीन शिल्पशैलीको खोज र प्रयोगसंगै प्रयोगवादी चरणको सुरुवात, मोहन कोइराला र उनको घाईतेयुग (२०१७) बाट सुरु भई जनमत संग्रह पूर्वी (२०३५) सम्म कायम रहयो । यस अवधिका प्रमुख प्रतिनिधि कवि स्रष्टाहरूमा मोहन कोइराला र उनको लेख (२०५५), मोहन कोइरालाका कविता (२०३०), नीलीमा (२०४१), ईश्वर बल्लभ आगाका फूलहरू हुन्, आगका फूल होइन ? (२०२९), एउटा सहरको किनारा (२०३४), वैराङ्गी काईलाका कविताहरू (२०३१, २०५१), कुमार नेपालका चर्केको पर्खाल (२०१९) वानीरा गिरी आदि प्रमुख प्रतिनिधि कवि स्रष्टा तथा कविता सृजना हुन् ।

यस चरणका प्रमुख प्रवृत्ति र विशेषता भनेको कवितामा नयाँ नयाँ शिल्प शैलीको खोजी र प्रयोग दुर्वोध्यता देखापर्नु, सहज अभिव्यक्ति नभई प्रायोगिक ढाँचामा देखापर्नु, मूर्तताद्वारा, निरन्तर अमूर्तताको यात्रामा रहनु । यस चरणका कविताको मूल विशेषता हो ।

### ४.५.५.३.४. समसामयीक धारा र यसका प्रवृतिगत विशेषता

२०३६ सालमा भएको जनमत संग्रहको घोषणापछि नेपाली कला साहित्यको क्षेत्रमा त्यसले तत्काल प्रभाव पार्यो । त्यसपछि स्रष्ठाहरूले अब पहिले जस्तो गरी घुमैरोपारामा अमूर्त हिसाबले तथाकथित अवस्थाको चित्रण गर्नु पर्ने बाध्यताबाट फुक्का भएपछि राजनीतिक आन्दोलनको संघरमै आएर स्रष्ठाहरूले कविता सृजना गर्दै २०३१ बाट सुरु भएको यो समसामायीक धारा अध्यापि रहेको छ । यस धारा प्रतिनिधि कविहरू हुन् ।

तोया गुरुङ्ग, कृष्ण भूषण बल, भीमबहादुर विष्ट, बिमल कोइराला दिनेश अधिकारी, अशेष मल्ल, प्रदीप प्रधान नवराम कार्की खीमान लम्सेल सरुभक्त मोहन खनाल, अविनाश श्रेष्ठ, धम्रेन्द्र विक्रम नेम्बाङ्ग, सम दर्शी काईला, सगुन सुसारा, दिल्लीप श्रेष्ठ आदी ।

यस धारामा देखा परेको प्रमुख प्रवृत्तिगत विशेषतामा अध्यधिक नयाँ नयाँ मूल्य र मान्यताको प्रयोग गर्दै जानु, वर्तमान मूल्य मान्यता र परम्परानगर्ने असहमति जनाउँदै नयाँ मूल्य मान्यताको खोजी गर्नु विसंगत जीवन पद्धतिको चित्रण गर्नु, विभिन्न वाद तथा प्रणालीहरूको एकीकृत प्रयोग हुनु जस्तो प्रवृत्ति जस्ता विशेषता समायासामाजिक कविताका विशेषता हुन् ।

### ४.५.६ कथाको सैद्धान्तिक स्वरुप

### ४.५.७ कथाको परिचय र परिभाषा

साहित्यका क्षेत्रमा अति लोक प्रिय र स्थापित रहिआएको कथा विधाको आफ्नो छुट्टै सैद्धान्तिक अस्तित्व प्राप्त छ । पूर्वीय तथा पाश्चात्य जगतमा अति लोक प्रिय रहिआएको कथाको सुदीर्घ परम्परा रहेको छ । तापनि आधुनिक समीक्षा शास्त्रीहरूले कथालाई जुन रुपमा विधागत स्वरुप प्रदान गरेका छन् जुन १९ औ शताब्दीको पाश्चात्य जगतकै देन हो ।[८५] आधुनिक समीक्षाशास्त्रीहरूले विकास गरेका आधुनिक कथा साहित्य द्रुतर गतिमा अगाडि बढ्ने क्रममा आजको विश्व भरिनै यसले ठूलो तहल्का मच्चाएरको छ । यस हिसाबले अगाडि बढिरहेको आधुनिक कथाको सैद्धान्तिक स्वरुप कस्तो छ, त भन्ने सम्बन्धमा यसको बैज्ञानिक निक्योलिमा पुग्नका निम्ति यस क्षेत्रको विद्वत समीक्षाशास्त्रि तथा स्वयम् कथा

[८५]. दयाराम श्रेष्ठ, नेपाली कथा भाग-४ (साझाँ प्रकाशन चौ.२०६७) ।

श्रष्ठाहरूले दिएका कथाको परिभाषालाईनै अध्ययन मनन् गर्नु पर्ने हुन्छ । यसर्थ यहाँ उनै महत्वपूर्ण समीक्षाशास्त्री तथा कथा श्रष्ठाहरूले दिएका परिभाषा प्रस्तुत गरिन्छ ।

कथा भनेको एउटा त्यस्तो कथात्मक कृति हो जुन छीटो हुनाले एक बसाइमै पढेर सिद्धयाउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमान बाधा गर्ने सबै कुराहरू यसमा रहन दिनु हुँदैन । यो आँफैमा पूर्ण हुन्छ ।

एडगर एलेन पो

कथाले अन्ततः एकै मात्र चरित्र वा एउटै परिस्थितिबाट अद्‌भूत विभिन्न संवेगहरूको श्रृङ्खलासँग भाव सरोकार राख्दछ । यस विधामा अङ्गगत समन्विति हुन्छ ।[८६]

ब्रेन्डर म्याच्युड

कथा आदि, मध्य र अन्तयुक्त विशिष्ट ढाँचाको हो ।[८७]

समरसेटयमम

कथा एउटा यस्तो रचना हो जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एउटा मनोभावलाई प्रदर्शित गर्नु नै लेखकको उद्देश्य भएको हुन्छ । यसको पात्र, यसका शैली, यसको कथाविन्यास सबैले त्यही एउटै भावको पुष्टी गर्दछन् उपन्यासमाभैंं यसमा मानवजीवनका सम्पूर्ण तथा बृहत रुप देखाउने प्रयास गरींदैन, न त यसमा उपन्यास भैंं सबै र समस्तको सम्मिश्रण रहेको हुन्छ । यो एउटा यस्तो रमणइी बगैंचा होइन जसमा थरी-थरीका फूलहरू, बेलबुट्टा सजिएको हुन्छ, तर यो एउटा यस्तो गमला हो जस्मा एउटै मात्र बोटको माधुर्यता समुन्नत रुपमा देखा पर्दछ ।[८८]

कथा स्रष्ठा, प्रेमचन्द

छिटो किस्सा एउटा सानो आँखीभ्याल हो जहाँबाट एउटा संसार चियाइन्छ थोरैमा मीठो र भरिल्लो हुनु छोटो किस्साको बानी हो ........ यो जत्तिको समाजसुधारक र मनुष्यउपर प्रभावकारी कुरा अरु छंदै छैन् कि भने जस्तो लाग्छ । यसैमा सबै रस निकाल्न

---

[८६]. ऐजन ।

[८७]. ऐजन ।

[८८]. दयाराम श्रेष्ठ, पूर्ववत् पृष्ठ ५४ ।

सकिन्छ ।......... यसमा कला छ ............. यसको ढङ्ग नाट्कढी हुन्छ । चट्ट जीवनलाई एउटा दृश्यमा हुन्छ ।[८९]

लक्ष्मीप्रसाद देवकोटा

एकोन्मुख प्रभाव उत्पन्न गरेर केवल एक उद्देश्य प्राप्ति नै इष्टार्थ हुनाले कथा एक प्रमुख पात्रको जीवनको कुनै अङ्गको र त्यस जीवनसम्बन्धी कुनै एक मुख्य घटना वा भावदशाको मात्र उद्घाटन गर्छ ।[९०]

डा. इश्वर बराल

प्रबन्धात्मक रुपमा गद्यमा लेखिएको आख्यानात्मक लघुरचना, कहानी, कल्प, २ नाटक, उपन्यास महाकाव्य आदिमा पाइने कथा वस्तु, कथानक, कथासार ३, अथवा उपन्यासको पूर्ण रुप मानिने विभिन्न आकार प्रकारमा विभिन्न आख्यान सहितको पुरातन रुप, आख्यान, दन्त्यकथा, किस्शा आदी ।[९१] -बृहत नेपाली शब्दकोष

यी माथिका महत्वपूर्ण व्यक्तित्वहरूको महत्वपूर्ण परिभाषाको अध्ययन अन्वेशषण पछि कथा छोटो हुने, एकै बसाँइमा पढेर सिद्धयाइने पाठकमा प्रभाव जमाउने, जीवन समग्रको नभई कुनै एक पक्ष वा एकै चरित्र र एकै परिवेशका श्रृङ्खलाहरूमा केन्द्रित रहने, समस्त रसको निष्पक्ति दिन सक्ने आफैमा पूर्ण र कलात्मक साहित्यिक विधानै कथा हो भन्ने निर्क्योलमा पुग्न सकिन्छ ।

### ४.५.८ कथाका तत्वहरू

कथाको पूर्ण आङगीक अस्तित्व प्राप्त गर्नकालागि आवश्यक पर्ने अवयवहरूलाई कथाका तत्व भनीन्छ । परमपरागत रुपमा कथाका तत्वका रुपमा कथावस्तु, चरित्र, सम्वाद, परिवेश, भाषा-शैली र उद्देश्य जस्ता कथाका तत्वहरू रहँदै आए पनि अहिले आएर नव समीक्षा शस्त्रीहरूले कथाका आधुनिक तत्वहरूका रुपमा संरचनात्मक तथा र उपन्यासगत

---

८९. ऐजन ।

९०. ऐजन ।

९१. ऐजन ।

तत्वहरू रहने निश्कर्षमा पुगेका छन् ।[९२] यहाँ पनि कथाका तत्वहरूको चिनारी दिनेक्रममा यीनै परम्परागत कथाका तत्वहरू र संरचनागत तत्व रुपविन्यासगत आधुनिक कथाका तत्वहरूनै प्रस्तुत गरिन्छ ।

४.५.८१कथाका परमपरागत तत्वहरू

कथाले पूर्ण आङ्गीक अस्तित्व प्राप्त गर्नका लागी आवश्यक पर्ने अवयवहरूलाई कथाका तत्वहरू भनीन्छ । भने नव समीक्षा शास्त्रीहरूले कथाका तत्वहरूका बारेमा दिएका नव मान्यता पूर्व क्रियासिल रहेको, विशेषत प्रारम्भदेखी हाल सम्मनै अत्याधिक प्रयोग गरीने कथाका तत्वहरूलाई नै कथाको परमपरागत तत्व भनीन्छ । यस अन्तर्गत कथावस्तु चरित्र, परिवेश वा पर्यावरण, दृष्टिविन्दु, उद्देश्य, भाषाशैली, प्रतीक र विम्ब, गति र लय जस्ता कथा तत्वहरू रहेका छन् । यी कथाका तत्वहरूको संक्षिप्तमा निम्नानुसार चर्चा गरिन्छ ।

४.५.८.१.१ कथावस्तु :-

कुनै पनि कार्यकारण श्रृङ्खलामा अनुवन्धित रहेको घटनाक्रमलाई कथावस्तु भनीन्छ । परमपरागत कथा मूल्य मान्यता अनुरुप यही कथावस्तुलाई नै कथाको सर्वोपरितत्वका रुपमा ठान्ने गरीएको पाइन्छ । कथावस्तु जति महत्वपूर्ण र शक्तिशाली हुन्छ त्यति नै कथाले आफ्नो कला मूल्य प्राप्त गदर्छ, जीवन्त रहन्छ भन्ने मान्यता रहेको र यसैलाई कथाका सबै तत्वहरू मध्ये कै प्राथामिकता दिएर कथाका स्रष्ठाहरूले कथा सृजना गरेको पाइन्छ भने अहिले आएर यसको स्थान गौण र चरित्रको स्थान सर्वोपरी ठान्ने कथा प्रविधिको विकाश भइरहेको पाइन्छ ।

कथा श्रष्ठाले कथा सृजनाका लागि जीवन जगतका व्यापक क्षेत्रबाट कथावस्तुको चयन गर्न सक्दछ । मुलत कथाका कथावस्तुको स्रोतका रुपमा निम्न स्रोतहरूलाई प्रमुख स्रोत ठानिएको पाइन्छ । जस्तै- इतिहास, यदार्थ, मिथक, रागात्मक सौन्दर्य र स्वैर कल्पना आदि, यी कुनै पनि स्रोतबाट श्रष्ठाले कथाका लागि कथावस्तुको चयन गरी कथा सृजना गर्न सक्दछ ।

कथाको विषयवस्तु लिई सकेपछि श्रेष्ठले पाठक वा स्रोता समक्ष प्रस्तुत गर्ने क्रममा रैखिक र वृतकारीय कुनै पनि ढाँचा अपनाउन सक्दछ । यदि रैखिक ढाँचा अपनाएमा त्यस

[९२]. बृह्त नेपाली शब्दकोष पूर्वावत ।

किसिमको कथाको कथावस्तु क्रमस सुरुबाट अन्त सम्म क्रमिकरुपले आदि, मध्य र अन्यको श्रृङ्खलामा घटनाक्रम अगाडि बढेको हुन्छ भने वृतकारीय ढाँचा अपनाएमा घटनाक्रमलाई स्थुल रुपमा अगाडि नवडाई खजमजिएको, छरिएर रहेको, एक अर्कामा तारतम्यता नमिलाई अगाडि बढाईएको हुन्छ ।

कथामा कथावस्तुको विकाश आदि, मध्य र अन्त्य क्रमिक रुपमा मिलेको हुन्छ । आदि भाग भन्नाले मूल घटनाको चिनारी र सङ्घर्ष विकासका घटनाहरू आउन्छन् । सङ्घर्षको श्रृङ्खला विकास हुदै जाँदा कथावस्तुले चरमरुपलिन पुग्दछ, जसलाई मध्य भनीन्छ र घटनाक्रम वा सङ्घर्ष ह्रास अवस्थामा विकाश भई कथावस्तुको समस्या समाधानतिर पुग्न थाल्दाको अवस्थालाई अन्त्य भनीन्छ । यसरी कथामा कथावस्तु आदि, मध्य र अन्त्यका श्रृङ्खलामा अनुवन्धित रहेको हुन्छ ।

### ४.५.८.१.२ चरित्र

कथामा रहेको अमूर्त अवस्थाका घटनाक्रमलाई मूर्तरुप दिने, कथावस्तुलाइ अवस्थामा गति प्रदान गर्ने उर्जालाई नै चरित्र वा पात्र भनीन्छ । श्रष्ठाले कुनै स्रोतबाट चुनेको कथावस्तुलाई मूर्तता दिनकालागि मानवीय तथा मानवेतर कुनै पनि किसिमको पात्रको छनोट र प्रयोग गर्न सक्दछ ।

कथाको परमपरागत मान्यता अनुरुप कथाको कथावस्तूलाई सर्वोपरि ठानिएको हुँदा यस तत्वलाई गौण ठानिन्थ्यो अझ चरित्रलाई कथा श्रष्ठा वा सर्जकको अभिप्राय, संकल्प तथा कथावस्तुको दाश बनाएर चरित्र वा पात्रको स्वतन्त्रता विकास माथि वेवास्था गरिन्थ्यो तर अहिले आएर तिनै कथामा कथावस्तुको सर्वोपरि भूमिका चरित्र वा पात्रले ओगट्दै जाने अवस्था छ । नव कथाका समीक्षाशास्त्रीहरूको मान्यता अनुरुप नै अहिले आएर कथामा कथावस्तूको भूभिकालाई नगन्य झै भईसकेको छ । भने चरित्र वा पात्रको भूमिका तथा यसको स्वतन्त्र विकासलाई अत्याधिक महत्वको साथ हेर्ने गरिन्छ । चरित्र वा पात्र कै भूमिकाका आधारमा कथाको कलामूल्य समेत निर्धारण हुने मान्यता अगाडि आएको छ ।

कथामा प्रयुक्त हुने चरित्र वा पात्रले खेल्ने भूमिका वा दिएको जिमेवारीका आधारमा कथामा रहेका चरित्रहरू विभिन्न किसिमका हुन्छन् जस्तैः-

क) प्रमुख, सहायक र गौण चरित्र वा पात्र

ख) अनुकुल र प्रतीकुल चरित्र वा पात्र

ग) वर्गगत र व्यक्तिगत चरित्र वा पात्र

घ) गतिशील र गतिहीन चरित्र वा पात्र

ङ) यदार्थ र आदर्श चरित्र वा पात्र

यस प्रकार कथामा विभिन्न किसिमका भूमिका वा जिवमेवारीका आधारमा विभिन्न किसिमका चरित्र वा पात्रहरूको प्रयोग गरीएको हुन्छ ।

### ४.५.८.१.३ परिवेश

देशकाल र वातावरणको संयुक्त रुपलाई नै परिवेश भनीन्छ । कुनै पनि सर्जकले सुन्यमा अवस्थित रहेर कुनै पनि किसिमको सृजना गर्न असम्भव छ । कथाका सर्जकले कथा सृजनाकालागि, विश्वासनीयता पैदा गर्नका लागि, जीवन्त स्वरुप प्रदान गर्नका लागि कुनै निश्चित स्थानलाई लिनुपर्ने हुन्छ । त्यस स्थानमा घटेको कुनै पनि घटनाको कालक्रमलाई समेट्दै तत्कालीन सामाजिका संस्कृति राजनीतिक र सभ्यताका परिधिभित्र रहेर कलामूल्य स्थापित गर्न खोज्नु नै कथाकारहरूको अभिष्ठ रहेको हुन्छ । यी पक्षहरूको अभावमा कुनै पनिकथा सृजनाकालागि प्राय असम्भव नै रहन्छ । या त्यो कथा फिका बन्न जान्छ । यसैले कथाका अनिवार्य तत्वहरू मध्ये परिवेश पनि एक अनिवार्य संरचनात्मक घटकतत्व हुन आउनु स्वाभाविक छ ।

### ४.५.८.१.४दृष्टिविन्दु

कथामा कथयिताले कथा वाचनका लागि उभिनलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यसमा कथयिताले कथाको पात्र बनेर सीमित कुरा र अनुभव भन्ने कि कथा भन्दा बाहिर बसेर सबै वा कुनै पात्र प्रति ढल्किएर पाठकको ध्यान खिच्ने भन्नेकुराको निर्णय हुन्छ । यसले कथाका घटना एंवम् चरित्रको वर्णन तथा व्यवस्थापन कसरी गर्ने भन्ने कुराको निर्धारण गर्दछ । कथाकारले जुनपात्रलाई महत्व दिएर कथा भनेका छन् । त्यसलाई दृष्टिकेन्द्रइी पात्र भनीन्छ । कतै कथयिताले आफ्नै कथाको पात्र भएर बोल्ने अनुमति पाएको हुन्छ भने कतै दर्शक त कतै मूल भूमिका लिएर सम्पूर्ण घटनाक्रम बोल्नु पर्ने छुट

पाएको हुन्छ । यस आधारमा दृष्टिविन्दु दुई प्रकारका हुन्छन् । बाह्य वा तृतीय दृष्टिविन्दु र आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु । यहाँ संक्षेत्रमा यिनको निम्नानुसार चर्चा गरिन्छ ।

### क. बाह्य वा तृतइी पुरुष दृष्टिविन्दु

कथयिता कथा भन्दा बाहिर रहेर अरुका बारेमा टिप्पणी गरीने बाह्य दृष्टिविन्दुमा कथायीता पात्रका रुपमा आएको हुँदैन । यस भित्र पनि दुई प्रकारका अवस्था हुन्छन् । सर्वज्ञ र सीमित बाध्य दृष्टिविन्दु । पात्र र घटनाका सबै कुरालाई आफै देखे जस्तो गरी वर्णन गर्दै आफ्नो नियन्त्रणमा कथालाई लिने दृष्टिविन्दु भएका कथामा मस्तिष्कमा पर्ने छाया हो ।

### ख. अन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु

कथयितत आफै कथाको पात्र छ भने उसले घटना र सन्दर्भको विवरण प्रस्तुत गर्छ जसलाई आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु भनिन्छ । यसमा ‘म’ को अनुभूतिका रुपमा सबै अभिव्यक्ति पाइन्छ । यस कथयिताकै अनभव र दृष्टिमात्र देखा पर्छ । पात्रको कार्यका आधारमा यसलाई केन्द्रीय र परिधेय भनी विभाजन गरिन्छ । केन्द्रीय आन्तरिक दृष्टिविन्दु भएको कथामा कथायिता नै प्रमुख पात्र हुन्छ । परिधेय दृष्टिविन्दुमा चाहिँ कथायिता कथाको पात्र भएता पनि ऊ अरुको कथा भनिरहेका हुन्छ ।

### ४.५.८.१.५उद्देश्य

कुनै पनि कार्य गर्नका पछि कुनै न कुनै कारण, अपेक्षा वा अभिप्राय रहेको हुन्छ । त्यसलाई नै उद्देश्य भनिन्छ । यसै गरी कथा सृजनाका क्रममा सर्जक वा श्रष्ठाले कथाको संरचना गर्नुका पछाडि केहिन केही अभिप्राया अवश्य लिएको वा राखेको हुन्छ । त्यसकिसिमका अभिप्राय नै कथाको उद्देश्य हो । विशेष गरेर कथाकारहरूले कथा सृजनाको माध्यमबाट अत्यन्तै कलात्मक, घुमाउरो, रुपबाट विभिन्न नैतिक आदर्शको पाठ पढाउनु, शिक्षा दिनु, यदार्थको अभिव्यक्ति दिनु, मनोरञ्जन प्रदान गर्नु, विभिन्न संस्कृति संस्कार तथा घटनाहरूको कलात्मक रुपमा जानकारी गराउनु, असल कार्यतर्फ अभिप्रेरित गराउनु समाजका रुपान्तरण सहभागिता गराउन, मानवीय सम्वेदनाको गहिराई सम्म पुग्न खोज्नु सामाजिक समाञ्जस्यता राख्नु जस्ता विविध किसिमका उद्देश्यहरू कथाका उद्देश्यका रुपमा रहन सक्दछन् ।

### ४.५.८.१.६ भाषा

कथा भाषा कै माध्यमद्वारा अभिव्याक्त हुने एक कला हो । कथामा यही भाषाकै माध्यमद्वारा घटनाहरूको जानकारी, पात्रहरू बीचको वादविवाद तथा संवादको प्रकृया अगाडि वढाएको हुन्छ । यस किसिमको भाषालाई कथामा यसको महत्वलाई नियाल्दा यदि कथामा भाषालाई हटाइ दिने हो भने कथाको कुनै हिस्सा नै बाँकि रहन सक्दैन त्यसैले भाषालाई कथाको अनिवार्य तत्वको रुपमा लिईन्छ । कथाले पदार्थको प्रतिनिधित्व गर्ने विधा भएकाले यसको भाषिक अभिव्यक्तिशैली भने पद्यात्मक नभई गद्यभाषाको बढी अपेक्षा गरेको हुन्छ । यसक्रममा कथामा सरल, सहज, आञ्चलिक तथा विशिष्ठ र काव्यिक भाषाशैलीको समेत प्रयोग आउन सक्दछ । यसका साथै भाषिक कलाकै माध्यमद्वारा नै कथाले कला मूल्य समेत प्राप्त गर्ने गर्दछ ।

### ४.५.८.१.७ प्रतीक र बिम्ब

क. प्रतीक

शाब्दिक अर्थमा भिन्न र विस्तृत अर्थ प्रदान गर्नका लागि आउने व्यक्ति घटना र वस्तुलाई प्रतीक भनीन्छ । यसले बीचार, धारणा जस्ता अमूर्त कुरालाई प्रकट गर्दछ । प्रतीकले एकातिर अमूर्त र अव्यक्त कुरालाई मूर्तता र अभिव्यक्ति दिने काम गर्दछ । भने अर्कातिर धेरै शव्द खर्च गरेर भन्नु पर्ने कुरालाई थोरै शब्दमा मिठोसित भन्दछ । यस प्रकृतिका शब्दिक अर्थ प्रविधिका प्रयोगको अपेक्षा कथामा व्यापक रुपमा रहेको हुन्छ ।

ख. बिम्व

शाव्दिक वा आलाङ्कारिक ढङ्गमा प्रयोग गरीने एउटा शब्द वा शव्दशक्तिलाई विम्व भनीन्छ । यसले इन्द्रियवाट ज्ञात हुने अनुभूतिको ठोस प्रतिनिधित्व गर्दछ । यसबाट कथाका शैलीगत विशिष्ठता बन्छ । यो शब्दको माध्यमबाट कथायीताको कथा बातन गर्दा आफूलाई कुनै एउटा पात्र वा वर्गको अनुभव, बीचार र दृष्टिकोणमा लुकाउँछ र सिमित पक्षबाट मात्र टिप्पणी वा गर्णन गर्दछ ।

### ४.५.८.२ कथाका संरचनात्मक तत्वहरू

कथाको आधुनिक मान्यता अन्तर्गत कथाका संरचनात्मक तत्व अन्तर्गत कथावस्तु, पात्र, दृष्टिविन्दु र सारवस्तु गरी चार तत्व रहने गरेका छन् । यी तत्वहरूको संक्षिप्त चिनारी निम्नानुसार दिइन्छ ।

#### ४.५.८.२.१ कथावस्तु

कथाका लागि कथावस्तु उक अनिवार्य तत्व हो । यही कथा वस्तुको माध्यमबाटनै स्रष्ठा वा सर्जकले आफ्नो दृष्टिकोणको यथा मूर्तस्वरुप प्रदर्शन गर्ने गर्दछन् । यसै कथा वस्तुबाट कथाको मूल्य समेत निर्धारण हुने गर्दछ तर आजभोलीका कथा स्रष्ठाहरूले कथावस्तको महत्वलाई उपेक्षा गर्दै कथाहिन कथा वा अकथाको सृजनाको क्रममा लगातार अगाडि बड्ने कथामा कथानकको मूल्यमा ह्रास आएको भने अर्को तर्फ कथाको संरचना चरित्रमा समेत भिन्न देखिन थालेको छ ।

कथावस्तु कथामा कार्यकरण श्रृङ्खलाका रुपमा सर्वव्यापक फैलिएको हुन्छ । यसै श्रृङ्खलालाई आदि, मध्य र अन्त्यको संरचनाद्वारा सुव्यवस्थित बन्छ । यही कथावस्तुको आधार पृष्ठमा टेकेर अन्य कथाका तत्वहरू अगाडि बडेको हुन्छन् ।

#### ४.५.८.२.२ पात्र

आधुनिक कथा तत्वहरूमा चरित्र वा पात्रको भूमिकालाई सर्वोपरि ठान्ने गरिन्छ । कथामा क्रियाव्यापार र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग रहने र तिनै पात्रको कथा र सकृयताको आधारमा कथाको मूल्य समेत निर्धारण हुने गर्दछ । पात्रको प्रयोगका क्रममा मानवीय मानववेतर कुनै पनि हुन सक्छ भने कथाकारले कलामूल्यको निर्धारण गर्नका लागि पात्र परिचालनको कौसलता तर्फ विशेष ध्यान, दिने पात्रलाई कथामा प्रत्यक्ष वा नाटकीय कुनै पनि प्रविधिको प्रयोग गर्न सक्ने तर विधागत निजीत्व भने यसको सीमा रहनु पर्ने देखिन्छ ।

४.५.८.२.३. दृष्टिबिन्दु

कथाकारले पाठकहरू समक्ष आफ्नो अनुभूति वा धारणालाई जुन पद्धति, ताउलतरिका वा उपाया अपनाउछ । वास्तमा त्यही नै दृष्टिविन्दु हो वा कथा श्रष्ठा र पाठकहरू बीचको स्पर्श सुत्रलाई नै दृष्टिविन्दु भन्न सकिन्छ । आधुनिक कथा तत्व अन्तर्गत दृष्टिविन्दु कथा संरचनाका लागि नविवार्य र अति महत्व पूर्ण तत्वका रुपमा लिने गरिएको छ भने कथाकारले प्रयोग गर्ने दृष्टिविन्दुको कौसबाट कथाको कलामूल्य समेत निर्धारण हुने गर्दछ । कथामा प्रयोग हुने दृष्टिविन्दु दुई प्रकारको हुन्छन् । (१) आन्तरिक र (२) बाध्य । अन्तरिक दृष्टिविन्दुमा पनि केन्द्रिय परिधइी गरी दुई प्रकारका हुन्छन् भने वाध्य दृष्टिविन्दुमा चाँहि (१) सर्वदर्शी (२) सीमित र (३) वस्तुपरक गरी तीन प्रकारका हुन्छन् ।

कथाकारले कथामा पाठकहरूसँग प्रस्तुत हुने क्रममा कथाका पात्रहरूलाई दिने भूमिकाको आधारमा दृष्टिविन्दुको निर्धारण हुने गर्दछ । यस क्रममा वक्ता पात्रको प्रथम पुरुषका रुपमा प्रयोग गरी मुख्य भूमिका आफूमा केन्द्रित गर्छ भने त्यो प्रथम दृष्टि विन्दु अन्तर्गतको केन्द्रइी र प्रथम पुरुष  वक्ता पात्रका भूमिका गौण वा सहयोगी भूमिका रहन्छ भने त्यो परिधी दृष्ट्रि विन्दु हुन्छ र वक्ता पात्र तृतइी पुरुष रहदाँ बाह्य दृष्टिविन्दु रहने वक्तापात्रको भूमिकाका आधारमा अन्य विषय निर्धारण हुन्छ ।

४.५.८.२..४. कथासार

हामी जब कुनै कथा पढिसकेपछि समग्रमा जुन भावर्थ वा अभिप्राय पाउँछौ त्यही नै कथासार हो वा कथाकारले पाठ्कसामु भन्न खोजेका मुख्य कुरा नै कथासार हो । कथासार कुनै पनि कथाको बीचको रुपमा रहेको हुन्छ । यही बिजलाई कथाकारले जति रचनात्मक या कलात्मकता सथा प्रस्तुत गर्न सक्छ त्यतिनै कथाले कलामुल्य प्राप्त गर्दछ । यसका साथै कथासार कथाको  आधुनिक तत्वहरूमा एक महत्वपूर्ण र अनिवार्य मान्निछ । यसको अभावमा कथा निश्प्राण वस्तु झै हुन्छ । यसैले पनि यो एक आधुनिक कथाका लागि अभिभाज्य तत्वकारुपमा लिइएको हो ।

### ४.५.९ कथाको रुपविन्यास

कथाका संरचनात्मक घटकहरूको उचित संयोजनबाट कथाले एक किसिमको संरचना प्राप्त गरीसके पछि कथाकारले कथालाई सुन्दर बनाउन जुन जुक्ति प्रयोग गर्छ । वास्तवमा त्यौनै रुपविन्यास हो । यस भित्र कथाका सुक्ष्म तत्वहरू पर्दछन्  जस्तो यी कथामा प्रयोग हुने कथाका सुक्ष्म तत्वहरूले कथामा भाषिक शिल्प र शैली निर्माणमा सहयोग गर्छ । यसर्थ यस क्षेत्रमा पाठकलाई यसले विशेष प्रभाव छाड्दछ । रुपविन्यासलाई पनि दुई किसिममा छुट्याएर हेर्न सकिन्छ । (१)संवत रुपविन्यास र (२) विवृत रुपविन्यास । संवृत रुपविन्यासमा कथासार सरल अभिव्यक्ति तर्फ उन्मूख हुन्छ र उस्ले आफ्नो कथामा संरचनाको पछि रुपविन्यासलाई लगाएको हुन्छ । विवृत रुपविन्यासमा बारम्बार विशिष्ट प्रकारको अभिव्यक्ति तर्फ उन्मूख हुन्छ र उस्ले आफ्ना कथामा संरचनाको हाराहारी वा समान्तर रुपविन्यासलाई पनि उपस्थित गराएको हुन्छ ।

यसरी यी माथिका कथाका संरचनागत तथा रुपविन्यासगत तत्वहरूको उचित संयोजनबाट एउटा राम्रो र स्थापित कथाको निर्माण हुन जान्छ । यो आधुनिक समीक्षा शास्त्रीको एक समीक्षात्मक दृष्टिकोणको रुपमा आई स्थापित मान्यताको रुपमा रहेको छ ।

### ४.५.१० कथाको वर्गीकरण

कथालाई विभिन्न आधार लिएर वगीृकरण गर्न सकिन्छ । तर एउटा वर्गीकरण अर्कोसंग मिश्रित हुने अवस्था पनि रहन्छ । यहाँ कथाको विषयवस्तु र तत्वगत प्रधानतका वा ढाँचाका आधारमा कथाको वर्गीकरण निम्नानुसार गरीएको छ ।

### ४.५.८.१ विषयवस्तुको आधारमा कथाको वर्गीकरण

#### ४.५.१०.१.१ सामाजिक कथा

यस्तोकथामा समाजमा प्रजलित मूल्यमान्यताहरू, तिनका सबलता र दुर्बलता तथा तिनले उत्पन्न गर्ने अवस्थाको वर्ण गरीएको हुन्छ । यसक्रममा कथाको समाजका धेरै पक्षहरू आर्थिक, सांस्कृतिक, राजनीतिक, भौगोलिक परिवेशको चित्तबुझ्दो रुप चित्रण गर्दछ । समाजमा देखिने द्वन्दका घटनालाई यसले प्राथमिकता दिन्छ  र कम्जोरीको आलोचना गर्दछ ।

४.५.१०.१.२ मनोवैज्ञानिक कथा

पात्रको सामान्य र असामान्य मानसिक अवस्थाको यदार्थ खोतल्ने कथा यस प्रकारका कथा अन्तर्गत आउँदछ । इद र पराहमको द्वन्द देखाउने, ग्रन्थिको गाँठो फूकाउने वा निश्चित अवस्थामा पात्रको सम्वेगको विश्लेषण गर्ने काम यसमा गरिन्छ । अचेतन मनका कुण्ठाले चेतन क्रियामा पार्ने प्रभाव यसमा देखाइन्छ । यौनका कारण उत्पन्न विकृति मानसिकता, वालस्वभाव र त्यसले उत्पन्न गर्ने जटिल मनोभावना, अपराध मनोरचना आदिको उद्घाटन गर्ने मनोवैज्ञानिक कथाहरू यस अन्तर्गत पर्दछन् ।

४.५.१० १.३ प्रगतिवादी कथा

सामाजिक सङ्घर्षको मूल कारणका रुपमा पूँजीलाई प्रस्तुत गरी श्रमिक वर्गलाई नायकत्व दिइने यस्तो कथाले सामन्ती प्रवृतिको विरोध गर्दछ । मार्क्सको द्वन्दात्मक भौतिकवादका आधारमा समाजका अर्न्तद्वन्दको विश्लेषण गर्दै यसले वर्गीय शोषणमा टिकेको समाजव्यावस्थालाई सम्पूर्णतः नष्ट गरी नयाँ समाज सिर्जना गर्ने उद्देश्य राखेको हुन्छ । यसले समाजको समस्याको मुख्य जड आर्थिक असमानता हो भन्ने ठान्दछ । र त्यसै आधारमा चलेको आडम्बर, विभेद, कुरीति आदिको विरोध गर्दछ ।

४.५.१०.१.४ अस्तित्ववादी कथा

जीवनमा व्यक्तिगत स्वतन्त्रताको बकालत गर्ने र आफ्नो निर्णयको परिणाम आफैं भोग्न तत्पर हुने पात्रका वाध्यता, जीजिविसा र पराजित अबस्था यस्ता कथाले देखाउँछन् । विसंगतिले भरिएको संसारमा अनावरत संघर्ष गरी अस्तित्वको खोजि गर्नु र अन्त्यमा त्यसको निस्सारता प्रमाणित हुने विडम्वना यसले स्पस्ट पार्दछ । परमपरागत नैतिकता, आदर्श, सिद्धान्त, व्यवस्था अनावश्यक ठान्ने र एक्लोपन, मृत्यू, अर्थहीनतामा रमाउने प्रवृत्ति यसमा रहन्छ ।

४.५.१०.१.५ विज्ञानकथा

विज्ञानका अनेक चमत्कारको काल्पनिक ढंङगले उद्घाटन गर्ने यस्ता कथाले नयाँ र रोचक आविष्कारका सम्भावना देखाएका हुन्छन् । विकसित यन्त्रिक सभ्यताको प्रस्तुतिद्वारा तार्किक वातावरण र पात्रहरूको क्रियाकलाप देखउने यस्ता कथा भविष्यमा मार्गदर्शक हुन्छ । यीनमा मनोबैज्ञानिक उन्नति र त्यसका सन्दर्भमा समाज र मानवको नविन व्याख्या पनि

हुन्छ । विज्ञानको महत्व र विध्वंस देखाउने, यदार्थमा आधारित कल्पना सजाउने तथा रोमाञ्चकता पैदा गर्ने खालका पनि हुने गर्दछ ।

४.५.१०.१.६ ऐतिहासिक कथा

इतिहासको विषयवस्तु मुख्य रुपमा प्रयोग गरीएको कथालाई ऐतिहासिक कथा भनीन्छ । यसमा महत्वपूर्ण युग घटना, साहसिक पात्रको चित्रणका साथै इतिहास सुहाउँदो परिवेश, भाषा आदि सिर्जना गरीएको हुन्छ । कथाकारको कल्पनालाई युगसत्य, घटनासत्य र व्यक्ति सत्यको आभास दिदै कलात्मक रुपमा प्रस्तुत गर्दा यस्तो कथा जीवन्त बन्छ । यसमा नाटकईताको प्रबलता हुन्छ ।

## ४.५.१०.२ तत्वगत प्रधानता वा ढाँचाको आधारमा कथाको वर्गीकरण

४.५.१०.२.१ घटनाप्रधान कथा

यस्ता कथामा घटनामा घटनाको वर्णनलाई प्राथमिकता दिइएको हुन्छ । र घटनाको संयोजना, शृङखला एंवम विस्तारमा नै पाठकमा जिज्ञासा उत्पन्न हुने हुँदा यसमा आकस्मिक दृश्यको अत्यधिक प्रयोग पाइन्छ । जासुसी कथा, विज्ञान कथा प्रायः घटना प्रधान हुन्छन् ।

४.५.१०.२.२चरित्र प्रधान कथा

चरित्रलाई उद्घाटन गर्ने उद्देश्यले रचिएको कथा चरित्रप्रधान हुन्छ । यसमा नाटकीकरण गरेर पात्रको स्वाभाव रुचि, जीवन पद्धति, सोच आदिको चित्रण गरीएको हुन्छ ।

४.५.१०.२.२ बीचार प्रधान कथा

कुनै गंभिर चिन्तन, दर्शन वा बीचारधारालाई प्रस्तुत गर्ने उद्देश्यले लेखिएको कथा बीचार प्रधान हुन्छ । यस्ता कथामा बौद्धिकता, तार्किक ज्यादा पाइन्छ । बीचारलाई कलात्मक रुपले राख्नु, सामाजिक मूल्यमान्यताको आलोचना गर्नु र बैचारिक रुपले पाठकलाई आन्दोलित पार्नु यस्ता कथाका विशेषता हुन्छ ।

### ४.५.१०.२.४ परिवेशप्रधान/आञ्चालिक कथा

स्थानइी परिवेशलाई उजिल्याउने उद्देश्ले त्यहाँको भूबनोट, भाषा रहनसहन, जीवन पद्धति आदिको सुक्ष्म चित्रण गर्दे त्यसैमा उत्पन्न चरित्रको व्यवहार यस्ता कथामा प्रस्तुत गरिन्छ। दुर्गम गाउँका अनौठा चलचलन र चरित्रको व्यावहारलाई यसमा राखिन्छ।

कथाको बर्गीकरण गर्ने क्रममा यसमा मुख्य रुपले विषयवस्तु , र तत्वगत प्रधानता वा ढाँचागत आधारलाई नै लिएर कथाको वर्गीकरण गरिएको छ तथापि कथा बर्गीकरणका अन्य आधारहरु पनि नभएका होइनन् तर पनि यिनै मुख्य बर्गीकरणको आधारले समस्त बर्गीकरणको आधारलाई समेट्ने कोसिस गरिएको छ । धेरै हतसम्म यो बर्गीकरणलाई नेपाली कथा बर्गीकरणको मान्य परमपरा पनि हो ।

## ४.५.११ नेपाली कथा-साहित्यको विकासक्रम

नेपलाी कथासाहित्यको इतिहास हेर्दा यो त्यति लामो पाइन्दैन खास हिसाबले पृथ्वीनारायण शाहको एकिकरण अभियान सँगै यसको प्रत्यक्ष प्रभाव कला साहित्यमा पर्दै गए पछि शक्ति बल्लभ अर्ज्यालद्वारा उनुदित 'महाभारत विराट पर्व' स. १८२७ कथाबाटनै आरम्भ भई हाल सम्मको करिब २४३ वर्ष समयावधिनै नेपाली कथा साहित्यको विकासक्रममा भएको महत्वपूर्ण घट्ना क्रमका आधारमा नेपाली कथा साहित्यको इतिहासलाई प्राथमिक, माध्यमिक तथा आधुनिक भनी त्रि-आयामिक कलाखण्डमा विभाजन गरेर हेर्ने परम्परा छ । यसको आधारमा संक्षिप्त नेपाली कथाको विकश क्रमको चिनारी निम्नानुसार उल्लेख गरिन्छः-

### ४.५.११.१ प्राथमिक काल (१८२७-१९५७)

नेपाली कथाको प्राथमिक काल शक्तिवल्लभ अर्यालको महाभारत विराट पर्व स. १८२७ अनुदित कथाबाट सुभारम्भ भई गोर्खा पत्रको प्रकाश पूर्व स.१९५७ सम्म कायम रहयो । यस समायवधि भित्र मूल संकृत स्रोतका महाभारत, रामायण, हितोपदेश, स्वस्थानी श्रीमदभागवत्, पुराणहरू नेपालीमा अनुदित भए । यसका साथै क्रिस्चियन धार्मिक प्रभावले दार्जीलिङ्गतिर बाइबलको नेपलीमा अनुवाद गरइीो । स.१९०३ को नेपाली राजनीति घट्नाक्रमले स्रष्ठाहरू यसतर्फ खुलेआम लाग्न सक्ने स्थिती बनेन । जस्का बाबुजुत यसकालमा कथाको विकास द्रुत अगाडि बड्न सकेन् । यस कालवधिको प्रमुख वैशिष्टयका

रुपमा अनुवाद परम्परानै रह्यौ भने यसमा अक्तिरिक्त रुपमा भावुकता, आदर्श नीति उपेश मानवेतरशक्तिको प्रदर्शन, रहयो र अलौकिक शक्तिको आग्रह जस्ता प्रवृतिगत विशेष्ता नै यस समयको प्रमुख विशेष्ताका रुपमा रहयो ।

४.५.११.२ माध्यमिक काल (१९५८-१९९०)

नेपाली कथाको माध्यमिक काल गोर्खापत्रको प्रकाशन १९५८ मा प्रकाशित भएका कथाहरूको माध्यमबाट नै नेपाली कथाको माध्यमिक कालको सुरुवात हुन्छ र यो कालखण्ड स.१९९० सम्म कायम रहन्छ । यस समयावधिमा गोर्खापत्रको प्रकाशनसँगै विभिन्न कथाहरू पनि प्रकाशनमा ल्याउनु थालेपछि नेपाल भित्र र वहिरबाट पनि मधवि (१९६५) गोर्खाली (१९७२), चन्दिका (१९७४), राजभक्ति आदि पत्रपत्रिकाको धमाधम प्रकाशन हुन तथा यी पत्रपत्रिकाहरूले कथा साहित्यको प्रकाशन तर्फ ठूलो योग्दान दियो, जस्को प्रभाव स्वरुप नेपाली श्रष्ठाहरूमा नयाँ नयाँ ज्ञानको क्षितिज फैलिन्दै गयो । र परिणाम स्वरुप नेपाली कथा विधाले अनुवाद परम्परालाई छोडेर क्रमस मौलिकता तर्फको यात्रा तथा विधागत संचेतता अपाउनु थाल्यो । यसका साथै परम्परागत मानववेतर, रहस्यमय चरित्रहरूको अपेक्षा भन्दा मानवतावादी यदार्थवादी दृष्टिकोण तर्फ नेपाली कथा उन्मूख भएर जानु तथा आधुनक कथाको विकासको लागि महत्वपूर्ण पृष्ठ भूमि तयार गर्नु यस समयावधिको सबै भन्दा महत्वपूर्ण योगदान तथा वैशिष्ठ्य दुबै हो ।

४.५.११.३ आधुनिक काल

नेपाली कथाको आधुनिक काल स. १९९१ बाट सुरुवात भई अहिलेको वर्तमान सयमसम्मको समयावधिलाई आधुनिक काल भनीन्नछ । यस समयावधिमा महत्वपूर्ण धाराहरूमा

(१) सामाजिक यदार्थवादी धारा (२) मनोवैज्ञानिक यदार्थवादी धारा तथा

(३) प्रगतिवादी यदार्थवादी धारा (४) प्रयोगवादी धारा तथा (५) समसामयीकि धारा जस्ता ऐतिहासिक धाराहरूनै देखा परे यी धाराहरूको संक्षेपमा निम्नानुसार चिनारी दिइएको छ :-

४.५.११.१ सामाजिक यदार्थवादी धारा

नेपाली कथाको इतिहासमा आधुनिकताको सुत्रपात गर्ने मुल सुत्रधार नै सामाजिक यदार्थवादी धारा हो । नेपाली कथा साहित्यको इतिहासमा गुरुप्रसाद मैनालीको नासो कथा वि.स. १९९१ सँगै सामाजिक यदार्थवाद तथा आधुकि कथा लेखनको  सुरुवात मैनालीले गरेका हुन् । यस चरणका कथाकारहरूले समाजका यदार्थ घट्नाहरूलाई टपक्क टिपेर कथा लेख्ने गरेकाले यस चरणको कथालेखनलाई सामाजिक यदार्थवादी धारामा भनीन्छ । यसमा पनि अझ गुरुप्रसाद मैनालीले कथाका माध्यमबाट सामाजिक आदर्शता कायम गर्ने अभिप्रायद्वारा निर्दिष्ठ भएर कथालेखनमा लागेकाले यस धाराको कथाकारहरूलाई सामाजिक आर्दशवादी कथाकार पनि भनीन्छन् । यस धाराका अन्य कथाकारहरूमा पुष्कर शम्शेर, बालकृष्ण सम, ह्दयचन्द्रसिंह प्रधान, रुपनारायण सिंह, शिवकुमार राई, लिलाबहादुर क्षेत्री आदि प्रतिनिधि कथाकारहरू हुन् ।

४.५.११.२ मनोबैज्ञानिक यदार्थवादी धारा

नेपाली कथाको विकाशक्रममा आधुनिकताको मूल सुत्रपात गर्ने धारा सामजिक यदार्थवादी धारा हो भने सहयोगी अर्को मूल धारा भनेको मनोवैज्ञानिक यदार्थवादी धारा नै हो ।

नेपाली साहित्यमा सिग्मण्ड फ्रायोडको बैचारिक सिद्धान्त तथा रसईीन कथाकार माक्सिम गोर्की र एन्तोक चेखोबको शिल्प शैलीगत प्रभावद्वारा विशेष प्रभावित भई विश्वश्वरप्रसाद कोइरालाले नेपाली कथा साहित्यमा 'चन्द्र वदन' (१९९२) प्रथम मनोवैज्ञानिक यदार्थताको  प्रयोग गरीएको कथा लेखे पछिनै यस धाराको औपचारिक सूरुवात भएको हो । यो धाराले कथा विद्यालाई आधुनिकता तर्फ स्थापित गराउनका लागि सामाजिक यदार्थवादी धारालाई ठूलो मद्दत पुर्‍याएको छ । यसरी नेपाली कथाका क्षेत्रमा देखापरेका मनोवैज्ञानिक धारा अन्तर्गत रहेर मान्छेको मनोवैज्ञानलाई अध्ययन, विश्लेष्ण गरेर त्यसैलाई कथाको विषयवस्तुका आधार मानेर कथा लेख्ने कथाकारहरूमा भवानी भिक्षु, दारिकाप्रसाद कोइराला, गोविन्द गोठाले, विजय मल्ल, देवकुमारी थापा, पोषण पाण्डे, आदि यस क्षेत्रका प्रतिनिधि कथाकारहरू हुन् ।

### ४.५.११.३ प्रगतिवादी धारा

नेपाली कथाले आधुनिकताको पर्दापरण गर्न दुई महत्वपूर्ण साहित्यिक धारा, सामाजिक यदार्थवादी धारा र मनौवैज्ञानिक धारा सँगसँगै उदाए भने त्यसैको केही समय पछि अर्को धारा देखा पर्यो त्यो धारा हो प्रगतिवादी धारा । यो धारा रमेश विकलको 'गरीब' २००६ कथाबाट सुरु भएर वर्तमान समय सम्म क्रियासिल रहेको छ । यस धाराको मूल वैसिष्ठ्यता भनेको मार्कसवादी मुल्य मान्यता अनुरुपको कथा सृजना गर्नु हो । यस धारा अन्तर्गत रहेर कथा लेख्ने कथाकारहरूमा डी.पी. अधिकारी, भवानी घिमिरे, यज्ञप्रसाद आचार्य, बालकृष्ण पोखरेल, तारानाथ शर्मा, कृष्णप्रसाद सर्वहारा, चूडामणि रेग्मी, जगदीश नेपाली आदि रहेका छन् ।

### ४.५.११.४प्रयोगवादी धारा

आधुनिक कथाको विकाशक्रममा देखापरेको अर्को धारा हो प्रयोगवादी धारा । यो धारा परम्परागत मूल्यमान्यताको विरोध र नयाँ मूल्यमान्यताको स्थापना तथा खोज सहित २०२० बाट शुरु भएको हो । यसले परम्परागत साहित्यले युगिन जीवन जगतलाई समेट्न सक्दैन जसका लागि नयाँ नयाँ मूल्य र मान्यताको प्रयोग गर्नु पर्छ भन्दै अस्तित्ववादी, विसँगतीवादी, सुन्यवादी, निराशावादी आदि मान्यताहरू सँग सन्निकट रहेर कथा सृजना गर्न अभिप्रेरित गर्छ । यस धारामा रहेर कथा लेख्ने कथाकारहरूमा इन्द्र बहादुर राई, परशु प्रधान, ध्रुवचन्द्र गौतम, शैलेन्द्र साकार, मनु ब्रजाकी, ध्रुव सापकोटा, पारिजात, भगरीथि श्रेष्ठ, मोहनराज शर्मा, अशेष मल्ल आदि यस क्षेत्रमा कलम चलाउने प्रतिनिध कथा श्रष्ठाहरू हुन ।

### ४.५.११.५समसामयीक धारा

नेपाली कथाको समसामयीक धारा वि. स. २०४० बाट सुरु भई हाल सम्म चलिरहेको धारालाई नै समसामयीक धारा भनीन्छ । यसधारामा रहेर कथा लेख्ने कथाकारहरूले समसामयीक घट्नाक्रम समेटेर कथालेख्ने तथा युगिन जीवन पद्वति प्रतीको असहमति र नयाँ जीवन पद्वतिको खोजि गर्नु तर्फ लाग्नु विभिन्न चिन्तन तथा वादहरूको संयुक्त प्रयोग हुनु जस्ता मूलभूत विशेषता यस धाराको रहेको छ । यस धारा अन्तर्गत रहेर

कथा लेख्ने कथाकारहरूमा मनु ब्रजाकी, भगरीथ श्रेष्ठ, खगेन्द्र संग्रौला आदि प्रतिनिधि कथाकारहरू हुन् ।

यसरी नेपाली कथा विकाशक्रमका इतिहासलाई त्रि-आयामिक कालखण्ड,प्राथमिककाल, माध्यमिक काल र आधुनिककाल भनि विभाजन तथा अद्यान गर्ने पद्धति नै हालसम्मको सबै भन्दा नेपाली कथा इतिहासको मान्यपरमपरा हो । यहि परमपरा अर्न्तगत नेपाली कथाको प्रवथमिककाली समयले कथाको अनुवाद रुपान्तरण तथा माध्यमिककालको पृष्ठभूमिकालको महत्वपूर्ण खेलेको छ भने माध्यमिक कालमा अनुवाद रुपान्तरणबाट क्रमस मैलिक लेखन तर्फाको संक्रमण तथा आधुनिक कथा लेखनको महत्वपूर्ण आधार पृष्ठका रुपमा रहेको छ । आधुनिक नेपाली कथाले अनेका-नेक बीचार तथा वादहरुको प्रयोग सहित यो कालखण्ड अहिले सम्म क्रियासिल रहेको छ ।

✡✡✡

# पाँचौ परिच्छेद

## सगुन सुसाराको पुस्तकाकार कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन

### ५.१. माङ्फूनको कायाकल्प कविता संग्रहको अध्ययन विश्लेषण

सगुन सुसाराको दोस्रो चरणमा प्रकाशनमा आई सार्वजानिक भएको 'माङ्फूनको कायाकल्प' (२०६४) कविता संग्रह २३ कविता र ५८ पृष्ठको पुस्तककार कविता कृति हो यस कविता कृतिमा रहेका २३ ओटा कविताहरको समग्र अध्ययन, विश्लेषण कविताका सामान्य मान्यता तथा कविताका तत्वहरूको आधारमा निम्नानुसार गरीएको छ ।

५.१.१. विषयवस्तु वा भाव

'माङ्फूनको कायाकल्प' कविता संग्रहमा रहेका २३ सङ्ग्रहित कविताहरूमा विषय वस्तु तथा भाव पक्ष माथि अध्ययन, विश्लेषण गरेर हेर्दा विषय वस्तुगत प्रकृति अर्मूत देखि लगातार अर्मत यात्रा तर्फ यात्रारत देखिन आउँछ । भने अर्को तर्फ विषय वस्तुले छोटा विषयगत भावका रुपमा नआई झिनो आख्यानात्मक ढाँचाका रुपमा कथानकहरू देखा परेका छन् । यी कविताहरूमा प्रयुक्त भएका विषयवस्तुगत स्रोतका रुपमा विभिन्न आदीवासी जनजातीका (किंरात) जातीगत तथा संकृतिक मिथक, पुरककथा, आर्ष संकृत अन्तर्गतका माहाभारत पूराण, इतिहास, वर्तमान जनजीवनको अवस्था, किंरातीहरूको विवेक शुन्यता, राजनीतिक अवस्था, द्वन्दका विषय, विश्वमान चित्रमा मानाविय जीजीविसाको चित्रण, विभिन्न बीचार र वादहरूले ल्याएका हुरीको समर्थन तथा विरोध संग सम्बन्धित अनेकौं क्षेत्रहरूबाट यस संग्रहमा संग्रहित रहेका कविताहरूका विषयवस्तु ग्रहण गरीएका छन् ।

माथिका विविध स्रोतहरूबाट लिइएका यस संग्रहका कविताहरू, कवितागत प्रयुक्त भएका विषयवस्तुको अध्ययन गर्दा यस संग्रहमा पहिलो कविता 'बाँकी छालबाट' शीर्षक अन्तर्गत ऐतिहासिक विषयवस्तु रहेको छ । यसमा किंरात राज्यमा वीरपुर्खाहरूले गोर्खा राज्यसंग गरेको युद्ध र किराति वीरहरूले लड्दालड्दै कैयौले साधत प्राप्त गरेको र

राज्यगुमेको आफ्नो राज्यमा दमन र अन्याय सहनु परेको पूरानो राज्यसत्ताको खोजी गर्ने जस्ता विषयवस्तु यसमा समेटीएका छन् । अर्को ए ! नायुमा सम्बोधित शीर्षक हिन कविता छ । जसमा मात्रिभूमि प्रतीको अगात स्नेहमा युगतक विभिन्न कल्पनाहरूमा हराउदै जीवन व्यातित गरीरहेको विषय समेटिएको छ । 'बाटाको सपना' शीर्षक कवितामा तथाकथित भ्रष्ट राजनीतिको उपज विसंगत मानवीय जनजीवनको चित्रण छ । 'बूढो याक्साहरूको मेलामा' कवितामा किंरातीहरूको विवेक सुन्यताका परिणति स्वरुप अन्यायमा पर्न गएको तथा चेतनको जुर्मुराहट पछि हैसियतको खोजी गर्नु । 'मेरी टायमाको चिट्ठीको प्रश्नमा' किंरात स्वायत राज्यको नारा सहित देखापरेको १० वर्षे जनयुद्धको विषय रहेको छ । यसका साथै अन्य कविताहरूमा, वर्तमान एकात्मक राजनीति र संकृतिक पक्षको विरोध, द्वन्दका कारण सोझा सिद्याको अकाल मृत्यु हुन पुगेको, आधुनिक व्यास्त र विसंगत जनजीवनको चित्रण 'ग्लोबोलाइजेशन चक्रव्यूहको नजिर' कवितामा आफ्नो मान्यताको घोषणा सहित स्वर्भैमिक सत्ताको अस्वीकार तथा डेरीडाका समर्थनका विषयवस्तु समेटीएका छ । 'वर्जित गौंडाहरू र माउवा चेरपाको निस्सीमता' शीर्षक कवितामा वहुलतावादी संकृतिको माग तथा नेपाली साहित्यमा समावेषिताको आग्रह सहितको सैद्धान्तिक प्रयोग तथा घोषणाका रुपमा आउनु अन्तमा सेप्टेम्बर ११ प्रतिगात्मक शीर्षक रहेको कवितामा पेन्टागनले अभिमान स्वेच्छा चारिता, शक्तिको प्रदर्शन, अहमता, अहँकारको प्रतिनिधित्व गर्ने र सेप्टेम्बर एघारले ती सबैको अन्त हुने कुराको प्रतीगात्मक अर्थ बोकेको छ । भने अर्कातिर अभिमान तथा वर्तमान सस्त्र अस्त्रको होडल निर्दोष जनताको सह विनासको संकेत छ । यसको अन्त्यमा आफ्नै मात्र अस्तित्वको दावागर्ने परम्परागत अस्तित्ववादी बीचारको ठाउँमा अरुमो अस्तित्वसमेत स्वीकार गर्ने नयाँ स्वा-अस्तित्वको दावी गर्दै विषय वस्तु टुङ्याईएको छ ।

यो कविता सङ्ग्रहमा रहेका कविताहरूको संरचनात्मक स्वरुप लघुआयामिक भएतापनि विषय वस्तु प्रयोगका दृष्टिले जीवन जगतका व्यापक पक्षहरूलाई समेट्न सकेको देखिन्छ । अधिकरुपमा नेपाली कलासाहित्यका क्षेत्रमा न्यून मात्रमा किंराती मिथकीय

विषयवस्तुको प्रयोग गर्दै गरीएकोमा यसै क्षेत्रबाट व्यापक विषय वस्तुको समायोजन गरी नेपाली कलासाहित्यमा मिसाउन खोज्नु प्रयोगको रुपमा निकर्ष दिनु न्यायोचित नै ठहरिन्छ ।

## ५.१.२ चरित्र वा पात्र

माङफूनको कायाकल्प कविता संग्रहमा संग्रहित रहेका २३ कविताहरूमा भिनो विषयवस्तुलाई अंगिकार गर्दै अमूर्त शैलीमा विभिन्न पात्र/चरित्रहरूको प्रयोग गरीएको पाइन्छ । प्राय सबै जसो पात्रहरू व्यक्ति चरित्रका रुपमा नआई समूहगत वा जातीगत प्रतिनिधि पात्रका रुपमा देखा पर्दछन् । यी समुहगत वा प्रतिनिधि पात्रहरूले यस किंराती जातीको मिथकिय, ऐतिहासिक र वर्तमान किराँतीहरूको जीवन शैलीको प्रतिनिधित्व गर्ने पात्रहरू देखा पर्दछन् । भने अर्को तर्फ द्वन्द सृजना गराउने पात्र/चरित्रका रुपमा हिन्दु जातइी प्रतिनिधि पात्र/चरित्रलाई उभ्याईएको छ ।

माङ्फूनको कायाकल्प कविता संग्रहमा संग्रहित रहेका २३ कविताहरूमा पहिलो कविता 'वाकी छलाङ्बाट' शीर्षकइी कवितामा 'म' पात्र/चरित्र र अमूर्त शैलीमा रहेका ऐतिहासिक योद्धा पात्र तथा अर्को युद्धविजयी तथा वर्तमान समय सम्म सत्ताको वागडोर समाएका पात्रलाई उभ्याईएको छ । यसमा 'म' पात्र/चरित्रले वर्तमान किंराती जातीको समुहको प्रतिनिधित्व गर्दछ । भने ऐतिहासिक योद्धा पात्रले ऐतिहासिक किंरातीहरूको जातइी समुहलाई जो कपटपूर्ण युद्धद्वारा पराजित भए जस्को प्रतिनिधि पात्रका रुपमा उभ्याइएको छ र अर्को तर्फ खल पात्रको रुपमा युद्ध विजयी पात्र जो युद्धमा किंरातीहरूको राज्यलाई आफ्नो पोल्टोमा पारेको र वर्तमान समय सम्म सत्तासिन आर्यमूलिय हिन्दु जातइी समुह जो ऐतिहासिक युद्धदेखी वर्तमान समय सम्मको प्रतिनिधित्व पात्रका रुपमा उभ्याईएको छ । त्यस्तै 'ए ! नायुमा' सम्बोधित शीर्षकहिन कवितामा 'म' वक्ता पात्र र नायूमा सहित मूल दुई पात्रहरू रहेका छन् । यसमा 'म' पात्र/चरित्रले ऐतिहासिक किंराती राज्यको सपुतका रुपमा जन्मिएका पात्रलाई उभ्याइएएको छ । भने 'ऐ ! नायूमा' भन्दै सम्बोधित गरीएको पात्र मातृभूमीको प्रतिनिधि पात्रकारुपमा उभ्याइएको छ । जसलाई 'म' वक्ता पात्रले अगाद्य स्नेह गर्दछ । वाटोको सपनामा शीर्षकीय कवितामा 'म' वक्ता पात्र र सुकेमसान/राँकेभूतलाई जोखना मन्साउने भ्रष्ट राजनीतिक चरित्र/पात्रलाई उभ्याईएको छ । यसमा 'म' पात्र जन्ताको प्रतिनिधित्व गर्ने पात्र र अरुले तथाकयीत भ्रष्ट चरित्रका खलपात्रका रुपमा उभ्याईएको छ । 'बूढो याक्साहरूको मेलामा' शीर्षकिय कवितामा

आदिवासी जनजाती मूलका किंराती जातीहरू जो मोजमस्ति र पियेपदार्थमा लठ्ठ परेर विवेक सुन्यभई आफ्नो सर्वत्र गुमाएको पछिबाट चेतना आएपछि हैसियतको खोजि गर्ने किंराती जातइी समुहको प्रतिनिधित्व गर्ने पात्र यसमा उभ्याईएको छ । 'मेरी टायामा'को 'चिठीको प्रश्न' शीर्षकिय कवितामा वक्ता 'म' पात्र, पापा, सोकोङबुङ, भूमिपूत्रहरू, सिप्पा, मामा, काङ्सोरे तथा चासुमसिलिमा लगयतका इतिहास र वर्तमानको प्रतिनिधित्व पात्रहरूका रुपमा उभ्याइएएको छ । 'मुचुल्का गर्न सन्दर्भलाई' कवितामा वक्ता पात्र 'म' एकातिर र अर्कातिर खल पात्रिय चरित्रका रुपमा अमूर्त शैलीमा वर्तमान एकात्मक सासन गर्ने सत्तासिनलाई उभ्याईएको छ । जस्को विरोधि पात्रकारुपमा यहाँ 'म' पात्रलाई उभियाएको छ । अनुदित सलाईको काटी विरासन बारुद कवितामा लास मार्ग हिड्ने सोझा, सिधा र मुर्खहरू जो द्वन्दका क्रममा बलिका पात्र भए जस्का प्रतिनिधि पात्र, चिम्सा आँखा भएका पात्रहरू तथा अमूर्त शैलीमा उभ्याईएको द्वन्द (युद्ध) का गोटिचाल्ने पात्रहरू यसमा उभ्याईएका छन् । निसर्त खेल वक्त गुजुल्टा विरुद्ध शीर्षकिय कवितामा वक्तापात्र 'म' भालेको मुन्टो निमोठने, अहिर, बाजिथाप्ने बामपुड्के जस्ता पात्रहरू प्रतिगात्मक पात्र चरित्रका रुपमा आएका छन् । यी सबै पात्रहरू मूलरुपमा आदिवासी जनजाती मूलका किँरातीहरूले गुमाएको राज्य सत्ताको खोजि गर्ने एक पक्षका प्रतिनिधि समुह पात्र र अर्को तर्फ सक्तासिन समुह प्रतिनिधित्व पात्रहरू यसमा उभ्याईएका छन् । 'जिवा, खाँदा ल्होत्सोम्पालाई' शीर्षकिय कवितामा, आदिवासी मूलका किँरातीहरू उमेर वा समय छदाँ मोजमस्तिमा लिप्त रहने समय घर्के पछि ढाक्रे बन्नु पर्ने नियत बोकेका प्रतिनिधि समुह पात्रहरू यसमा उभ्याईएका छन् । त्यस्तै गरी 'ओथारो जुग, ओभानो तीर्खा', 'अभिभाज्य सम्बोध, राता सेता अरेख', 'अधिनस्त शेचन, बर्खिलाप सदिच्छा, नारोआ इतिहास शताब्दी संस्करण','हिबुङ चेतनाको जोखना' जस्ता कविताहरूमा पनि पूरानै राज्य सक्ताको खोजिगर्ने र सक्ता प्राप्तिको अन्नय अभिलासा राख्ने समुहका प्रतिनिधि पात्रहरू नै मूल रुपमा उभ्याइएका छन् । यसै गरी अन्तमा 'सेप्टेम्बर ११' प्रतिगात्मक शीर्षकीय कविता रहेको छ । यस कवितामा विभिन्न स्रोतहरूद्वारा विभिन्न पात्र/चरित्रहरूको चयन गरीएका छन् । यस अनुसार मिथकिय पात्र, ऐतिहासिक पात्र, विश्वका माहाशक्तिका रुपमा आएका नायक, चिन्तक तथा प्रयोगताहरू, अभिमान बोकेका पात्रहरू अभिमानको चुनैति दिने पात्रहरू, युद्धमा जित्ने र हार्ने अनेकैं पात्रहरू यस कवितामा आएका छन् । यस क्रममा यस कवितामा मिथकिय पात्रका रुपमा किंराती जातइी मिथकका 'नामसामी र कसामी' (मानव

पुत्र र राक्षसपुत्र) जस्ता पात्रहरू देखा परेका छन् । ऐतिहासिक पात्रका रुपमा विभिन्न युद्धमा माहान योद्धाहरू, सितकालीन अमेरिका र रसिया, सदाम हुस्सेन, ओस्माविन लादेन, जर्ज डब्नु बुस, नेल्सन मण्डेला, काङसोरे, हेङकुबुङ, हेल्छाकुपा, विभिन्न बीचार, दर्शन तथा वादहरूको जन्मदाता तथा प्रयोगताहरू शक्तिको प्रयोग गर्ने र चुनैति दिने नायकहरू नै यस कविताका पात्र/चरित्रका रुपमा आएका छन् तर पनि यस कवितामा यी समस्त पात्रहरूले पेन्टागन रुपि अभिमानको प्रतिनिधित्व गर्ने पात्र तथा तिनै पेन्टागन रुपि अभिमानको चुनैति दिने वा ध्वाङ्स बनाउने ओस्माविन लादेन रुपि सेप्टबर ११ को प्रतिनिधित्व गर्ने पात्रहरू यसमा देखापरेका छन् । अन्तमा यी दुई मूल प्रतिनिधि पात्र बीच द्वन्द अनिवार्य हुने वा जस्तो सुकै अभिमानको पनि पतन हुन सक्ने र हुने संकेत पनि यस कवितामा प्रयुक्त प्रतिनिधि चरित्रा वा पात्रहरूले दिएको पाईन्छ । यस कविता संग्रहमा रहेका कविताबाट एउटा उदाहरण हेर्न सकिन्छ । जस्तैः-

लौ यो बलेसीमा
सद्दाम हुस्सेन - एक
ओसामावीन लादेन - एक
नेल्सन मण्डेला - एक

काङ्सोरे - अर्को
हेङ्कुबुङ - अर्को
हेत्छाकुप्पा - अर्को
फूल कलसमा राखेको - अस्तित्व
आहालबाट विचार फुल्नु - उपस्थिति
काँसेथालमा जोखाना आउँन्छ - घाम जस्तो

चेतनाको - मिचिलिम्मा
चेतनको - अन्दङ्फूङ
चेतनाको - सेक्मुरी
चेतनाको - पप्पी
चेतनाको - मिक्चिरी

सप्पै - सप्पै र सप्पै

को निरन्तर - निरन्तर - निरन्तर

आ-आफ्नो अस्तित्वको मायामा

मान्छे बाँच्नुको बोधमा ।

माङ्फूनको कायाकल्प पृष्ठ : ५८

यो कविताको अंशले दिने अर्थ पंक्ति तथा एक प्रसंगमा नआउने भएकाले सिङ्गो एक प्रसंग यसमा उदारणर्थ प्रस्तुत गरिएको हो । यस कविताको हरेक पंक्ति तथा छोटा प्रसंगहरुमा विभिन्न साँस्कृतिक, मिथकीय पात्रहर तथा आञ्चालिक र राईका साथै लिम्बु भाषाकृत भाषाको प्रयोग भएका छन् । यसमा प्रयुक्त 'सेक्मुरी' किराती परम्परा अनुसार जीवन जोतीप्रतीरुपी  फून भन्ने हुन्छ भने 'अन्दङ्फूङ' र 'मिक्चरी' ले मानवीय मृत जीवन प्रतीरुपि फूल भन्ने जनाउँदछ । यस किसिमका अवोध्य तथा किराती मिथकीय भाषिक प्रयोग गरि अनेक पात्रहरुको समायोजन गरिएको छ । यस्ता पात्रहरमा ओसामावीन लादेन, सद्दाम हुस्सेन, नेलसन मण्डेला, पेन्टागन (अभिभानको चुली) काङ्सोरे, हेत्छाकुप्पा जस्ता पात्रहरुले अभिमानी शक्तिद्वारा पतन गरिएका शक्तिहरुको प्रतिनिधित्व गर्छ भने ओसामावीन लादेनले अभिमानको पतन गराउने पात्रको प्रतिनिधित्व गर्दछ । यस कवितांशमा प्रयुक्त समग्र पात्रहरुले अभिमान र अभिमानको चुनौति दिने शक्ति पात्रहरुको संकेत गर्दछन् । यसका साथै यसमा प्रयुक्त पात्रहरुको सिङ्गो कविता संग्रहको समेत प्रतिनिधित्व गर्दछ ।

यसरी 'माङ्फूनको कायाकल्प' कविता संग्रहमा संग्रहित रहेका समस्त कविताका पात्र/चरित्र विद्यानलाई समग्रमा हेर्दा अमूर्त किसिमका चरित्रहरू उभ्याईएका छन् । यी कविताहरूमा रहेका पात्र/चरित्रहरूले मूल रुपमा आदिवासी जनजाती विशेष किंरात जातीहरूको समुहगत प्रतिनिधित्व कुनै न कुनै हिसाबले गरेको पाइन्छ भने अर्को तर्फ द्वन्द सृजना गर्ने खल पात्रिय पात्र/चरित्रका रुपमा आर्य मूलका हिन्दु जातीहरू जो इतिहासमा किंरातका राज्य माथि हमला गरी विजय समेत प्राप्त गरी हालसम्म सत्तासिन रहेका छन्लाई प्रतिनिधित्व गर्ने पात्रहरूको रुपमा रहेका छन् । मूल रुपमा यही दुई जातद्दी प्रमुख प्रतिनिधि पात्रका बीचको द्वन्दमा नै यस कविता संग्रहको पूर्ण पात्र/चरित्र केन्द्रि रहेको छ ।

### ५.१.३ परिवेश

'माङफूनको कायाकल्प' कविता संग्रहमा संग्रहित रहेका कविताहरूले समेटेको परिवेशलाई हेर्दा २३ कविताहरूले भिन्न भिन्नै परिवेशलाई समेटेको पाइन्छ । यहाँ समग्रमा ति सबै कविताहरूले समेटेको परिवेशलाई एकामुस्टमा अध्ययन, विश्लेषण गरेर हेर्दा, यी कविताहरूले समेटेको परिवेश व्यापक छ । समयगतहिसमबले माहाभारतिय माहायुद्धको समय, पौराणीक काल, नामसामी, केसामी युद्धको काल, गोर्खा र किंरात राज्य बीचको युद्धकाल हुदै वर्तमान सम्मको समयवधीलाई यहाँका कविताहरूले समेटेको छ । घट्नागत स्थानहरूलाई हेर्दा पूर्वि नेपालको पूर्व किंरात राज्य क्षेत्र हाल मेची, कोषी र सगरमाथा पहाडी क्षेत्रलाई मूल कार्य पिठीका बनाईएको छ भने साउदी अरब भूमि हुँदै अमेरीका पेन्टगन, पौराणीक युगको विष्णुलोक, महाभारतड़ी कालीन कुरु क्षेत्र, अग्नीखील पर्वत आदिलाई समेटेको छ । युद्ध विभिशिकाको भयावह अवस्था जस्ता वातावरणलाई कविताहरूले समेटेको छ । समग्रमा यो कविता संग्रहमा स्रग्रहित कविताहरूको परिवेशले व्यापक क्षेत्रलाई समेट्न सकेको छ । युद्ध विभिसिकाको भयावह अवस्था जस्ता वातावरणलाई समेटिउको कविताको एक अंश यस्तो छ :-

वादहरको अर्घेलो - म !
महाभारत फैसला - म !
क्षेप्यस्त्रको नतीजा - म !
नामसामी केसामी निर्णय - म !
चेतनाको खेल - म !
संकृतिको उच्खनन् - म !
विचारको तुरुङ - म !

बाँचेर ग्लोवोलाईजेशन मात्र
सुरसारको वुहार्तनमा

माङ्फूनको कायाकल्प पृष्ठ : ५४

## ५.१.४. उद्देश्य

कुनै पनि कार्य गर्नुका पछि कुनै न कुनै अपेक्षा रहेको हुन्छ । त्यही अपेक्षालाई उद्देश्य भनीन्छ । 'माङ्फूनको कायाकल्प' कविता संग्रह आउनका पछि स्रष्ठाले कुनै पनि अपेक्षा वा उद्देश्य राख्नु स्वभाविक हो । यस सन्दर्भमा यस कविता संग्रहमा संग्रहित रहेका हरेक कवितहरूको आ-आफ्नै उद्देश्य रहनु स्वाभाविक हो तर पनि यहाँ यी संग्रहमा संग्रहित रहेका समग्र कविताहरूको उद्देश्यको समष्ट्रिमा अध्ययन विश्लेषण गरेर हेर्दा 'माङ्फूनको कायकाल्प' कविता कृति अलिकति घोषणा, कलिकति सैद्वान्तिक स्वरुप र अलिकति प्रयोगको रुपमा आएको अपरमपरित कृति हो ।[९३]

'माङ्फूनको कायाकल्प' एउटा सैद्धान्तिक घोषणा हो । विशेषत यस कृतिको अग्रभागमा 'लागिका लागि' शीर्षकमा श्रष्ठा स्वयमले राखेका मन्तव्यमा सुत्रमा यो कविता अनु बन्धित भएर वा प्रयोगका रुपमा आएको छ ।  यस सन्दर्भमा यहाँ ति घोषणाका बुदाँहरू उल्लेख गर्न सार्न्दभिक ठानि निम्नानुसार जस्ताको तस्तै उल्लेख गरीएको छः-

ले उत्तरवर्ती सोच

* स्वा-स्वयत्तता विकल्प
* बहुलता सार्वभौमिक सत्य
* अनुपस्थितिको अस्थिति
* खण्डनको खण्डन"

यी उल्लेखित बुदाँहरू उत्तरवर्तीका मान्यता हुन्, उत्तरवर्ती सोचको नयाँ साहित्यिक आन्दोलनको एक मुख्य घटक पनि हुन् ।[९४] सगुनसुसारा त्यसैले पनि यीनले यो कविता संग्रहको उद्देश्य सैद्वान्तिक घोषणा त्यसको प्रयोग तथा अपरमपरित वा नविन शैली सिल्पको प्रयोग गर्न खोज्नु, नेपाली साहित्यको मूल प्रवाहमा एकल जातीय पहिचान दिने किसिमको विषय वस्तुगत स्रोत तथा मिथक, आधा विम्वको प्रयोग भई रहेकोमा आदीवासी जनजातीहरूको संस्कृति, जातीय तथा मिथकिय विषयवस्तुहरू समावेश हुनु पर्छ भन्ने

[९३]. गोविन्दराज भट्टराई, पूर्ववत ।

[९४]. हाङयुग अज्ञात, सुम्हालुङ (वर्ष १२, अङ ६, वि.स. २०६६) ।

मान्यता सहितको प्रयोगको उद्देश्यहरू मूल रुपमा रहेको छ । उत्तरवर्ती सोचको सैद्धान्तिक घोषणा तथा अपरम्परित शैली शिल्प प्रयोग गरिएको एक उदाहरण जस्तै,

विनिर्माण अर्को निर्मित अस्तित्व !

विसंरचनाको अर्को संरचनात्मक अस्तित्व !

आख्यानको अर्को पराख्यानात्मक अस्तितव !

विगठनको अर्को संगठनात्मक अस्तित्व !

माङ्फूनको कायाकल्प पृष्ठ : ५३

आदिवासी जनजातीका भाष, संकृति तथा मिथकिय विषयवस्तुको प्रयोग गरिएको अर्को एक उदाहरण यस्तो छ । जस्तै,

कि -रावा जीवन भन्छ ।

कि - रात सम्पूर्णता भन्छ ।

यही निस्मिताले

दायराको ऐंजेरुलाई

छप्क्याउन चाहन्छ ।

चार ऐंची ख्याल ख्याल ।

त्यसैमा

अर्जुनको गाण्डिब गराउँछ

तर

एकालाब्यको बुढीऔंला डराउँदैन

कहिल्यै

किन भने

गुरुभक्ति विचार हो

गुरुभेटी स्वेच्छ हो

त्यसैले

थुथुरीवदे समग्रता बनेको छ

र/आगतलाई कुल्चन

कुर्कुच्चामा टाउको उमारेको छु

माङ्फूनको कायाकल्प पृष्ठ : १०

## ५.१.५ भाषा शैली

'माङफूनको कायाकल्प' कविता संग्रहमा रहेको कविताहरूको समस्ट्रिमा भाषाशैलीगत पक्षलाई हेर्दा साहित्यको कला पक्ष भनेकै भाषिक शब्दहरूको खेल मान्ने विनिमार्णवादी चिन्तनबाट प्रभावित रहेको पाइन्छ । यसैले यस संग्रहमा संग्रहित रहेका २३ ओटै कवितामा प्रयुक्त भाषाशैली अमूर्त र अबोध्य छन् । यी कविताहरूमा प्रयुक्त भएका शब्द तथा कविताका पङ्तिहरूको अर्थ खुल्न सक्दैन । सहि अर्थ बुझ्न सीङ्गो कविता वा पूर्ण र संयुक्त पंक्ति पुञ्जको अध्ययन गर्नु पर्ने हुन्छ । यसका साथै यी कविताहरूमा प्रयुक्त भाषाहरूले अबिधागत अर्थ नबोकि प्रतिगात्मक अर्थ धोतन गरेका छन् ।

'माङफूनको कायाकल्प' कवितामा संग्रहित कविताका भाषशैली दुर्वोध्य र क्लिष्ठ छँदैछन्, जस्मा अझ आञ्चलिक भाषाशैली तथा राई, लिम्बुभाषाको अत्याधिक प्रयोगले अझ दुर्वोध्यता थपेको छ । यिनको कविताको रस आस्पादन गर्नकालागि राई, लिम्बूको परिवेशबाट टाढा बस्नेका लागि शब्दकोष हातमै लिइवस्नु पर्छ ।[९५] भन्ने गोविन्दराज भट्टराईको ठहरले पनि स्पस्ट गर्छ ।

बुझ्नै कठिन लाग्ने यीनले प्रयोग गरेको यी कवितामा आदीवासी जनजाती किराँत जातइी तथा संस्कृति र ऐतिहासिक विषयवस्तुको प्रयोग, मिथक र विम्वको प्रयोगले कविताहरू शक्तिशाली बनेका छन् । जब यिनका भाषाशैलीगत वोध्यताको लागि बैधिकता उचित किंराती जाति तथा संस्कृतिको ज्ञान भएकाहरूका लागि यिनको भाषाशैली अनौठो र शक्तिशाली चमत्कार उन्पन्न हुन्छ । जस्ले पाठकलाई लठ्ठ त पार्छनै अझ यिनका कविता पढ्न बसे पछि समय कहिले घर्किन्छ होसै हुदैन । यही नै यिनको मूल भाषा शैलीगत

[९५]. गोविन्दराज भट्टराई पूर्ववत ।

विशिष्ठता हो । यसमा अमूर्त, अवोध्य, क्लिस्ठ तथा आदीवासी जनजाती (किरात) भाषाकृत कविताको एक उदाहरण यस्तो छ ।

जस्तै,

विगतबाट

बग्दै समय सँग

अगतभरि

फूङलोटिहाङ्माको

कलसफूल बाँछु ।

माङ्फूनको कायाकल्प पृष्ठ : २३

### ५.१.६.शीर्षक सार्थकताका दृष्टिमा यिनका कविताहरू

सगुनका 'माङ्फूनको कायाकल्प' कविता संग्रहमा संग्रहित रहेका २३ कविताहरूको शीर्षकीय विषयलाई अध्ययन तथा विश्लेषण गरेर हेर्दा, यी कविताका सबै शीर्षकहरूले दिने तारतम्य मिल्न आउँदैन बरु प्रतिगात्मक शीर्षकीय विषयको अर्थ तथा प्रतिगात्मक विषयको अर्थले एक अर्को बीचको उचित सामनजस्यताको अर्थ धोतन गर्दछ । विशेषत यस कविता संग्रहमा स्रग्रहित रहेको हरेक कविताका शीर्षकहरू तथा कविताका विषयवस्तुहरू जातइी, संस्कृतिक, स्रोतबाट लिइएका मिथक, ऐतिहासिक पौराणिक, पुरककथा आदि विषयलाई वर्तमानसँग जोड्न अमूर्त शैली र शील्प अपनाइएको तथा यसै अनुरुपको स्वाचालित र जाति विषेश, संस्कृति विषेश, भाषाहरूको सोभै प्रयोगबाट दुर्बोध्यता तथा अमूर्ततालाई थप सहयोग पुऱ्याउछ भने प्रतिकात्मक अर्थ धोतनकालागि महत्वपूर्ण टेवा दिन्छ । शीर्षकीय विषयहरूमा पनि संस्कृति विशेष, जातीविषेश, भाषिक शब्दावलीहरूको सोभै प्रयोग, परम्परागत शब्द सम्योजनका विरुद्धमा शब्दगत चमत्कार पूर्ण खेल खेल्नमा यिनि तल्लिन हुन खोजेकाले शीर्षकीय शब्द तथा वाक्यहरूले दिने अर्थ अत्यन्तै प्रतिगात्मक नै छन् । यी शीर्षकी संयोजन र कवितागत विषयलाई ऐतिहासीक, मिथकी किराँतीहरूको जातीविशेष तथा साँस्कृतिक विशेषको वर्तमान समय सन्दर्भ सँगको समायोजनको आलोकबाट मात्र

'माङ्फूनको कायकल्प' कविता संग्रहमा संग्रहित कविताहरूको ठिक भावर्थ समात्न सकिन्छ । यही सन्दर्भबाट यिनका कविताको शीर्षक तथा कवितागत विषयवस्तु तथा भाव सँग उचित मेल खाएकोले शीर्षक सार्थक रहेको निर्ष्कषमा पुग्न स्वाभाविक ठर्हछ ।

## ५.२.'मलाई माया गर्ने मान्छे' गजल कवितासंग्रहको अध्ययन विश्लेषण

कवि तथा गजलकार सगुन सुसाराको तेस्रो प्रकाशित कृतिका रुपमा आएको 'मलाई माया गर्ने मान्छे' (२०६६) गजल संग्रहमा ४८ गजलहरू संग्रहित रहेको पुस्ताकाकार स्वरुपको कृति हो । यस कृतिमा रहेका गजलहरूको विश्लेषण निम्न तथ्यहरूको आधारमा निम्नानुसार गरिन्छ :-

### ५.२.१.कविताका तत्वहरूका आधारमा 'मलाई माया गर्ने मान्छे' गजल संग्रहहरूको अध्ययन, विश्लेषण

#### ५.२.१.१. विषयवस्तु वा भाव

गजल कविताका लागि चलेको सामान्य परम्परा अनुसार गजलको विषयवस्तु लामो आख्यानात्मक ढाँचा वा स्वरुपको नभई छोटो भावका रुपमा आउनु पर्ने हुन्छ । अझ गजलमा प्रयुक्त प्रत्येक शेरहरूको स्वतन्त्र र छुट्टै अर्थ दिन सक्ने तथा पूर्वापर अर्थ सम्बन्ध रहेमा त्यसलाई झनै राम्रो भनीएको छ भने विषय वस्तु प्रयोगका सम्बन्धमा गजल भनेकै प्रेमिकाको विषयमा लेखिने छोटो कविता भनेबाट यसको विषय वस्तु विशेषत रतीराग वा प्रेम विषायक हुने तथा अहिले आएर विविध समसामयीक विषय वस्तु प्रयोग गरेर गजलको रचना गर्न सकिन्छ । भन्ने आधारहरूबाट 'मलाई माया गर्ने मान्छे' मा रहेका ४८ वटै गजलहरू हेर्दा ४७ वटा गजलहरूमा छोटा छोटा भावका रुपमा विषयवस्तु स्वरुप देखा परेका छ भने यो संग्रहको अन्त्यमा रहेको एउटा गजलको विषयवस्तु लामो आख्यानात्मक परिढाँचामा रहेको देखिन्छ, यो गजलको मान्यता भन्दा फरक रुपमा देखा परेको छ । विषय वस्तु प्रयोगका हिसाबले ४८ वटै गजलहरूमा सामान्य परम्पराको अनुसरण गरेको पाइन्छ । मूलत यस गजल संग्रह भित्र प्रयोग भएका विषय वस्तुहरू प्रेम प्रेमीको, वार्तालाप, रतिरागको कुरा, संयोगान्त, वियोगान्त अवस्थाको वर्णन, दुखेसो, सुखेसोको कुरा, ख्याल

ठट्टा, पियपदार्थको वर्णन, तथा समसामयीक मानवीय जनजीवन राजनीतिक अवस्थाको चित्रण, भ्रष्ट राजनीतिक व्यवस्था तथा मानवीय स्वर्थीपन र पतित व्यावहारहरूप्रति असहमति प्रकट गर्ने यसका साथै जातइी तथा सांस्कृतिक मिथकिय विषय वस्तुको समेत व्यापक प्रयोग यस गजल संग्रहमा संग्रहित रहेको गजलहरूमा पाइन्छ ।

५.२.१.२. चरित्र वा पात्र

गजलमा प्रयोग हुने सामान्य परम्परा अनुरुपनै यस गजल संग्रहमा रहेका ४८ वटै गजलहरूमा मूलरुपमा दुई पात्रहरू 'म' पात्र र ४८ वटै गजलहरूमा तखलुसाका रुपमा प्रयोग हुन आएको 'नानु' पात्र गरी दुई पात्र रहेका छन् । जस्तो यसका उदाहरणका रुपमा यस संग्रहमा संग्रहित गजलको एउटा शेर यस्तो छ । जस्तै,

जिन्दगी हो 'नानु' बाँकी तिम्रो भर परेर
सपनाको घामपानीले मुटु सेकु लाग्यो ।

मलाई माया गर्ने मान्छे पृष्ठ :१०

यस गजलमा वक्ताका रुपमा 'म' र 'नानु' सम्बोधित दोस्रो पात्र गरि दुई पात्र रहेका छन् ।

यसरी यस जगल संग्रहमा वक्ता 'म' पात्र भोक्ता पात्रका रुपमा तथा नानु पात्र चाँहि कतिपय अवस्थामा प्रत्यक्ष भोग्य पात्र र कतिपय अवस्थामा नेपाथ्य पात्रका रुपमा देखा पर्दछन् । यसरी देखा पर्ने दुई पात्रहरू हरेक जगल वा पूर्ण गजल संग्रह भरिका केन्द्रीय चरित्र प्रेम प्रेमीका, नायक नायीका भोक्ता भोग्य आदि पात्रका रुपमा यीनै दुई पात्र रहेका छन् । यीनै दुई पात्रको पेरीफेरीमा रहेर ४८ वटै गजल पूर्णभएको तथा बाँकी सहायक पात्र तथा घट्नाक्रमले दुई युगल जोडिका काव्यव्यापारमा सहयोग गरे जस्तै तथा यो गजल संग्रह भरिनै यी दुई पात्रको मूल प्रयोगले यो गजल संग्रह नभएर कुनै एक जगल शैलीमा लेखिएको खण्डकाव्य हो की भन्ने हुन्छ । तर त्यसो नभएर प्राय सबै गजलहरूमा प्रयुक्त पात्रका कार्य व्यापार परस्पर सम्बन्धित नरही स्वतन्त्र छन् । यसले यो ४८ वटा छुट्टाछुट्टै गजलहरू सुगठीत गरी संग्रहित गरीएका छन् । यसो हुन जानु पनि संयोग मात्र पक्कै

होइन् यसो हुनका पछाडि गजलका सामान्य परम्परा बुझ्ने स्रष्ठाको छुट्टै अभिमत रहन सक्छ ।

५.२.१.३. परिवेश

परिवेश भन्नाले स्थान, समय र वातावरण भन्ने हुन्छ । 'मलाई माया गर्ने मान्छे' भित्र रहेका सबै गजलहरू २०५८ देखी २०६२/६३ का बीचमा लेखिएको पाइन्छ । स्थानगत हिसाबले भने त्यति स्पष्ट रुपमा नखुले पनि स्पष्ट रुपमा खुलेको स्वदेश देखी विदेशसम्म आएको छ । स्वदेश भन्नाले स्थानीय घर गाँउ तथा स्थानीय पाँचथर वरिपरिका स्थानहरू नै समेटिएको छ । परिवेशगत हिसाबले नेपाली राजनीतिक अवस्थाको, मानिसहरूको आर्थिक भ्रष्ट तथा पतितपन माया, प्रेममा हुने अनेकै धोका, घात प्रतिघात, वर्तमान समयले ल्याएको परिवर्तन सँगै जीवन यापनमा आएको समस्याको समाधान विदेशमा गएर गर्नु पर्ने तथाकथित समग्र नेपाली सामाजिक परिवेश यसमा समेटिएको पाइन्छ भने त्यही समयमा १० वर्ष सम्म चलेको द्वन्दका घाँउहरू भने यिनका गजलहरूमा तुलनात्मक रुपमा कम पाइन्छ भने नेपाली गजलका क्षेत्रमा आदिवासी जनजातिकृत, राई, लिम्बू (किँराती) संकृति मिथकको प्रयोग व्यापक रुपमा गरेका छन् । जस्तै,

यस पल्ट पनि साकेवामा नाच्न सकिएन
सोई-सोईलाको हेर्ने आँखा जाँच्न सकिएन ।

मलाई माया गर्ने मान्छे पृष्ठ :४३

यस गजलको शेरमा किंरात राई जातीय संकृतिमा आधारित चण्डी नाच (उधौली, उभौलीको चाडमा नाचिने नाच) को समय तथा संकृतिको प्रयोग गरिएको छ ।

५.२.१.४. उद्देश्य

मूलत गजलको उद्देश्य रतिरागत्मक भाव तथा शब्द कला र संगीतको माध्यमबाट आनन्दनुभूति दिलाउनु नै हो । अहिले आएर जगलको उद्देश्य अन्तर्गत समसामयीक परिवेशको तथा घट्नाक्रमको उत्घाटन गर्ने तथा दाबी विरोध सहीत जनतालाई सुशिक्षित गर्ने क्रम पनि बडेको छ । 'मलाई माया गर्ने मान्छे' गजलसंग्रह पनि निक्कै हदसम्म आनान्दानुभूति दिलाउनु केही हदसम्म वर्तमान जनजीवका अस्तव्यस्ततताप्रतिको विरोध वा

असहमति प्रकट गराउनु । आम्सिक रुपबाट सैद्धान्तिक घोषणाको तथा प्रयोगका रुपमा आउनु यस गजलसंग्रहका उद्देश्यका रुपमा आएको छ । नेपाली साहित्यको प्रभावसिल रुपमा रहेको गजल विधामा किँराती मिथकहरू पनि प्रयोगमा ल्याउनु । अन्तमा एउटा गजल आख्यानात्मक परिढाँचाको २७ शेर युक्त गजलको प्रयोग गर्न खोज्नु नवीन्तमउद्देश्य हो । तर पछिल्लो उद्देश्य प्रयोगको उद्देश्य हुन आफ्नै ठाँउमा छ तर यो परम्परा गजलमा रहेका पाइन्दैन ।

५.२.१.५. दृष्टिविन्दु

दृष्टिविन्दु प्रयोगका हिसाबले हेर्दा 'मलाई माया गर्ने मान्छे' गजल संग्रहमा संग्रहित हरेका ४८ वटै गजलहरूको वक्ता पात्रले खेलेको भूमिकालाई नियाल्नु पर्ने हुन्छ । यस सम्बन्धमा यस संग्रहमा संग्रहित ४८ वटै गजलहरूमा 'म' वक्ता पात्र केन्द्रित चरित्रका रुपमा तथा भोक्ता पात्रको रुपमा उपस्थित छन् भने अर्का पात्र तखलुसमा प्रयुक्त हुने नानु पनि ४८ वटै संग्रहित गजलमा उपस्थित रहेपनि, यिनको उपस्थिति भोग्य पात्रका रुपमा रहेकाले तथा पाठक वर्ग समक्ष अनन्य मौन रहेकाले स्वयम 'म' पात्र नै वक्ता वा पाठक सँग प्रस्तुत हुन आएकाले यो सङ्ग्रहमा रहेका समस्तगजलहरूको दृष्टिविन्दुका रुपमा केन्द्रीय 'म' वक्ता पात्र प्रथम केन्द्रीय दृष्टिविन्दुको प्रयोग हुन आएको छ ।

५.२.१.५. भाषाशैली

गजलको परम्परा भनेकै गेयात्मक विधा हो । यसका लागि कलात्मक तथा संगीतात्मक भाषशैलीको अपेक्षा हुन आवश्यक ठानिन्छ । यस दृष्टिकोणबाट 'मलाई माया गर्ने मान्छे' गजल संग्रहमा संग्रहित रहेका ४८ गजलहरूमा भाषाशैली गजल परम्पराको सामान्य सिद्धान्तको अक्षरस पालना भएको देखिन्छ । विशेषत यसमा प्रयोग हुन आएका भाषशैली सुबोध्य, सरल भाषाशैलीको उचित समायोजन हुनका साथै गजलमा प्रयोग हुने आवश्यक काफियाको  उचित प्रयोग तथा समग्र गजलहरूका तथा गेयात्मक हुनमा सहयोग पुगेको देखिन्छ । यसका साथै कतिपय गजलहरूमा आञ्चालिकताको प्रभावमय शब्दावलीको  प्रयोगले भाषा शैलीलाई जीवन्त तुल्याएको पाइन्छ । जस्तै,

हिड्दै जाँदा धेरैमा बाटो आफ्नो-आफ्नो

जीवनसँग मान्छेको माटो आफ्नो-आफ्नो ।

मलाई माया गर्ने मान्छे पृष्ठ : १६

### ५.२.२ गजलको संरचनाको आधारमा 'मलाई माया गर्ने मान्छे' गजल संग्रह

गजलमा साहित्यको अन्य विद्याभन्दा फरक र आफ्नै किसिमको परम्परा रहेको छ । यही गजलमा रहेको मौलीक परम्पराका कारण अन्य साहित्यिक विधा भन्दा छुट्टै विधागत स्वरुपको भएको हो । गजलको संरचना प्राप्त गर्नका लागि पनि यसको परम्परा अनुसारका शब्द र अर्थगत अवयवहरूबाट नै गजलको संरचना तयार बन्छ । यस दृष्टिकोणबाट 'मलाई माया गर्ने मान्छे' गजल संग्रहमा संग्रहित रहेको ४८ गजलहरूमा शेर संख्यात्मक दृष्टिले हेर्दा कम्तिमा ५ र बढीमा ११ शेर रहनु पर्छ भन्ने गजलको परम्परा अनुसार ४७ वटा गजलमा ५ वटा शेरहरूकै संयोजन गरेर गजलको शेर संख्या सम्बन्धि मान्यताको अङ्गिकार गरेका छन् जस्तो यस सङ्ग्रहमा सङ्ग्रहित एक नमुना यस्तो छ । जस्तै,

आँखाको आश तिम्रै हो कि ?

मुटुको बास तिम्रै हो कि ?

मन चोर्‍यो खुशी खोसेर

दिलको चास तिम्रो हो कि ?

जति भूल्यो उति खोलिन्छ

मायाको तास तिम्रै हो कि ?

मोती फुल्छ छाती चिरेर

बाँचेको सास तिम्रै हो कि ?

जीवनको बारुद भित्र

'नानु' यो लास तिम्रै हो कि ?

मलाई माया गर्ने मान्छे, पृष्ठ : २३

यस प्रकार गजलका मान्य परम्पराको अनुसरण गर्दा गर्दै पनि अन्तिमको ४८ औ गजल चाँहि ५+५+५+५+७ शेरहरू जोडिएर ५४ (मेसरायुक्त २७ शेरको आख्यानात्मक परिढाँचाको गजल रहेको छ । यस गजलको एउटा शेर यस्तो छ जस्तै,

पिरती फुल्दै जीवन खेल्ने ठाम बन्दै थियो ।

मायावी 'नानु' कर्मको स्वर्ग धाम बन्दै थियो ।

मलाई माया गर्ने मान्छ, पृष्ठ :४८

यो प्रकृतिको गजल भने गजल परम्परामा रहेको पाइन्दैन । जगलका प्रत्येक शेरहरूले दिने भावगत अर्थ स्वतन्त्र र पूर्ण हुन्छ तर पूर्वपर सम्बन्ध भए राम्रो भन्ने गजलको परम्परा अनुसार नै' ४८ वटै गजलहरूमा भाव र अर्थगत पूर्व पर सम्बन्ध रहेका पाइन्छ । जस्तै,

सुनको विहानी बस्ने जीवन कुर्दा कुर्दै

स्वार्थको झोलामा रमायौं एक-अर्कालाई ।

मौकाको पछि लागेर गोरेटो तन्के पछि

योजनाको चोर ठमायौं एक-अर्कालाई ।

मलाई माया गर्ने मान्छ, : पृष्ठ ४१

यस गजलका शेरहरुमा सुनौलो भविष्यको प्रतिक्षा गर्दा गर्दा प्रेम र प्रेमीका बीच एक अर्काका स्वार्थ पूरा गर्ने अवसरवादी सोचमा लागेपछि सुनौलो भविष्यको सट्टा एक अर्का बीच आरोप प्रत्यारोपको भाव सहित पहिलो गजल शेरमा विषय भावको उठान गरेर दोस्रो शेरले त्यसै विषयभावको निरन्तरता दिएर यस दुई गजल शेरहरु बीच एक अर्कामा पूर्वापर सम्बन्ध स्थापित रहेका छन् ।

यसका साथै गजलमा रहने मिसराको प्रयोग अन्तर्गत एकै मिसरामा स्वयम स्वतन्त्र र पूर्ण नभई दोस्रो मिसराको अपेक्षा गर्ने मान्यताको पूर्ण अनुसरण गरीएको छ । जस्तै

चाँदनी रोजेर विहानी पख शीत फूल्दा

आँसु पिई वेदना फूल्ने सुरमा थिइयो ।

मलाई माया गर्ने मान्छ, : पृष्ठ ७

यस गजलका शेरमा प्रयुक्त रहेका दुई मिसराहरुमा पहिलोले विषय वस्तुको उठान तथा दोस्रोमा समन गरि पूर्ण एक गजल शेरका रुपमा विषय वा एक भाव आएको छ ।

यसैगरी मतलाको पनि राम्रो सँग पालना गरीएको छ । जस्तै,

सक्दो आदर्श हुन्छन् सोमतमा नभएकाहरु

विना शरम डुल्छन् सोमतमा नभएकाहरु ।

मलाई माया गर्ने मान्छ, : पृष्ठ १

यस गजल शेरका दुबै मिसरा समतुकन्त वा समान अनुप्रास युक्त छन् । गजलमा मतलाको प्रयोग सम्बन्धि यहि परम्परा रहिआएको छ ।

यसीगरी तखलुसाको सम्बन्धमा आफूले वा स्रष्ठाले माया गरेका चाहेका वा प्रेमिकाको प्रतिकात्मक 'नानु' सम्बोधित नाम तखलुसको रुपमा प्रयोग हुन आएको छ । सबै भन्दा आश्चार्यको कुरा त यस संग्रहमा रहेका ४८ वटै गजलहरूमा अनिवार्य रुपमा कुनै न कुनै शेरमा उही एउटै 'नानु' सम्बोधित नाम नै तखलुसाको रुपमा आएको छ । जस्तै,

जिन्दगी हो 'नानु' बाँकी तिम्रो भर परेर

सपनाको घाम पानीले मुटु सेकुँ लाग्यो ।

मलाई माया गर्ने मान्छ, : पृष्ठ ४

यो नवीन प्रयोगका रुपमा आएको छ । यस अघि एउटा गजल संग्रहमा एकै व्यक्ति सम्बोधित नाम तखलुसाको प्रयोग भएको पाइदैन ।

गजलमा अनिवार्य हुनै पर्ने काफिया र ऐच्छिक रुपमा हुने रदीफका सम्बन्धमा 'मलाई माया गर्ने मान्छे' को ४८ गजलहरूलाई हेर्दा सबै गजलहरूमा हुल्छन्, डुल्छन्,

रमन, गमन, लेखे, देखे जिउँन्दैछु, पिउन्दैछु जस्ता काफियाको पूर्ण पालना गरीएको छ जस्तै,

मौनतामा भूल्न भूल्छिन मलाई माया गर्ने मान्छे ।
सिर्जनामा खुल्न खुल्छिन् मलाई माया गर्ने मान्छे ।

मान्छेको खोलामा स्वाभिमान र नैतिकता राखी
आवेगमा डुल्न डुल्छिन् मलाई माया गर्ने मान्छे ।

आफ्नो भन्ने जति 'नाउ' दुनियामा प्वाल परेर
मर्यादामा घुल्न घुल्छिन् मलाई माया गर्ने मान्छे ।

मलाई माया गर्ने मान्छ, : पृष्ठ २

यस अनुप्रास प्रयुक्त रहेका समतुकान्त वा समान अनुप्रास प्रयुक्त भूल्छिन्, खुल्छिन्, डुल्छिन् र घुल्छिन् आदि शब्दहरुनै काफिया हुन् । यि काफियाहरुले गजलको लय सृजनाका लागि ठूलो सहयोग गरेका छ ।

यसैगरी सोमत नभएकाहरू, सोमत नभएकाहरू, होला,होला भनुँ भन्नैका समान ध्वानीत शब्दसमूह रदीफका रुपमा ऐच्छिक रुपमा नभई अनिवार्य प्रयोगमा आएका छन् ।

जस्तै,

सक्दो आदर्श हुन्छन् सोमतमा नभएकाहरु ।
विनाशरम डुल्छन् सोमतमा नभएकाहरु ।

जिन्दगी नदीका दुई किनाराहरु हुतिएर
आफ्नो बाटो नि भुल्दछन् सोमतमा नभएकाहरु ।

आजकल जतातातै आफ्नो अस्तित्व कुल्तिएर

थाहै नपाई भ्रुल्छन् सोमतमा नभएकाहरु ।

मलाई माया गर्ने मान्छ, : पृष्ठ १

यस गजलका शेरहरुमा प्रयुक्त काफिया पछि आएका अनुप्रासमय शब्द समुह सोमतमा नभउकाहरु, सोमतमा नमएकाहरु जस्ता शब्द समुहहरुनै रदीफ हुन । जसले गर्दा गजलको गेयात्मक परम्परामा यसले थप सहयोग पुऱ्याएको देखिन आउँछ ।

## ५.३ 'मिथक बिम्व र प्रतीक' ताङ्का सङ्ग्रहको अध्ययन विश्लेषण

सगुन सुसाराको चौथो कृतिको रुपमा प्रकासनमा आई सार्वजनिक भएको 'मिथक' विम्ब र प्रतीक (२०६८) ताङ्का कविता संग्रहमा जम्मा १९८ ताङ्काहरू संग्रहित रहेको ६६ पृष्ठको पुस्तकाकार कृति हो । यस कृतिमा रहेको ताङ्काहरूको समग्र रुपमा अध्ययन विश्लेषण कवितातत्व तथा ताङ्काका सामान्य सिद्वान्तका आधारमा रहेर निम्नानुसार गरिन्छ ।

### ५.३.१. कविताका तत्वका आधारमा मिथक विम्ब र प्रतीक ताङ्का सङ्ग्रहको विश्लेषण

#### ५.३.१.१ विषयवस्तु वा भावका आधारमा

ताङ्काको सामान्य सिद्वान्त तथा परम्परा अनुसार ताङ्का लघु आयामिक कविता विधा हो तर पनि ताङ्काले समेट्ने विषय वस्तु व्यापक हुन्छ । यसमा जीवन जगतका व्यापक पक्षलाई समेट्न सकिन्छ जसकालागि प्रकृतिका विम्ब तथा संस्कृतिक मिथकहरूको सहारा लिइन्छ भन्ने सामान्य मान्यता अनुसारनै 'मिथक बिम्ब र प्रतीकमा संग्रहित रहेका ताङ्का संग्रहमा संग्रहित रहेका १९८ ताङ्का मूल विषय वस्तु किँराती मिथक तथा पुरा कथाहरू, महाभारतइी तथा पौराणिक मिथकहरूको प्रयोग तथा विभिन्न विम्बहरूको साहाराबाट जीवन जगतको व्यापक पक्षको चित्रण गर्ने क्रममा जीवन जगतका व्यापक क्षेत्रबाट विषयवस्तुहरूको प्रयोग गरीएको छ । विशेषत १९८ ताङ्का कविताहरूमा भिन्न भिन्न स्रोतहरूबाट विषयवस्तु ग्रहण गरीएको छ तर मूल रुपमा यी ताङ्का कविताहरूको विषय वस्तुहरूमा वर्तमान राजनीतिक व्यवस्था प्रतीको असहमति, देशमा व्याप्त रहेका

शसक्त जनयुद्धको कारण जनताको गुमेको राज्य प्रतीको सन्ताब, पूर्नप्राप्तिको भाव, उच्च संकल्पहरूको अटेशमटेश, अभिमानको पतन् मानवङ्गी जीवनका बाध्यता, विवस्त, नियति, संकल्पको कुठाराधात माया, प्रेम, रतीराग, कतिपय अस्लिता र सस्ता लाग्ने विषयहरू समेत प्रयोग यिनका ताङ्काहरूको विषय वस्तुका रुपमा आएको छ । यी विषयवस्तुहरू उचित प्रकृति विम्बहरू, संकृतित तथा जातीय मिथकहरूको शक्तिशाली प्रयोगसँगै जीवन जगतका व्यापक पाटाहरूलाई समेट्न सकेको छ। जस्तै,

मेरी छेकुमा

आदिम पर्खालको

मुक्तियुद्धमा

हारेको कर्मलाई

युग पुत्र जन्माउनु ।

मिथक,विम्व र प्रतीक , कमसंख्या :३८

५.३.१.२. चरित्र

ताङ्का कविता लघु आयमिक कविता हो । यस कविताले दिने अर्थ अभिधागत नभएर प्रतीगात्मक हुने हुनको साथै स्थुल रुपमा घट्ना वा कथानक बोक्न सक्दैन यसर्थ यसमा प्रयोग हुन आउने चरित्रहरू पनि स्पष्ट नभई अमूर्त प्रकारको हुनु स्वाभाविक भएझै ताङ्का संग्रहमा संग्रहित रहेका ताङ्काहरूमा प्रयुक्त पात्रहरू त्यही संयुक्त रुपमा देखा नपरेर प्रगतिगात्मक रुपमा देखा परेका छन् । कतिपय अवस्थामा द्वन्दका पक्षहरू तथा सन्त्रासमा बाँचेकाहरू अभिमान बोकेकाहरू शक्त खोस्ने र खोसिएकाहरू संकल्प घात खाएकाहरू जस्ता अर्मूत किसिमका व्यक्ति र व्यक्ति समुह जस्ता पात्रहरू यी ताङ्काहरूमा प्रयुक्त भएका छन् । जस्तै,

पर्वत जस्तो

आदिवासी प्रकाश

कुहिरो भित्र

कुन यकको लागि

दिर्घ अस्तित्व भाँचयौं ?

मिथक,विम्व र प्रतीक , क्रमसंख्या : ४९

यस ताङ्कामा प्रयुक्त रहेका पात्रहरु व्यक्ति पात्रका रुपमा नआई महान् र गौरबमय इतिहास बाँचेको, तथा समयको गति सँगै आफ्नो शक्ति द्वारा पतन र निस्तेज भएका आदिवासी समुह पात्र तथा संकेतिक पात्रका रुपमा शक्तिद्वारा पतन गराउनु सफल समुह पात्रहरु तथा वर्तमान व्यवस्थाबाट उन्मूक्तिको बाटो खोज्ने पात्रहरु यस ताङ्कामा प्रयुक्त रहेका छन् ।

५.३.१.३. परिवेश

'मिथक, विम्व र प्रतीक' ताङ्का सङग्रहमा स्ग्रहित रहेका ताङ्का कविताहरूले व्यापक परिवेशलाई समेटेको पाईन्छ । विशेष गरेर यसमा रहेका ताङ्काहरूमा आर्य संकृति तथा धार्मिक पक्षहरू, पैराणिककाल, माहाभारतइी युग किंराती थुथुरिवेद तथा संकृति र जातिय पुराकथा कालीन समय किरांत राज्य र गोर्खा राज्य बीचको युद्धताको समय देखि लिएर प्रजातन्त्र लोकतन्त्र, द्वन्दरथ समय गरी अहिले सम्म चलिरहेको घटनाक्रम तथा परिवेशलाई नै यो संग्रहभित्र रहेका ताङ्काहरूले समेटेका परिवेश गत पक्ष हुन् । जस्तै,

गोरखाली छाती

दीलको पञ्जाभित्र

लीलामसँग

आठाना चाराना

बिक्री भइरहेछ ।

मिथक,विम्व र प्रतीक , क्रमसंख्या : ८

५.३.१.४. उद्देश्य

कुनै पनि कार्य गर्नु वा गर्न लगाउनुका पछि कुनै न कुनै अभि प्राय पक्कै हुन्छ यस किसिमको अभिप्राय सोच वा संकल्प साहित्य सृजनात्मक लेखहरूमा रहनु स्वाभिवकै हुन्छ । यस अनुसार 'मिथक, विम्व र प्रतीक' ताङ्का संग्रहमा संग्रहित रहेको १९८ ताङ्काहरूको व्यत्तिरेकी अभिप्राय तथा उद्देश्य रहेका छन् तर पनि मूल रुपमा यी संग्रहमा संग्रहित रहेका

ताङ्काहरू, उत्तरवर्ती सोचको घोषण तथा प्रयोगका हिसाबले केही हत सम्म जापानी कलाको स्वाद नेपाली भूमिका नेपालीपनको नेपालीलाई चखाउन इतिहासलाई कोट्याएर वर्तमानको चर्चा अध्ययनद्वारा भविष्य प्रातिको सहि संकल्पको पाठ सुसुचित गर्नु गराउनु नै यस ताङ्का संग्रहमा संग्रहित रहेको ताङकाहरूको उद्देश्य हो ।

५.३.१.५. भाषा शैली

ताङ्कामा प्रयुक्त हुने भाषशैली विशिष्ठ प्रकृतिका हुन्छन् । यसमा प्रयुक्त हुने भाषिक शव्द तथा कविताले दिने अर्थ अविधागत नभएर प्रतिकात्मक हुने हुन्छ । कतिपय अवश्थामा एउटै ताङ्काले अनेकौ अर्थहरूको सम्भावनालाई वोकिदिन्छ । जीवन जगतका व्यापक पक्षहरूलाई समेट्न सक्ने हुन्छ । पस्कालागी नै ताङ्कामा प्रयुक्त भाषाशैली विशिष्ट शैलीका हुन्छ भन्ने पक्ष ताङ्काले व्यापक जीवन जगतलाई समेट्न सक्ने वनाउन जातइी तथा विभिन्न सांकृति मिथकहरू तथा प्रकृति, बिम्वहरूको समेत साहारा लिने गरिन्छ । यसैक्रममा मिथक, आर्षजाती तथा किंराती संकृति मिथकहरूको प्रयोग तथा प्रकृतिक तथा विभिन्न प्रतीकहरूको प्रयोगको माध्यम अपनाएर र आञ्चालिक विम्व र मिथकहरूको प्रयोग सहित यी ताङ्काहरूमा प्रयुक्त भएका भाषशैली विशिष्ट प्रकृतिको छ । यी कविताको भाष्कि शव्दहरूले अभिधाग अर्थ नदिएकर प्रतिकात्मक अर्थ दिने गदर्छ । यस क्रममा यी ताङ्काहरूले जीवन गजतका व्यापक पक्षलाई समेटेको पाइन्छ । भने अर्कोतिर कतिपय अवस्थामा यसले दिने अर्थ अमूर्त हुने भएकाले अनेकौ अर्थगत सम्भावना समेत बोकेको पाइन्छ ।

जस्तै,

विचार होस  
अभेग पहँचमा  
आस्था नै होस्  
खेल मैदान भरि  
म एउटा भकुण्डो ।

मिथक,विम्व र प्रतीक , क्रमसंख्या : १६६

५.३.२ ताङ्काको संरचना तथा मान्यतागत आधारमा

ताङ्काको संरचना लघु र सुत्रात्मक आयामको हुन्छ तर पनि ताङ्कामा प्रयुक्त शव्दहरू विशिष्ठ हुने यसका साथै ताङ्कामा प्रयुक्त शव्द वा शव्द समुहहरूले अभिधागत अर्थ धोतन नगरी प्रतिकात्मक अर्थ धोतन नै गर्ने अझ ताङ्कामा प्रयुक्त शब्द तथा शब्द समूहहरूले दिने प्रतिकात्मक अर्थले पनि थप ससक्त वनाउने क्रममा विभिन्न जातइी संस्कृति मिथकहरू तथा विभिन्न प्रकृति बिम्वहरूको प्रयोग ताङ्काको सामान्य परम्परा मान्यता हो जसको माध्यमबाट नै ताङ्काले जीवन र जगतका व्यापक पक्षको प्रतिकात्मक अर्थ धोतन गर्न सक्ने हुन्छ । यही परिदृष्टिबाट 'मिथक, विम्व र प्रतीक' ताङका संग्रहमा संग्रहित रहेका १९८ ताङ्काहरूलाई विश्लेषण गरेर हेर्दा हरेक जसो ताङ.काहरू विभिन्न जातीय, संस्कृति मिथक प्रकृतिका अनेकौ विम्वहरूको साहारा लिई ५+७+५+७+७ जम्मा ३१ अक्षर र ५ पक्ति यूक्त सुत्रात्मक संरचनामा संरचित जो ताङ्का मान्यता अनुरुप छ ।[९६] को व्यापक र सिङ्गो जीवन गजतको अर्थ धोतन गर्न सक्षम रहेको छ । जस्तै,

क्षितिजबाट

घाम जून समात्न

हरेक साँझ

ती याक्साहरु माथि

सन्त्रास झरिरा छ ।

मिथक,विम्व र प्रतीक , कमसंख्या : ३

यसैगरि यस संग्रहमा स्रग्रहित ताङ्काहरूले दिने अर्थहरू स्वतन्त्र, आफैमा पूर्ण तथा एक अर्थमा पूर्वपर सम्बन्धित रहेका छैनन् । संग संगै मिथक प्रयोग र प्रतीकहरूको अवलम्वन समेत व्यातिरेकी दृष्टिबाट आएका भए पनि समग्रतामा प्रयुक्त हुन आएका मिथक, विम्वहरूका रुपमा मूलतः किंराती जातिय तथा संस्कृति मिथकहरूमा सुम्निमाको मिथक, कोइरालकृत सुम्निमा उपन्यासका पात्रहरू सोमदक्त तथा सुम्निमाको मिथक विषय

[९६] पूर्ववत् ।

बाघ र मनुस्य दुई छोरा नामसामी, केसानीको मिथक आर्य जातइी मिथक अन्तर्गत माहाभारतइी अर्जुनको गाण्डीप, द्रोणाचार्य शिष्य एकलावियको बुढी औला, पौराणिक स्रोतको विष्णुको सबै अस्त्रहरूको नै अन्तिम अस्त्रका रुपमा रहेको नारायण अस्त्र वा सुदर्शन चक्र आदि मिथकीय प्रयोग उदाहारण हो । जस्तै,

कोइरालाकृत सोमदत्त, सुम्नीमा तथा किंरात राई संकृतिक मिथकको प्रयोग भएको ताङ्काको एक नमुना यस्तो छ :-

बाटो सम्झेर

विचरा ! सोमदात्त

चिम्सा आँखाले

भट्टि पसलबाट

सुम्निमा नाङ्गै देख्छ ।

मिथक,विम्व र प्रतीक , कमसंख्या :११२

किराती संकृतिमा आधारित नामसामी केसामीको मिथक प्रयोग गरिएको अर्को एक उदाहरण यस्तो छ :-

समय भोग्न

अस्तित्वको खातिर

सभ्यताबाट

नामसामी केसामी

अवतार किन भो ?

मिथक,विम्व र प्रतीक , कमसंख्या : १७०

धर्थी, आकाश, वादल, बुढोयाक्सा, वाँसको तामा, हिटलर बुद्ध, वन्दुकका नाल, सलाईको काटी आदि उदाहरणहरू हुन् ।

कटुसभरि

मुस्काएको झोम्पाले

प्रयोगबाट

मान्छेको अनुहार

हिटलर पो दुख्छु ।

मिथक,विम्व र प्रतीक , कमसंख्या : ८१

'मिथक' विम्व र प्रतीक ताङ्का संग्रहमा संग्रहित रहेका ताङ्काहरूमा मूलत यीनै माथिका जातिय, संस्कृति तथा ऐतिहासिक मिथक, प्रकृतिका अनेकै बिम्व साहारा लिई सुत्रात्मक तथा ताङ्काको संरचनात्मक साथ मान्यगत परमपरालाई अंगिकार गरी सृजना गरीएका यी सगुनका सवैजसो ताङ्काहरू प्रयुक्त भाषाशैली विशिष्ट खालको छ । यसैले यी ताङकाहरू, ससक्त र जीवन जगतको प्रतिकात्मक तथा व्यापक अर्थ धोटन गर्न सक्ने खालका छन् ।

## ५.४. श्रद्धाको फूल कथा संग्रहको अध्ययन र विश्लेषण

सगुन सुसाराको पहिलो प्रकाशित कृति हो श्रद्धाको फूल (२०५६) कथा संग्रह । यो कथा संग्रहमा जम्मा १० ओटा कथाहरू संग्रहरू संग्रहित रहेका छन् । यस चरणमा आएका यिनका रचनाहरू यिनको साहित्य तर्फको यात्राका क्रमको प्रथम चरणका सृजनाहरू हुन । प्रथम चरण यिनको आश्यासिक चरण भएकोले तुलानात्मक हिसाबले यस चरणका कथाहरूका कम्जोर गुणहरू देखा पर्दछन् । यो संग्रहमा संग्रहित सहेका १० ओटै कथाहरूको अध्ययन तथा विश्लेषण कथाका आधुनिक तत्वहरू तथा अन्य कथाका विभिन्न अङ्गका आधारमा निम्नानुसार गरिन्छ ।

### ५.४.१ 'श्रद्धाको फूल कथा संग्रहको' आधुनिक कथा तत्वका आधारमा अध्ययन, विश्लेषण

#### ५.४.१.१ विषय वस्तु

श्रद्धाको फूल कथा संग्रहमा नियत, ममता, बटुवा कुठाराघात, पृथकता, नसिब, अनिष्ठ, विरान्तरी, विभेद र श्रद्धाको फूल गरी जम्मा १० कथा संग्रहित रहेका छन् । यी सबै कथाका कथाबस्तुको स्रोतकारुपमा सामाजिक यदार्थ विषय वस्तुलाई अङ्गीकार गरेका छन् । यसक्रमा यीनले समाजमा घटिरहेका विभिन्न घटनावलीहरूलाई समेटेका छन् । विशेष त ग्रामीण समाजमा हुने धनी वर्गको हैकमवादी पवृत्तिका कारण गरीब र निमुखाले

भोग्नुपर्ने कष्ठ, ग्रामिण तथा सहरमा वसोवास गर्ने नरनारी तथा युवा युवतीको आनिवानी सहरका खराब पक्षहरू तथा कर्मवादी भाग्यको पक्षका विषय वस्तुहरू नै मूल रुपमा यीनले यी १० ओटै कथाहरूमा समेटेका छन् । यस श्रद्धाको फूल कथासंग्रहको पहिलो कथा 'नियत' कथामा रहेको कथावस्तुको समयोजनमा ग्रामीण सामाजिक परिवेशमा घट्ने घटनाको यथार्थ चित्रण छ । यसमा सन्नतीको जन्म गरीव परिवारमा हुने दाशीका रुपमा नजिकैको धनी व्यक्ति छ्वाकेको घर जानु दुःख पाउनु तर पनि हिम्मत नहार्नु, अन्त्यमा सन्नतीको विवाहा क्याप्टेनको लाहुरे छोरासंग हुन र भाग्य सफल भनेर कथानक टुङग्याइएको छ । ममता कथामा विद्यार्थी कटकिटीमा हुनसक्ने घटना तथा मानवले मानवसंग गर्नुपर्ने मानवतावादी दृष्टिको विषयवस्तु समेटिएको छ । बटुवामा मानव जीवनलाई एक बटुवाको संज्ञा सहित सहरमा हुनसक्ने अनेक अभद्र व्यावहारहरू तथा अवसरहरूको विषयवस्तु समेटिएको छ । 'कुठाराघातमा' उदयमान वालप्रतिभा माथि गाउ समाजमा हुने दमनको उल्लेख छ । पृथकतामा एकै आमा, वाका सन्तानमा हुन सक्ने भिन्न भिन्न स्वाभाव, 'नसिवमा' उदण्ड व्यावहारको पतन तथा कर्मको फल राम्रो हुन्छ भने विषय छ । अनिष्ठमा धन र दैतलको पछि लाग्ने युवतिहरूले भविष्यमा भोग्नु पर्ने कष्ठ छ । विरन्तरीमा नियतिले भाग्य चिप्लीएकी भुन्टीको विसंगत र पिढामय जीवनको चित्रण छ । विभेदमा दुई दुई छोरा एक धर्म पुत्र तथा अर्का आफ्नै छोरा प्रति परिवारले हेर्ने दृष्टिकोण तथा दुई छोराले देखाएको अभिभेदकारी व्यावहारको चित्रण छ । भने यस कथाको प्रमुख तथा अन्यमा रहेको १० औ श्रृङ्खलाको कथा श्रद्धाकोफूल कथामा वालसखा र सखीहरूको मनोविज्ञान बुझ्न नसक्नु, सहरका सुविधा तथा यस संगै दुर्घटनाका र वाल सखामा जन्मेको समर्पणको चित्रण यस कथामा रहेको छ ।

यी संग्रहमा संग्रहित रहेका १० ओटै कथाहरूको समग्र कथा वस्तुको स्रोत सामाजिक विषय वस्तु नै रहेको छ । कथानाकको आयोजनाका हिसावले आदि, मद्यय र अन्यको रेखिक शैलीका आयोजना गरीएको छ । जस्ले गर्दा कथाको क्रमश पञ्च सान्धीको नियमलाई अनुसरण गरीएको बुझ्न सरल र सुवोध्य किसिमको कथानकको आयोष्तना हुनु यस कथा संग्रहमा रहेका कथाहरूको कथाको विषय वस्तुगत बैसिष्ठ्यता हो ।

५.४.१.२ चरित्र/पात्र

चरित्र वा पात्र कथाका लागि अनिवार्य तत्व हो । परम्परागत कथा मान्यता अनुसार कथाका चरित्र वा पात्रको जुन स्थान थियो अहिले आएर चरित्रको भूमिका कथामा सर्वेपरि भएको छ । आधुनिक समीक्षा शास्त्र अनुसार कथाको चरित्रको आधार भएको छ । सवै कथाको संग्रहमा संग्रहित रहेका १० कथाका चरित्रहरूमा नियतकफ सून्नरी छवाके, क्याप्टेन, छोरो, भून्टी 'ममताको' वहिनी, अनू, दाई, सागर, फटाहा केटाहरू, वटुवाका रिचन, रोहीला, गुण्डा, फटाहा, 'कुढाराधात'को प्रमोत सन्ध्या, मुख्या, 'पृथकता'को डीजीसा, डेभिल, डीलीसा, आमा, वुवा नेसिवाका प्रशान्त, जोहन, रीना 'विरान्तरीमा' भूण्टी, वहिनीहरू, भाई, विभेदका डइीता र सिमनत, छोराहरू सुसन र सुजन तथा श्रद्धाको फूल कथामा प्रयुक्तरहेको सगुन आरती र प्रेक्षा जस्ता पात्रहरू समावेश गरीएका छन् । यी पात्रहरू हाम्रै गाउँ समाजमा भेटीने नाम तथा व्यक्तिहरू नै हुन भने कतिपय व्यक्ति तथा नामहरू पश्चिमी नाम जस्ले खलपात्रइी भूमिकामा देखा पर्छन् । भने सून्नती, अनू, सागर, रीचन, प्रभाव सुसन तथा सगुन जस्ता पात्रहरू यी कथाहरूका मूल तथा सत पात्रहरू हुन् ।

आद्युनिक समीक्षा शास्त्रीहरूको मान्यता अनुरुप चरित्रमा स्रष्ठाले हस्तक्षेप गर्नु हुदैन त्यसको चरित्रगत प्रकृतिको विकाश संगै घटना क्रम अगाडी बड्न दिनु पर्छ भन्ने मान्यता अनुरुप हेर्दा यी माथिका प्रयुक्त पात्रहरू स्वतन्त्रता पूर्ण आफ्नो चरित्रको प्रदर्शन गर्न पाएका देखिन्दैन्न वरु घटना क्रमका आधारमा श्रष्ठाले आफ्नो योजना अनुसार पात्रलाई दाश बनाउन खेजेको देखिन्छ । जस्ले गर्दा चरित्र वा पात्रगत आयोजनाको दृष्टिले यी कथाहरू त्यति प्रभावकारी देखिन्दैनन् ।

५.४.१.३ दृष्टिविन्दु

स्रष्ठाले आफ्नो भाव वा बीचार कृतिमार्फत् पाठक समक्ष प्रस्तुत गर्ने प्रकृया नै दृष्टिविन्दु वा सश्रष्ठाले पाठक समक्ष आफ्नो भाव वा बीचार कृतिमार्फत प्रस्तुत गर्ने प्रकृया वा पद्धतिले कथा कृतिको कलामूल्यमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले दृष्टिबिन्दुलाई आधुनिक कथाका एक अनिवार्य तत्वकारुपमा लिइएको हो । यसै सन्दर्भमा 'श्रद्धाको फूल' कथा

संग्रहमा रहेका १० ओटा कथाहरूमा श्रेष्ठाले दृष्टिविन्दुका प्रथम पुरुष तथा तृतीया दुवै दृष्टिबिन्दुको प्रयोग गरेका छन् ।

'श्रदाको फूल' कथासंग्रहमा स्रग्रहित रहेका कथाहरूमा पहिलो श्रृङ्खलाका रुपमा रहेको नियत, कथाका तृतइाी पुरुष/बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग पाईन्छ । ममता दोस्रो श्रृङ्खलाको कथा हो । यसमा प्रथम पुरुष/परिधेय दृष्टिविन्दुको प्रयोग रहेको छ । तेस्रो कथा बकुवामा प्रथम पुरुष केन्द्रिय दृष्टिविन्दुको प्रयोग छ । यसमा समाख्यता पात्र केन्द्रिय पात्र पनि हो चौथो कुठाराघात कथामा तृतइी पुरुष/बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग गरीएको समआख्याता कथा भित्रको पात्र नभएर एक वाहिरवाट टिपणी गर्ने पात्रका रुपमा रहेका छन् । पाँचौ कथा पृथकतामा तृतइी पुरुष/सर्वदर्शीबाट दृष्टिकोणको प्रयोग गरीएको समाख्याता सर्वदर्शा तथा टिपणी कर्ताका रुपमा रहेका छन् । छैटौ कथा 'नसीवैंमा पनि तृतइाी पुरुष/सर्वदर्शी बाध्य दृष्टिविन्दुको रुपमा रहेको छ । सातौं कथा विरन्तरीमा तृतइाी पुरुष/वाध्य दृष्टिविन्दु 'अनिष्ठ' आठौं कथामा पनि तृतइी पुरुष/वाध्या दृष्टिविन्दु नौं कथा विभेदमा पनि यही दृष्टिविन्दु र दशै कथा 'श्रद्धाको फूल' कथामा प्रथम पुरुष/आन्तारिक सिमित दृष्टिविन्दुको प्रयोग गरीएको समाख्याता पात्र आन्तारिक पात्र भएर पनि केन्द्रिय पात्रको सहयोगी भूमिका मात्र पाएका छन् ।

यसरी श्रद्धाको फूल कथा संग्रहमा संग्रहित रहेका कथाहरूमध्ये 'ममता' र श्रद्धाको फूलकथाहरू प्रथम पुरुष/आन्तरीक परिपेक्ष दृष्टिविन्दु वटुवामा प्रथम पुरुष/आन्तारिक तथा केन्दिय दृष्टिविन्दु वाध्य सर्वदर्शी तृतीय दृष्टिविन्दुको प्रयोग गरीएको छ ।

५.४.१.४ सारबस्तु

कुनै कथाकृति पढिसके पटि समग्रमा हामी त्यसबाट जुन भावार्थ वा अभिप्राय पाउँदछौ, त्यही नै सारबस्तु हो । यसै सन्दर्भमा श्रद्धाको फूल कथासंग्रहमा संग्रहित रहेका १० कथाहरूले दिने भावर्थ वा अभिप्रायलाई ठम्याँउदा यी १० कथाहरूको सारबस्तु निम्नानुसार रहेको छ ।

| क.सं. | कथा | सारबस्तु |
|---|---|---|
| १. | नियत | चाहेर भन्दा पनि नियतिले निर्देश गरेको बाटोमा हिड्नु पर्छ । |
| २. | ममता | मान्छेमा हुनै पर्ने गुणहरू मध्ये ममता पनि एक हो तर माया ममतामा अल्झेर कर्तव्य पथ भूल्नु हुन्न। |
| ३. | बटुवा | जीवन, यात्रा हो । यात्राका क्रममा सु अवसरमा मातिनु हुदैन, आफ्नो नैतिकता र आदर्शको संधै रक्षा गर्नु पर्छ । आदर्श पक्षको सधै सुभ हुन्छ । |
| ४. | कुठाराघात | जस्तो सुकै विसम परिस्थितिमा पनि आफ्नो कर्तव्य पथमा अडिरहनु सक्नु पर्छ । |
| ५. | पृथकता | एकै आमा वावुका सन्तानहरू पनि फरक-फरक स्वभावका हुन सक्छन् |
| ६. | नसिव | धनको उन्मादले मातिन हुन्न, धन हातको मैलो हो, कुनै पनि क्षण पखालिन सक्छ । |
| ७. | विरान्तरी | आह्नालो लागेको मृगलाई वाच्छोले पनि लखेट्दछ । |
| ८. | अनिष्ठ | धनको पछि दौड्ने वास्तविकता नबुझ्ने स्त्री भविष्यमा धोका खान्छिन् । |
| ९. | विभेद | विभेदहिन समाजको स्थापना गर्नु नै सर्वश्रेष्ठ मानव जातीको उत्तम गुण हो । |
| १०. | श्रद्धाको फूल | सहरमा सुविधामात्र होइन दुर्घटना पनि छ । सेवा सुविधाको नाममा वाल मनोविज्ञानमा चोट दिनु हुदैन । |

यो कथा संग्रहमा संग्रहित रहेको १० कथाका यीनै सारबस्तुहरू सामाजिक जन-जीवन, लोककोक्ती उखान आदिमा आधारित रहेका छन् । यीनै सारबस्तुलाई उचित कला सृजना गरी यी १० कथाहरूका निर्माण गर्न पुगेका हुन् ।

५.४.१.५ रुप-विन्यासका आधारमा

कथाका संरचनात्मक तत्वहरूको उचित समायोजनाबाट कथाले आकार प्राप्त गरीसकेपछि त्यसलाई उचित कला मूल्य दिनका लागि आवश्यक भाषा शिल्प र शैलीगत उचित विन्यास वा समायोजन गर्नुलाई रुप-विन्यास भनीन्छ । वा भाषिक रुप पक्षको उचित विन्यासलाई रुप विन्यास भनीन्छ । रुप विन्यास पनि दुई किसिमका हुन्छन् । १. संवृत २।

विवृत । संवृत रुपविन्यासमा कथाकार सरल अभिव्यक्ति तर्फ उन्मूख हुन्छ र उसले आफ्नो कथाको संरचनाका पछि रुपविन्यासलाई लगाउछ भने विवृत रुपविन्यासमा विशिष्ठ अभिव्यक्तितर्फ लगतार यात्रारथ रहन्छ र उसले आफ्नो कथाको हाराहारिमा वा समानान्तर रुपमा रुपविन्यासको प्रयोग गरीएको हुन्छ । यस हिसावले सगुन सुसाराका श्रद्धाको फूल कथा संग्रहमा संग्रहित रहेका १० कथामा प्रयुक्त हुन आएका भाषाकोशिल्प र शैलीगत पक्षलाई हेर्दा सरल अभिव्यक्तितर्फ उन्मूख छन् । यस संग संगै कथाका संरचनाका पछि भाषिक विन्यासको वा भाषको समायोजनको पक्षमा रहेकाले यी कथाहरूमा प्रयुक्त सबै कथाका सबै भाषा संवृत रुपविन्यासको प्रयोग रहेको छ ।

५.४.२. बीचारधारागत आधारमा

बीचारधारागत दृष्टिबाट श्रदाको फूल कथा संग्रहमा संग्रहित रहेका दश कथाहरूमा समाजमा व्यपक रहेको सामाजिक विषयवस्तु संग सम्बन्धित घटना, समाजका जीवन्त पात्रहरूका साथै सामाजिक जनजिवनकै परिवेशको यदार्थ उद्धान संग संगै यी प्राय सबै कथाहरू विरन्तरी वाहेका अषलकार्य वा आदर्शको पक्षमा वकालत गरेका छन् । जसले गर्दा यी कथाहरूमा पाइने विचार धारागत दृष्टिले सामाजिक आदर्शवादी विचारधाराका रहेका छन् । भने विरान्तरीमा मूर्तताबाट अमूर्ततातर्फ उन्मूख छ । यसर्थ यहाँ माङफूनको कायकल्प सङ्ग्रहमा प्रयुक्त बीचाधारा समातेको छ, निष्कर्षमा पुग्न सकिने देखिन्छ ।

५.४.३.शीर्षक सार्थकता दृष्टिमा यिनका कथाहरू

सगुनका श्रद्धाको फूल कथा संग्रहमा जम्मा १० कथाहरू संग्रहित रहेका छन् । यी कथाहरू हुन -'नियत', ममता, बटुवा, श्रद्धाको फूल पृथकता, नसीव, विरान्तरी, अनिष्ठ, विभेद, श्रद्धाको फूल आदि यी सबै कथाहरूले सामाजिक यदार्थ विषयवस्तुलाई नै आंगिकार

गरेका पाईन्छ । भने यी सबै कथाहरूको शीर्षक चयनका सन्दर्भमा पनि सामाजिक विषय र सन्दर्भ संग मेल खाने किसिमका शब्दहरूको चयन गर्दै प्राय एकै शव्दका शीर्षकहरूको समायोजन गरेका छन् । भने श्रद्धाको फूलकथाको शीर्षक चाहि 'श्रद्धाको फूल' गरी दुई शब्दको समायोजन गरी शीर्षक राखेका छन् ।

श्रद्धाको फूल कथा संग्रहमा संग्रहित रहेका कथाहरूको शीर्षक र विषयवस्तुमा समायोजनको पक्षलाई अध्यान र विश्लेषण गरेर हेर्दा, नियत कथामा 'नियत' शीर्षक व्यक्तिमा हुने गुण, असल वा खराब राम्रो या नराम्रो भन्ने अविधागत अर्थे समायोजना गरीएको छ । वा यस नियत कथामा रहेको विषयवस्तुमा पनि असल नियतको विजय र खराव नियत भएकाहरूको पतन भएको यो सबै आ-आफ्नै नियतको परिणम हो भन्ने कथाको विषयवस्तुगत निष्कर्ष आएकाले यस बीच शीर्षक र विषयवस्तु बीच सामान्जस्यता रहेको छ । 'ममतामा' ममता शीर्षकले दिने अर्थ जस्तै कथामा दाजु वहिनी तथा आमावावु बीचको ममताको सम्बन्ध देखाएर शीर्षक तथा कथावस्तुगत समानजस्यता कायम रहेको देखिन आएको छ । बटुवा कथामा मानव जीवन नै यात्री वा बटुवाको रुप हो भनीएको छ । कुढाराधात कथामा भने राम्रा काम गर्न खोज्ने नव प्रतिभाहरू प्रति गरीने नराम्रो व्यावहार जो समाजबाटै हुन्छ । भन्ने विषय वस्तु भने यसमा सार्थक छ । भने यस कथाले दिने अभिप्राय चाहि जस्तोसुकै कठिन परिस्थीतिमा परे पनि कर्तव्यलाई विर्सनु हुन्न भन्ने कथाको अभिप्रायसंग भने यस कथा र कथाका शीर्षकले सामानजस्यता राखेको देखिन्दैन् । पृथकता कथामा शीर्षकले भने झै एकै परिवारका सन्तानमा देखापरेको पृथक पृथक व्यावहार तथा परिवारले गर्ने व्यावहारमा पनि पृथक पृथक देखिन आएकाले यसको शीर्षकीय समायोजन उचित नै ठहरिन आएको छ । नसिब कथामा नविस नसिव शव्दको अर्थ कार्य कैसल, मिहेनत, कुनै पनि कार्य प्रतीको इमान्दारीता भन्ने हुन्छ र यसकथामा पनि राम्रो नसिब भएका पात्रको सफलता तथा खराब नसिब भएका वा नसिब नभएकाहरूको पतन भएकाले नसिब कथाको कथाशीर्षक नसिब उचितनै ठहरिन्छ । विरान्तरी कथामा विरन्तरी कथा शीर्षक विरन्तरी विन+अन्तर+ई, अन्तर शब्दमा वि उपशर्ग तथा 'ई' प्रत्यय लागि वनेको शब्द विरन्तरी शब्दले, विभेदरहित, समान, दृष्टिकोण भन्ने अर्थको समायोजन गर्दछ ।तर

कथामा मूलपात्र भुण्टीले आफ्नो वुवाआमाको शेष पछि ज्यादै दुःखले हुर्काएका भाई र वहिनीहरूको विभेदपूर्ण व्यावहारले दुरनईीति भोग्न वाध्य भएकी छन् भ्कूण्डी, यसर्थ यसमा कथाको शीर्षक र कथाको विषय वस्तुको छुट्टै वाट  हिडेको बोध हुन आउदछ । अनिष्ठ कथामा अनिष्ठशब्दले दिने अर्थ कुनै दैविक घटना, घट्नु भन्ने भएर पनि यसकथामा भने उचित समयमा उचित सोच, बीचारका अभावले भविष्यमा धोका पाएकी स्त्रीको विषयवस्तु समेटिएबाट यस कथामा अनिष्ठका ठाउँमा अरुनै शीर्षक समायोजन गरे ठिकै हुने हो कि भन्ने देखिन्छ । विभेद शीर्षककथाको शीर्षकले भेदभाव हुन भन्ने अर्थ घोतन गरे पनि कथा दाजुभाईका बीचमा देखापरेको अभिवेदी सन्दर्भले विषयवस्तुको विपरीत शीर्षक र शीर्षकको विपरीत कथाको विषयवस्तु कुदेको देखिन आएको छ भने अन्तमा यो कथाको मूल शीर्षक वा संग्रहित कथाकै नाम पाएको कथा श्रद्धाको फूल कथामा श्रद्धाकोफूल भन्नाले श्रद्धा, स्नेहा, माया, प्रेम पूर्वक फूल भन्ने हुन्छ । यस कथामा  प्रेम र स्नेहको फूल वा श्रद्धाको फूलस्वरुप आरतीले प्रेक्षलाई 'श्रद्धाको' फूल स्वरुप सगुनलाई सुम्पेर आफ्नो अस्तित्वलाई समाप्त गर्नुबाट यो शीर्षक र कथाको विषय वस्तु बीच सामानजस्यता रहेको पाईन्छ ।

यी समस्त कथाहरूमा रहेको कथाको कथा शीर्षक तथा विषयवस्तुको अध्यान, विश्लेषण पछि, कतिपय कथाहरूका विषयवस्तु तथा शीर्षक बीचमा सामान्जस्यता नरहेकाले, यस कथा संग्रहमा संग्रहित कथाको शीर्षक समायोजनमा आंम्सिक रुपमा मात्र सफल देखिन्छन् ।

५.५ सगुन सुसाराका कविता, गजल, ताङ्का र कथाका क्षेत्रमा यिनको प्राप्ति र मूल्याङ्कन

सगुन सुसाराले साहित्यका विविध विधाहरूमा कलम चाएका छन् । विशेष गरेर यीनले कविता, गजल, ताङ्का र कविताका क्षेत्रमा कलम चलाएको कुरा यिनको विभिन्न कृतिहरूको अध्यान, विश्लेषणद्वारा थाहा हुन आइसके पछि यीनले कलम चलाएका यी विभिन्न साहित्यका विधा उपविधाहरूबाट यीनले प्राप्त गरेका उपलब्धि र तिनको मूल्याङ्कन निम्नानुसार क्रमश गरिन्छ ।

### ५.५.१ सगुनले कविताका क्षेत्रमा गरेका प्राप्ति र तिनको मूल्याङ्कन

श्रद्धाको फूल कथा संग्रह २०५६ लाई प्रकाशनमा ल्याएर नेपाली साहित्यका क्षेत्रमा औपचारिक रुपमा प्रवेश गरेका सगुन सुसाराले आफ्ना विभिन्न फूट्कर लेख तथा कविताहरू विभिन्न साहित्य पत्रपत्रिकाहरू मार्फत प्रकाशनमा ल्याउन्दा ल्याउँदै माङफूनको कायाकल्प (२०६४) कविता संग्रह लिएर यीनी देखा परे । यिनका यस कविता संग्रह भित्र जम्मा लामा छोटा गरी २३ कविताहरू संग्रहित सहेका छन् । यिनका विभिन्न पत्रपत्रिकामा आएका तथा कार्यक्रमहरू मार्फत सार्वजनिक भएका कविताहरू बाहेक यहा मूल रुपमा 'माङ्फूनको कायाकल्प' कविता संग्रहमा सङ्ग्रहित रहेका कविताहरूको अधान, विश्लेषणका क्रममा देखापरेको कविता कृतिको विशेषता र गुण स्थरमा नै सहि मूल्याङ्कन हुन्छ र त्यसैमा आधारमा कविता श्रष्ठाको स्थान समेत निर्धारण हुने गर्छ ।

सुसाराका माङ्फूनको कायाकल्प कविता संग्रहमा संग्रहित रहेका २३ कविताहरूको अध्यान र विश्लेषणका क्रममा, यसै कविता संग्रहमा साहित्य घोष्ण तथा प्रयोगका हिसाबले आएको देखिन्छ । मूलरुपमा यो कविता संग्रह उत्तरवर्ती सोचको सिद्धान्तलाई घोषणाका रुपमा ल्याएका छन् । भने अर्को तर्फ उत्तरवर्ती सोचको प्रयोग कविताका क्षेत्रमा कसरी प्रयोग हुन्छ  त ? भन्ने प्रश्नको उत्तर वा दृष्टिका रुपमा यी कविताहरू आएका देखिन्छ ।

सिद्धान्त, घोषणा तथा प्रयोगका रुपमा आएका कविताहरूमा केही नवीन शिल्प, शैली तथा सैद्धान्तिक अवधारण देखा परेका छन् । यस अन्तर्गत नेपाली साहित्यको मूल प्रवाहमा जातइी तथा संस्कृति र ऐतिहासिक विषयहरू विशेष किंरातीहरूको जातइी, संस्कृतिक पक्ष र ऐतिहासिक मिथक, पुराणहरू तथा विविध विषयवस्तुहरूलाई ल्याउन खोज्नु र प्रयोग गर्नु कवितामा विभिन्न प्रकृति तथा जातइी मिथक, विम्व र सक्तिशाली प्रतीकहरूको आयोजना गर्नु । भाषशैलीमा आञ्चालीकताको व्यापक प्रभाव देखाउनु साथै दुर्वोध्य र अमूर्त भाषाशैली तथा किंराती भाषाद्वारा प्रभाव गर्नु कविताको शीर्षक र विषयवस्तु बीच प्रतिगात्मक सम्वन्ध स्थापित गर्नु तथा समस्त कविताहरू किंराती ऐतिहासिक विषयको आलोकमा वर्तमानलाई समात्न खोजेको छ ।

यी विभिन्न विशेषताका साथ यसमा देखा परेका यिनका कवितागत प्राप्तिका रुपमा नेपाली कविताका क्षेत्रमा केही नवीन शिल्प शैलीको प्रयोग आउनु आदिवासी विशेषकिंराती संस्कृतिमा आधारित विषय नेपाली साहित्यको मूल प्रभावहमा मिसाउन खोज्नु, कवितामा विभिन्न मिथक, विम्व र प्रतीकहरूको आयोजनाले कविता लेखन तथा माङ्फूनको कायाकल्पमा संग्रहित २३ शक्तिशाली कविताहरूले नेपाली कविताको वर्तमान इतिहासमा प्रयोगगत तथा सिल्प शैलीगत हिसाबले एक महत्वपूर्ण स्थान दिने कविताका रुपमा यिनको मूल्याङकन गर्न सकिन्छ ।

## ५.५.२.सगुनले गजल र ताङ्काका क्षेत्रमा गरेका प्राप्ति र मूल्याङ्कन

साहित्यका विविध विधाहरूमा कलम चलाउने सगुन सुसाराले गजल र ताङ्काका क्षेत्रमा पनि विशेष रुपले कलम चलाएका छन् । गजलका क्षेत्रमा मलाई माया गर्ने मान्छे २०६६ गजल संग्रह सहित यिनि देखा परे भने पुनः 'मिथक, विम्व र प्रतीक' २०६८ ताङ्का संग्रह लिएर यीनी देखा परेका थिए । मलाई माया गर्ने मान्छे गजलसंग्रहमा यिनका ४८ गजलहरू देखापरेका छन् ।भने 'मिथक, विम्व र प्रतीक' १९८ ताङकाहरू रहेका छन यिनका गजल संग्रहले समेटेको विषयका रुपमा प्रेम प्रणयसंग सम्बन्धित प्रेम प्रेमीकाका बीचमा हुने दुखेसो र सुखेसोको कुरा कतै वर्तमान अवस्था प्रतीकको, वित्रिष्णा तथा ताङ्काले किंरात जातइी विभिन्न मिथक, विम्ब र विभिन्न प्रकृति विम्ब र प्रतीकको प्रयोग गरीएको छ ।

गजलका क्षेत्रमा परमपरागत गजलको मूल्यमान्यतामा आधारित रहेर गजलहरूको कुसल रचना गर्नु तखलुसा तथा केही संरचना तर्फ प्रयोगको लालस देखिनु तर पनि गजल स्थापित गजलको मूल्य प्राप्त गर्नु, गजल, सरल, सहज, संगीतिक तथा कलात्मक हुनु गजल क्षेत्रमा यिनको प्राप्ति हो भने जापानी भूमिका प्रयुक्त ताङ्काका मान्य सिद्धन्तमा आधारित रहेर जापानी कसैटीमा नेपाली ताङकाको स्वाद नेपाली पाठकलाई दिनु सक्नु यिनको मूल प्राप्ति हो ।

गजलका क्षेत्रमा परमपरागत गजलको मूल्य मान्यतामा आधारित रहेर गजलहरूको कुसल रचना गर्नु तखलुसा तथा केही संरचना तर्फ प्रयोगको लालस देखिनु तर पनि गजल स्थापित गजलको मूल्य प्राप्त गर्नु, गजल, सरल, सहज,संगीतिक तथा कलात्मक हुनु गजल

क्षेत्रमा यिनको प्राप्ति हो । जापानी भूमिका प्रयुक्त ताङ्काका मान्य सिद्धान्तमा आधारित रहेर जापानी कसैटीमा नेपाली ताङ्काको स्वाद नेपाली पाठकलाई दिनु सक्नु यिनको मूल प्राप्ति हो ।

गजल तथा ताङ्का कविताका क्षेत्रबाट हेर्दा, गजलका क्षेत्रमा 'मलाई माया गर्ने मान्छे' मा ४८ कलात्कम तथा स्थापित मूल्यमान्यतामा आधारित हुनु । 'मिथक,विम्व र प्राप्तिमा' १९८ ताङ्काहरू संग्रहित रुपमा आउनु तथा यसमा रहेका सबै ताङ्का जापानी मूल्य मान्यता अनुरुपको नेपाली भाषको ताङ्काको प्रयोग हुनु आदिले यिनलाई गजल तथा ताङ्काका इतिहासमा महत्वपूर्ण योगदान दिने गजलकार तथा ताङ्का र व्यक्तित्वका रुपमा मूल्याङ्कन गर्ने सकिन्छ ।

### ५.५.३.सगुन सुसाराले कथाका क्षेत्रमा गरेका प्राप्ति र तिनको मूल्याङ्कन

सर्वप्रथम सगुन सुसाराले कथा लेखनको माध्यमद्वारा साहित्यमा प्रवेश गरेका हुन् । विद्यार्थी समय देखि नै साहित्यका साधनामा लागि परेका यीनले 'श्रद्धाको फूल' २०५६ कथा संग्रह प्रकाशनमा ल्याएपछि नै साहित्यका क्षेत्रमा यीनले औपचारिक यात्रा सुरु गरेको हो । यिनको यो कथा संग्रहमा जम्मा १० कथा संग्रहित रहेको छ । समग्र यी कथाहरूको अध्यान विश्लेषबाट हेर्दा यिनका कथाहरू समयगत हिसाबले आभ्यासिक चरणका तथा साहित्य सृजनाको पूर्वाध चरणमा लेखिएका कथाहरू हुन । यो समय वा यिनको साहित्य यात्राको प्रथम चरण भनेकै पनि आभ्याशिक भन्ने निष्कर्ष गरीएकोले यी आभ्याशिक चरणका यी यिनका कथाहरू केही कम्जोर किसिमका छन् । यिनका 'श्रद्धाको फूलमा' संग्रहित १० कथा वाहेकका अन्य खास कथा पनि नभेटिएकाले यिनै १० कथाका आधारमा यिनका प्राप्ति र अप्राप्तिको समग्र मूल्याङ्कनगत निश्कर्षमा पुग्नु पर्ने हुन आउदछ, यसर्थ माथि गरीएको विस्तृत अध्ययन तथा विश्लेषणका माध्यमबाट यिनका प्राप्तिका रुपमा सामाजिक विषयवस्तुलाई यदार्थ रुपमा कथामा चित्रण गर्नु सक्नु, कथाहरूमा आदर्शको पुट देखापर्नु, सरल सहज भाषशैलीको प्रयोग गर्नु ग्रामिण समाज तथा पश्चिमी संस्कृति संक्रमणले छोएका समाजका विविध पात्रहरूको कथामा जीवन्त चित्रण गर्नु सक्नु यिनको मूल प्राप्ति हुन् । भने आधुनीक कथागत मूल्य मान्यताका आधारमा यिनका मिथकहरूले पूर्णतय

विकाश हुन नसक्नु, चारित्रिक विकासमा कमजोरिपना, संवादगत कम्जोरी कथावस्तु संयोजनगत कम्जोरी आदि यिनका कम्जोरी या अप्राप्तिका रुपमा रहेका छन् ।

सगुन सुसाराका समग्र प्राप्ति तथा अप्राप्तिको चर्चा 'श्रद्धाको फूल' कथाको आधार पृष्ठमा गरीसके पछि यीनमा केही सफलता केही असफलता तथा बीचार धारागत दृष्टिकोण मूलत सामाजिक यदार्थवाद र उनका कथामा देखिन आउने प्राय आदर्शको पुटले यीनलाई नेपाली कथाका इतिहासमा आंसिक रुपमा सफल एक सामाजिक यथर्तावादी आदर्शवादी कथाकार व्यक्तित्वको रुपमा यिनको मूल्याङ्कन गर्न सकिन्छ ।

✡✡✡

# छैटौं परिच्छेद

## ६.१. उपसंहार

सगुन सुसाराको जन्म निम्न वर्गीय गरीब परिवारमा भएको थियो । यिनको बाल्यकाल त्यति सहज तरिकाले वित्न पाएन तर पनि नियमित अनियमित रुपमा शिक्षा क्षेत्रलाई निरन्तरता दिने काम गरे भने यस क्षेत्रलाई अझ जारिनै राखेका छन् । यीनले हाल सम्म समाजशास्त्र तथा मानवशास्त्रमा एम.एड. इ.पि. एम.मा.एम.एड. सम्मको अध्ययनलाई पूर्ण गरीसकेका छन् । यिनको अहिलेसम्म कुनै पनि पेशा व्यावशायमा संलग्न रहेका देखिएको छैन्, त्यसैले साहित्य सृजना तथा साधनामै छन् भन्न सकिन्छ । यिनको अहिले एक श्रीमती सुजता राई र एक छोरी नायुमा सहित तीन परिवारको बसाई अस्थायी रुपमा पाचँथर फिदिममा रहेको छ ।

निम्न वर्गीय परिवारमा जन्मिएका सगुनका कष्टमय बालापन तथा विद्यार्थीताका विभिन्न समस्या तथा वेवस्था वाध्यताहरू झेल्दै खारिदै विभिन्न जातइी समाज, संस्कृति तथा वर्गीय समाजको तथाकथित परिवेशमा आफ्ना विभिन्न अनुभवहरू सँगाल्दै वर्तमान समाज प्रति आफ्नो जातीको ऐतिहासिक पृष्ठभूमिको आलोकबाट सहमति र असहमतिको पक्षधरतामा साहित्य सृजना तथा चिन्तन तर्फ आफ्ना अमूल्य समयको उत्सर्जन गरेका छन् । यसै क्रममा गहुगोरो वर्ण, मध्यम उचाई, फूर्तिला तथा खीरिल्ला देखिने शारीरिक व्यक्तित्व भएका यीनी साहित्यका विभिन्न विधामा कलम चलाएका विभिन्न खेलकुदमा संलग्न रहेका तथा सामाजिक संघ संस्थामा समेत संलग्न रहेका बहुमुखि प्रतिभाका धनी व्यक्तित्व हुन् । यिनका भावि दिनहरूमा शिक्षालाई निरन्तरतानै दिने तथा साहित्य चिन्तन र सृजनालाई उत्सर्गमा पूऱ्याउने उच्च अभिलाषा लिएर बसेका छन् ।

बहुमुखि प्रतिभाका धनी व्यक्तित्व सगुन सुसरा विशेष गरेर अहिल सम्म एक साहित्यिक व्यक्तित्वकै हैसियतले विशेष चिनिन्छन् । यी व्यक्तित्व यस क्षेत्र तर्फ 'श्रद्धाको फूल' कथा संग्रह २०५६ मा प्रकाशनमा ल्याई सार्वजनिक गरेपछि नै औपचारिक रुपमा यस

क्षेत्रमा यीनले प्रवेश गरेका हुन् । यो यिनको साहित्य क्षेत्रमा प्रवेश सँगै अहिले सम्म यस क्षेत्रलाई निरन्तरतानै दिएका छन् । यस हिसाबले अहिलेको समय सम्म आइपुग्दा करिब १४/१५ वर्षमा औपचारिक समय तथा २०५६ अगाडि अभ्यासिक चरण गरी १८/२० वर्ष सम्मको यिनको साहित्य तर्फको यात्रा कायम भई सकेको देखिन्छ । यस समय अवधि सम्मको जम्मा यिनको समयावधिलार्य दुई चरणमा विभक्त गरीएको छ । स.२०५६ 'श्रद्धाको फूल' कथासंग्रह प्रकाशनको समय सम्मको अवधिलाई प्रथम चरण तथा आभ्यासिक चरण र २०५६ यताको समय दोस्रो चरण जुन उर्वर चरण तथा परिपक्व समयको रुपमा लिइएको छ । यस चरणमा यिनका तीन कृतिहरू देखापरेका छन् । यीन कृतिहरू प्रथम चरणका कृतिका तुलनामा बढी प्रभाव पूर्ण रहेका छन् ।

सगुनको 'माङफूनको कायाकल्प' (२०६४) कविता संग्रह सबै कृतिका तुलनामा सबल देखिएको यिनको दोस्रो साहित्य यात्रामा देखा परेको कृति हो । यो कृतिमा २३ कविता हरू रहेका छन् । यो कृतिमा रहेका २३ वटै कविताहरूको मूल विषयवस्तुगत पृष्ठभूमिका रुपमा आदिवासी जनजाती विशेष किराँतीहरूको ऐतिहासिक विषय सामाजिक तथा संस्कृति पक्ष आदिको विषयलाईनै लिएको पाइन्छ । विभिन्न ऐतिहासिक तथा संस्कृति मिथक विम्ब र शक्तिशाली प्रतीकहरूको प्रयोग गरीएको यी कविताहरू गहकिला छन् तर दुर्वोध्यताले निकै निचोरिएका पनि छन् । भाषाशैलीगत अर्मूतता तथा आञ्चलीकताको व्यापक प्रभावले भाषाशैलीमा झनै दुर्वोध्यता रहन गएको छ । वैदिक तथा किँराती जातीका जानकारहरूलाई भने यिनका कविता धेरै स्पष्ट र मिठास छन् । यो कविता संग्रहमा संग्रहित कविताहरूको मूल आसय भनेको परम्परागत एकात्मक शासन व्यवस्था, संस्कृति तथा भाषा साहित्यको विरोध गरी सबै क्षेत्रमा बहुदलवादी स्वाअस्तित्वको दावी गर्नु रहेको छ । साहित्यको मूल प्रवाहमा आदिवासी जनजातीका जातइी र संस्कृतिक विषय वस्तु पनि अटाउनु पर्छ भन्ने मान्यताहरू नै यिनका कविताहरूले बोकेका छन् ।

सगुनको अर्को 'मलाई माया गर्ने मान्छे' (२०६६) गजल संग्रह साहित्य यात्राको दोस्रो चरणको दोस्रो कृतिको रुपमा देखा पर्दछ । यिनका यो गजल संग्रह भित्र जम्मा ४८ जगलहरू संग्रहित रहेका छन् । यी समस्त गजलहरूले समेटेको विषय क्षेत्र भनेको गजलको

मान्य परमपरा अनुसारको प्रेम प्रेमिकाकै प्रेम प्रणयमा मूलत केन्द्रित छ भने अर्कातिर समसामयीक विषयवस्तुलाई पनि गजलको विषयवस्तुका रुपमा ग्रहण गरीएको पाइन्छ । गजलको मान्य सिद्धान्त अनुरुप गजल प्रगीतात्मक हुनुपर्ने, वोध्य र सरल सहज भाषशैली हुनुपर्ने तथा लघु आयाममा संरचित हुनुपर्ने जस्ता मान्यताहरू स्वीकारेर सरल भाषशैलीको प्रयोग संगीतात्मक गजलको रचना गरेर पूर्ण गजल परम्परालाई आत्मसाथ गर्दा गर्दै पनि यीनले तखलुसाको प्रयोगमा एउटै नानुको सबै गजलमा प्रयोग गर्नु तथा ४८ औ गजलको आयममा अस्वाभाविक आयम तथा आख्यायीक परिढाँचामा झिनो कथानक भेटिनु आदि कविका यस कविताहरूमा प्रयोगिक लालचाका रुपमा देखा परेको छ ।

सगुनको दोस्रो चरणको तेस्रो कृतिका रुपमा स. २०६८ मा मिथक, बिम्ब र प्रतीक ताङमा कविता संग्रह देखा पर्छ । यो संग्रहमा जम्मा १९८ ताङकाहरू संग्रहित रहेका छन् । यी ताङकाहरू ताङकाको मान्य परम्परा अनुसारको संरचनात्मक आयाम बोकेका छन् । ५-७-५-७-७ को आयममा संरचित रहेका यी सङ्ग्रहमा रहेका लघु आयमिक स्वरुप प्राप्त ताङकाहरूले जीवन जगतका व्यापक विषय वस्तुलाई समेट्न सकेको देखिन्छ । अझ ताङ्कामा यीनले व्यापक रुपमा जातइी मिथक विम्ब तथा प्रतीकहरूको माध्यमबाट भाषशैली तथा ताङ्काको अर्थगत शक्तिलाई व्यापक र शक्तिशाली बनाइदिएका छन् । सगुन सुसराको चौथो कृतिका रुपमा देखा परेको 'श्रद्धाको फूल' कथा संग्रह २०५८ मा प्रकाशित भएको थियो । यो कथा संग्रह कृतिगत हिसाबले चौंथो, स्थानमा रहे पनि प्रकाशनका दृष्टिले प्रथम कृति हो भने साहित्य यात्राका दृष्टिले पनि प्रथम चरणमा देखा परेको कृति हो । यो कृति प्रथम चरणको आभ्यासिकन कालको कृति हो । यस कृतिमा जम्मा दशकथाहरू संग्रहित रहेका छन् । यी सबै कथाहरूले ग्रामिण सामाजिक परिवेश तथा यर्थाथ विषयवस्तुलाई कथाका विषयवस्तुका रुपमा समेटेका छन् । यसका साथै सामाजिक आदर्श स्थापनाका लागि समेत लागि पर्न खोजेको पुट कथाहरूमा देखिएकाले यीनलाई सामाजिक आदर्शवादी कथाकारका रुपमा लिइन्छ भने अर्कातिर यिनका कथागत संरचनाका क्रममा देखा परेका कथा वस्तुको संरचनामा सन्तुलन देखिनु, चारित्रगत विकाशमा बाधा आउनु,

भाषीक स्थरको उचित संयोजनको अभाव जस्ता कमजोरीहरू यिनका कथाका क्षेत्रमा देखापरेका छन् ।

सगुन सुसाराको शसक्त कृतिहरूमा देखपरिका विशेषता गुण, अवगुणका आधारमा कृतिगत स्थान निर्धारणमा पहिलो कृतिको रुपमा 'माङ फूतको कायकल्प' कविता त्यसपछि 'मलाई माया गर्ने मान्छे' गजल कृति र ताङमा संग्रह त्यसैगरी निम्न स्तरमा 'श्रद्धाको फूल कथासंग्रह पर्दछ । यिनै कृतिहरूका माध्यमद्वारा बहुमुखी प्रतिभाका रुपमा एक साहित्यिक श्रष्ठा सगुन सुसारा भन्ने निष्कर्ष यसमा रहेका छ ।

✡✡✡

## ६.२.सम्भावित शोधशीर्षकहरू

सगुन सुसाराका सम्बन्धमा अन्य विशेष जानकारीका निम्ति भाष, साहित्य र इतिहासकार एवम् जिज्ञासुहरूलाई निम्न लिखित शोधकार्य गर्न सकिने सम्भावित शोध शीर्षकहरू हुने परिकल्पना गरी केही निर्देश सम्भावित शोधशीर्षकहरूको गरेको छु ।

क) सगुन सुसाराको कविता कृतिहरूको अध्यन ।

ख) सगुन सुसाराका कविता कृतिहरूमा मिथक प्रयोग ।

ग) आख्यान कृतिहरुको अद्यान र विश्लेषण ।

✡